# डेविड ब्राइनेर्ड

(१७१८ – १७४७)

**Based On:**

**DAVID BRAINERD**

**Missionary To The Indians**

**By**

**WILLIAM B.O. PEABODY**

## प्रकाशक
**ट्याबरनेकल अफ गड मिनिस्ट्रीज**
**बाह्रबिसे - ९, सिन्धुपाल्चोक,**
**नेपाल**
**Visit us @ www.togmission.com**
**email: togmission@gmail.com**

पहिलो प्रकाशन : २०७१ (2014 A.D.)
प्रति : १०००
(शुद्धाशुद्धिको साथ)

अनुवादक : के. एम. दास
लिपिक : बच्चु गजमेर र शंकर बिश्वकर्मा
टाइपिङ : शंकर बिश्वकर्मा

A Life Biography of David Brainerd
(The Men Whom God Trusted)

# विषय सूची


| विषय | पृष्ठ |
|---|---|
| भूमिका | ४ |
| १. उद्धार र सेवाको सुरुवात | ७ |
| २. रातो भारतीहरूको बीचमा सेवा | १७ |
| ३. सेवामा कठिनाइहरू | ३३ |
| ४. भारतीहरूको बीचमा जागृति | ४९ |
| ५. जीवनको अन्तिम समयहरू | ६७ |

# भूमिका

उहाँको मृत्यु हुँदा उहाँ २९ वर्षको मात्र हुनुहुन्थ्यो। उहाँको चिहानमा राखिएको ढुङ्गामा "स्टक बृज, डेलवेर र सस्क्वुहेनामा भएका भारतीहरूको विश्वासयोग्य र परिश्रमी मिसनरी" भनी मात्र लेखिएको छ। तर यथार्थमा, डेविड ब्राइनेर्डको जीवन बलिदानको प्रभाव त्योभन्दा पनि धेरै परसम्म सारा विश्वभरि नै फैलिएको थियो, अहिलेसम्मको अरू कुनै मानिसको जीवनभन्दा बढी मानिसहरूलाई ख्रीष्टिय सेवा गर्न चुनौती दिने जीवन उहाँको नै थियो। उहाँले २१००० किलोमिटर घोडामा सवार गरेर सेवा गर्नुभएको थियो। उहाँले लेख्नुभए दैनिकीहरूले आजको दिनसम्म मानिसहरूलाई ख्रीष्टको निम्ति दुःख भोग्न उत्साह दिइरहेका छन्।

उहाँको बारेमा वेश्लीले (John Wesley) बोल्दा, "हरेक प्रचारकले डेविड ब्राइनेर्डको जीवन चरित्रलाई ध्यानसित पढोस्" भनी भन्नुभएको थियो, र आफ्ना सहकर्मीहरू सबैलाई ब्राइनेर्डको जीवन चरित्रको किताब बाँड्नुभएको थियो।

आजको अवस्थामा कुनै पनि मिसनरी संस्थाले ब्राइनेर्ड जस्ता कमजोर मानिसहरूलाई सेवाको लागि स्वीकार गर्दैन। उहाँ क्षयरोगी हुनुहुन्थ्यो, र त्यही रोगको कारणले २९ वर्षको उमेरमा नै बित्नुभयो। जवान उमेरदेखि मृत्युसम्म नै साह्रै कमजोरी र रोगी हुनुहुन्थ्यो, उहाँले आफ्नो उच्च विद्यालयको पढाइलाई पनि पूरा गर्न पाउनुभएन।

यस्तो व्यक्तिको जीवनद्वारा परमेश्वरले भारतीहरूको जीवनमा ल्याउनुभएको जागृति महान् थियो। उहाँको सेवाको रहस्य एकान्तमा परमेश्वरको अगाडि गरिने प्रार्थना नै थियो। ख्रीष्ट येशूले जसरी उहाँले भारतीहरूलाई बचाउन सक्ने परमेश्वरलाई आँसु र क्रन्दनसहित अन्तर्विन्ती चढाउनुभयो। आफैलाई नै जिउँदो बलिको रूपमा अर्पण गरेको उहाँको जीवन चरित्रको किताबलाई पढेर धेरै मानिसहरूले

ख्रीष्टको सेवामा आफूलाई अर्पण गरे, जसमध्ये विलियम केरी (William Carey) र जिम एलिएट (Jim Elliot) जस्ता समर्पित सेवकहरू पनि हुनुहुन्थ्यो।

पढ्ने हामी हरेकले पाउने चुनौती यही नै हो, कि हामीले हाम्रो सेवाहरूको लागि कति समय प्रार्थनामा बिताइरहेका छौँ? प्रार्थनाहीनको कुनै पनि सेवाले परमेश्वरको महिमालाई प्रकट गराउँदैन। ख्रीष्ट येशूले पनि आफ्नो दिनका सेवाहरूको लागि रातका समयहरूलाई प्रार्थनामा बिताउनुभयो।

हाम्रो प्रार्थना यही हो कि, पढ्ने हरेकले ब्राइनेर्ड जसरी नै आफ्नो जीवनलाई जिउँदो बलिको रूपमा ख्रीष्टको लागि अर्पण गरुन्।

परमेश्वरले तपाईंहरू सबैलाई आशिष् दिउन्।

"यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर।" रोमी १२: १

# धन्यवाद

हाम्रो ख्रीष्ट येशूको महिमा, र विश्वासीहरूको भक्ति वृद्धिको लागि भनी गरिएको यो काम सम्पन्न हुन प्रार्थना र सहायता गर्ने हरेकलाई हामी धन्यवाद दिन चाहन्छौँ। कम्प्युटरसम्बन्धी हरेक सामग्री प्रयोग गर्ने अनुमति दिएर सहायता गर्नुभएको लागि केतु सेकेन्डरी स्कुल बाह्रबिसेलाई पनि धन्यवाद दिन चाहन्छौँ।

टिप्पणी: यो किताबमा प्रयोग भएको भारती भन्ने शब्दले अमेरिकाको आदिवासी जाति रातो भारतीलाई (Red Indian) सङ्केत गर्दछ, जसलाई अमेरिकाको कालो जाति भनेर पनि चिनिन्छ।

## अध्याय – १

# उद्धार र सेवाको सुरुवात

ख्रीष्ट येशूप्रतिको भक्तिको जीवनद्वारा प्रख्यात भएका मानिसहरूको बीचमा थोरै व्यक्तिहरूले मात्र मिसनरी ब्राइनेर्डले पाएको इज्जतभन्दा बढी इज्जत पाएका छन्, तर उहाँको व्यक्तिगत जीवनको इतिहासको बारेमा थोरै मात्र जानकारी मानिसहरूले पाएका छन्। उहाँको प्रसिद्धि, उहाँले पाएको दुःख र कष्टको ज्ञानमा आधारित नभएर खाली साम्प्रदायिक बन्न पुगेको छ। हामीले इतिहास हेर्दा शुद्ध र उच्च ईश्वर–भक्ति भएका व्यक्तिहरूलाई पाउन सक्छौँ, जसको सफलता पनि महान् थियो; तर ब्राइनेर्डको इतिहास, कुनै दृष्टिकोणले उहाँको अनौठो स्वभावले गर्दा, अनौठो हुन पुग्यो, जुन स्वभावले गर्दा उहाँ आफूभित्र र बाहिर शत्रुहरूको सामना गर्नुपर्थ्यो, साथै आफ्नो मनमा विभिन्न शङ्का र डर हुँदाहुँदै पनि ख्रीष्टको लागि अरूहरूको मन जित्न प्रयास गर्नुपर्थ्यो।

अन्य जातिहरूको बीचमा सुसमाचार सुनाएका व्यक्तिहरूको बीचमा प्रायजसो धेरै मानिसहरू एक बलियो र निडर आत्माद्वारा सञ्चालित भएर कठिनाइहरू, र खतराहरूलाई सामना गरेको हामी देख्न सक्छौँ। तिनीहरू रमाउँदै ख्रीष्टको क्रूसको युद्ध गर्न अघि बढेका थिए। तर उहाँमा त्यस्तो प्रकारको कुनै पनि आफैलाई थाम्ने आत्मिक शक्ति हामी देख्न सक्दैनौँ। उहाँको आत्मा स्वाभाविकै नरम थियो। उहाँले काममा हात हालेको कारणचाहिँ आफ्नो घरमा हुँदा उहाँमा भएको आत्मिक युद्धको कारण होइन, उहाँको स्वभाव र इच्छासँग मेल खाएको कारण पनि होइन, तर उहाँले आफ्नो कर्तव्य भनी विश्वास गर्नुभएको कारण मात्र हो। यो उहाँमा भएको कारण दैनिक रूपमा उहाँले धेरै कुरालाई बलिदान गर्नुभयो; आफ्नो इच्छा र चाहना, आफ्नो घर र साथीहरू, आफ्नो सुख विलास र अन्तमा आफ्नो जीवन; यसरी उहाँले आफ्नो जीवनलाई वेदीमा अर्पण

गर्नुभयो।

सन् १७१८ अप्रिल २० तारिखमा डेविड ब्राइनेर्ड कनेक्टीकट प्रान्तको हाडम (Haddam) भन्ने ठाउँमा जन्मनुभएको थियो। उहाँको आमाबुबा, उहाँहरूको राम्रो अवस्था र स्वभावको कारण समाजमा आदरणीय हुनुहुन्थ्यो। उहाँको बुबा चर्च समितिको सदस्य हुनुहुन्थ्यो; उहाँकी आमा, सतावटको समयमा बेलायतबाट अमेरिकामा सेवाको लागि आएको एक जना सेवककी छोरी हुनुहुन्थ्यो। त्यो सेवक जोसिलो, निडर र भक्तिको स्वभाव भएको व्यक्ति हुनुहुन्थ्यो, जुन स्वभावहरूलाई आफ्ना नानीहरूको (ब्राइनेर्डको आमाको) जीवनमा पनि स्थापित गराइदिनुभएको थियो। यसरी सतावटका समयहरूलाई सामना गरी आएको र ख्रीष्टीय विश्वास खाली नामधारी मात्र नभएर जीवनको आधार भएको आमा–बुबाबाट सिकेको ब्राइनेर्ड निश्चय नै सानो उमेरदेखि नै ख्रीष्टीय विश्वासमा गहिरो इच्छा भएको व्यक्ति हुनुपर्थ्यो। त्यो प्रभावले उहाँमा काम गरी ख्रीष्टको सेवामा आफैलाई अर्पण गर्न लगाएको हामी देख्न सक्छौँ, जुन कुराले उहाँलाई पछिका समयहरूमा आफैलाई इन्कार गरी, कठिन परिश्रमसहित प्रभावशाली तरिकाले सुसमाचार प्रचार गर्ने प्रचारकको रूपमा स्थापित गरायो। ब्राइनेर्डको जीवनमा सानो उमेरमा नै धार्मिक जीवनको प्रभाव परेको असल भयो, किनकि उहाँ लामो समय आफ्नो आमा–बुबाको हेरचाहमा रहन पाउनुभएन।

उहाँको बुबा उहाँ ९ वर्षको हुँदा नै बित्नुभयो। त्यसपछिको ४ वर्ष भित्रमा नै आमा पनि बित्नुभयो। तर पनि ब्राइनेर्डको ३ जना दाजुहरू हुर्केर समाजमा आदरणीय व्यक्तिहरू भए। ब्राइनेर्डको मृत्युपछि उहाँको भाइ मिसनरी भएर भारतीहरूको बीचमा काम गर्नुभयो, र न्यू जेर्सीमा भएको भारतीय चर्चको पास्टर भएर आफ्नो दाइको परिश्रम र त्यसको फललाई देख्नुभयो। ब्राइनेर्डले सानो उमेरमा नै आफ्नो अभिभावकलाई गुमाए तापनि उहाँहरूले इमानदारीसाथ आफ्नो कर्तव्य निभाएको कारण उहाँको विश्वास वर्षहरू बित्दै जाँदा बलियो हुँदै गयो। उहाँको आमा–बुबाले उहाँलाई आफ्नो ख्रीष्टीय जीवनको प्रभाव छाड्नुभएको होइन,

जुनचाहिँ रुखबाट काटेर ल्याएको अङ्गहरू राखेर बगैँचा बनाएको जस्तै मात्र हुन्थ्यो। समय बित्दै जाँदा त्यो सुकेर नष्ट हुन्छ, तर उहाँहरूले ख्रीष्टिय प्राथमिक सिद्धान्तहरूको असल बिउ रोपेर जानुभयो, जुनचाहिँ समय बित्दै जाँदा हुर्केर बलियो हुँदै जान्छ। उहाँले सानो उमेरदेखि नै आफ्नो कर्तव्य के हो भनी खोज्नुपर्छ र त्यसअनुसार काम गर्नुपर्छ भनी निर्णय गर्नुभएको थियो। उहाँको आमा–बुबाले उहाँसँग लामो समय बिताउनुभएको भए, अरूको वास्ता गरेर आफूलाई बेवास्ता गर्नुहुँदैन भनी सिकाएर उहाँको भक्तिलाई नियन्त्रणमा ल्याउन सक्थे होलान् ! तर त्यस्तो विचार नलिने डेविडले आफ्नो परिश्रममा आफ्नो जीवनलाई नै बलिको रूपमा चढाउनुभयो। उहाँको जीवन चरित्र पढ्ने हरेकले यो कुरा थाहा पाउँछन्, कि उहाँको रोग र मृत्युको कारण उहाँले आफूलाई बेवास्ता गरी सधैँ सेवामा आफूलाई खतरापूर्ण परिस्थितिहरूलाई सामना गर्न दिनुभएको कारण नै हो। उहाँले आफैलाई इन्कार गरी आफ्नो इच्छा, चाहनालाई त्यागी आफ्नो कर्तव्य पूरा गर्नुपर्छ भन्ने मनोभावनाले उजाड जीवन बिताइरहेको आशारहित मानिसहरूको बीचमा आफैलाई दिनुभयो। सुरुदेखि अन्त्यसम्म नै उहाँले आफ्नो लागि होइन, तर अरूको लागि र आफ्नो कर्तव्यको लागि जिउनुभयो। यस्तो प्रकारको बलिदान जुनसुकै मानिसले गरे तापनि महान् हुन्थ्यो, तर उहाँको जीवनमा त्योचाहिँ झनै महान् भयो।

उहाँ सानो उमेरदेखि नै धेरै सोच्ने स्वभाव भएको व्यक्ति हुनुहुन्थ्यो। उहाँ ७–८ वर्षको हुँदा नै मृत्युसम्बन्धी विचारले उहाँलाई गाह्रो बनाएको कारण बाल्यकालको सबै सुखलाई त्यागेर बढी समय प्रार्थना र अध्ययनमा बिताउनुभएको थियो। पछिल्ला समयहरूमा त्यो भक्तिको भावना कमजोर भएको भेटिएन। सन् १७३२ मा उहाँकी आमाको मृत्युपछि उहाँ अनाथ हुनुभयो र बेसहाराका वर्षहरूमा जिउनुभयो। यसले उहाँलाई पछिका समयहरूमा कठिन परिश्रम, दुःख र असफलताहरूको सामना गर्नुपर्दा पनि आफ्नो भक्तिलाई नगुमाईकन जिउन सहायता गर्‍यो।

उहाँकी आमाको मृत्युपछी, उहाँ हाडमको पूर्वतिर सरेर बस्नुभयो;

जहाँ उहाँले ४ वर्ष बिताउनुभएको थियो। अरू जवान मानिसहरूलाई खिँच्ने कुनै पनि कुराको अगाडि उहाँ झुक्नुभएको थिएन, यदि कतै कहिल्यै उहाँ खेलकुदमा समय बिताउनुभयो भने त्योचाहिँ उहाँको विवेकमा पाप समान देखिन्थ्यो, र उहाँलाई गाह्रो बनाउँथ्यो। आफ्नो कर्तव्य के हो भन्ने कुरा राम्रो नबुझेको अवस्थामा नै आफ्नो कर्तव्य तुरुन्तै पूरा गर्नुपर्छ भन्ने सोचले उहाँ दुःखित हुनुहुन्थ्यो। उहाँलाई जवानीपनको अभिलाषाले छुन सकेन। धार्मिक जीवनको लागि आफैलाई इन्कार गरी भक्तिको मार्गमा जीवन जिउनुभयो। यद्यपि सधैँ आफैलाई दोष लगाउँदै अझै भक्तिको जीवन जिउन चाहनुहुन्थ्यो। यसरी सधैँ एकान्तमा जिउने व्यक्ति भएर कसैलाई मनको कुरा नबाँडी जिउनुभएको थियो। उहाँ १९ वर्षको उमेरमा पुगुन्जेल शिक्षाको लागि त्यस्तो वास्ता गर्नुभएको थिएन। खेतबारीमा उहाँले परिश्रम गरिरहनुभएको थियो, त्यति बेलादेखि मण्डलीको सेवक बन्ने इच्छा जागेपछि आफ्नो परिश्रमको बीचमा पढाइलाई पनि ध्यान दिन थाल्नुभयो। उहाँले सधैँ आफ्नो विचार, व्यवहार, र बोली वचनलाई ध्यान दिएर जाँच्नुहुन्थ्यो। तर पनि आफू ख्रीष्टको सेवक हुनका लागि योग्य नभएको ठानी आफैलाई दोष्याउनुहुन्थ्यो। सन् १७३८ मा २० वर्षको हुँदा उहाँ आफ्नो ठाउँको सेवक मिस्टर फिस्केसँग रहन जानुभयो, उहाँले ब्राइनेर्डमा भएको परिपक्वता देखेर उहाँलाई आफूभन्दा ठूलो उमेर भएका परिपक्व मानिसहरूसँग नै सम्पर्कमा रहने परामर्श दिनुभयो। दैनिक रूपमा धर्मशास्त्रलाई अध्ययन गर्नुभयो, र आफ्नो अधिकांश समयलाई गुप्त प्रार्थनामा बिताउनुभयो।

उहाँ आत्मामा धेरै दुःखित र अन्धकारमा हुनुहुन्थ्यो। उहाँ आफूले उद्धार नपाएको महसुस गर्दै आफू नरकमा जान सक्छु भन्ने सोचले पीडित हुनुहुन्थ्यो। आफ्नो वरिपरि भएका चराचुरुङ्गी र जनावरहरूमा भएको खुसीयाली देखेर उहाँ डाही हुनुभयो, कति पटक ख्रीष्टीय मार्ग भन्ने शब्दलाई नै घृणा गर्न पुग्नुभयो।

तर एउटा खुसीयालीको दिन आयो। उहाँ सधैँ घुम्न जाने जङ्गलमा रहँदा, अचानक शब्दहरूले व्याख्या गर्न नसकिने एउटा महिमित

अनुभवलाई आत्मामा महसुस गर्नुभयो। त्यो ठूलो ज्योति भएर उहाँलाई खुसीले भऱ्यो, र उहाँले परमेश्वरलाई एक नयाँ तरिकाले बुझ्न थाल्नुभयो। उहाँ यस्तै अवस्थामा नै समय बितेर गएको थाहा नपाउँदै रातीसम्म रहनुभयो; पछि उहाँले आफू नयाँ संसारमा भएको महसुस गर्नुभयो। दुःखमा परेको उहाँको आत्मालाई त्यो एउटा ठूलो खुसीको छुटकारा थियो। पछिका समयहरूमा उहाँलाई कहिलेकाहीँ पहिले जस्तै आत्मामा कष्ट बोक्ने समयहरू आए तापनि ती निरन्तरता पाउन सकेनन्।

उहाँ सन् १७३९ मा येल उच्च विद्यालयमा पढ्न जानुभयो। उहाँ अध्ययनमा यति समर्पित हुनुभयो, कि उहाँले आफ्नो स्वास्थ्यलाई पनि बिगार्नुभयो। उहाँ रगत छाद्न थालिसकेपछि पढाइलाई त्यागी घर फर्किन बाध्य हुनुभयो। केही समयपछि स्वस्थ भएर जाडो महिनामा फेरि उच्च विद्यालयमा भर्ना हुनुभयो।

यतिखेरको समयमा नै न्यू इङ्ल्याण्डमा जर्ज ह्वाइटफिल्ड (George Whitefield) आइपुग्नुभयो। उहाँको मान र इज्जत युरोपबाट फैलिएर आएको थियो, उहाँलाई उत्सुकतापूर्वक निम्तो दिइएको थियो। चर्चका धेरै अगुवाहरूले न्यू इङ्ल्याण्डमा भएको धार्मिक अवस्थामा असन्तुष्ट थिए, र ती अवस्थाको परिवर्तनको लागि धेरै प्रयास गरिरहेका थिए। उनीहरूको यो प्रयासमा सहायता गर्नको लागि तिनीहरूले ह्वाइटफिल्डलाई निम्तो दिएका थिए। उहाँ आउँदा, कट्टर धार्मिक शैलीलाई त्यागेर साधारण मानिसजस्तै तिनीहरूको बीचमा आउनुभयो। उहाँको सरल भाषा र वाक्पटुताद्वारा मानिसहरूको हृदयमा बोल्नुभयो। उहाँको स्वभाव र मधुर वाणीले त्यो समाजमा स्वतःस्फूर्त जागृति ल्यायो। उहाँ जहाँ-जहाँ जानुभयो, ती सबै ठाउँहरूमा मानिसहरूको आत्मामा आगो लगाइदिनुभयो, र मानिसहरू जागृतिको आगोमा बल्न थाले। उहाँलाई पछ्याउनेहरू भक्ति र जोशको मात्र नभएर ती जागृतिमा सहभागी नहुनेहरूलाई हेयको दृष्टिले हेर्ने स्वभावको लागि पनि चर्चित थिए। यो आगो देशभरि फैलिँदै गयो, र ब्राइनेर्डको आत्मा पनि बल्यो। उच्च विद्यालयका कुनै पनि अधिकृतहरूले यो जागृतिलाई स्वीकार

गरेनन्, त्यसमा सहभागी हुन पनि उत्साह दिएनन्, तर विद्यार्थीहरू आफै यसमा सहभागी भए, र उनीहरू यति जोशिलो भए कि आफूभन्दा माथिका अधिकारीहरूको अघि अनाज्ञाकारी पनि भए।

प्रेसिडेन्ट एडवर्ड भन्नुहुन्छ, "एउटा अनियन्त्रित अविवेकी जोस कसैले थाहा नपाउने गरी यो जागृतिमा सामेल भयो। जागृति यति महान् थियो, कि त्यहाँका मानिसहरू वा अगुवाहरूले साँचो जागृति र त्यो सँगै फैलिरहेको झुटो प्रभावलाई छुट्याउन सकेनन्। लामो समयदेखि सुसमाचार प्रचारकको रूपमा प्रसिद्धि पाएका सेवकहरू समेत यो झुटो प्रभावमा परे।" परिस्थिति यस्तै हुँदा ब्राइनेर्डलाई पनि यसले असर पार्नु स्वाभाविक नै थियो। तरै पनि उहाँ त्यो अनियन्त्रित र अविवेकी जोशप्रति बेखुशी नै हुनुहुन्थ्यो। यो कुराको बारेमा उहाँले पछिबाट बुझ्नुभयो, र पछिका समयहरूमा होसियारी अपनाउनुभयो। यी समयहरूमा आफ्नो मनको अवस्थाको बारेमा उहाँले लेखिराख्नुभयो, तर उहाँ मृत्युशय्यामा हुँदा यो कुराको बारेमा बढी खोजी हुन्छ भन्ने कुरा बुझेर आफ्नो दैनिकीबाट ती पानाहरूलाई छुट्याएर नष्ट गर्न लगाउनुभयो, र आफ्नो जीवनको बारेमा थाहा पाउने इच्छा भएकाहरूलाई यहाँ दिइएको शब्दहरूबाट एउटा निर्णयमा आउने इच्छा व्यक्त गर्नुभयो, :–"अनियन्त्रित र निर्लज्ज जोस भक्तिको आत्मामा सामेल हुँदैन।"

उहाँको यो जोशले उहाँलाई समस्यामा पुऱ्यायो। यो नयाँ सिद्धान्तप्रति कलेजले बोकेको डाहा र उहाँका साथीहरूको आत्मिक घमन्ड, यी दुवैको कारण उहाँ थिचोमिचोको शिकार बन्नुभयो। उहाँ प्रार्थना कोठामा साथीसँग कुरा गरिरहेको बेला एउटा नयाँ विद्यार्थीले त्यो कुरालाई सुन्यो, जुन कुराहरूको कारण उहाँलाई उच्च विद्यालयले अपराधी ठहरायो। ब्राइनेर्डले त्यति बेला आफ्नो एउटा शिक्षकको बारेमा यसो भन्नुभएको थियो, "उहाँ यो कुर्सीभन्दा बढी इज्जतको हुनुहुन्न।" त्यो नयाँ विद्यार्थीले यो कुरालाई त्यो सहरको एउ स्त्रीलाई, ब्राइनेर्डले उच्च विद्यालयको एउटा अधिकृतको बारेमा भन्नुभएको हो भनी सुनायो। स्त्रीले त्यो कुरालाई उच्च विद्यालयको प्राचार्यलाई सुनाइन्, उहाँले त्यो नयाँ विद्यार्थीलाई

सोधपुछ गरेर कुरा पक्का गर्नुभयो, र ब्राइनेर्डलाई बोलाएर सबै विद्यार्थीहरू र अधिकारीहरूको अगाडि यो पापको लागि क्षमा माग्नुपर्छ भनी आदेश दिनुभयो। ब्राइनेर्डले यो आदेशको अघि झुक्न इन्कार गर्नुभयो। ब्राइनेर्डले इन्कार गर्नुभएको कारण र नयाँ सिद्धान्तमा सामेल हुनुभएको कारण उहाँलाई उच्च विद्यालयबाट निष्कासन गरियो।

उच्च-विद्यालयको प्रशासन ह्वाइटफिल्डको सफलताप्रति खुशी थिएन। तिनीहरूले, नयाँ सिद्धान्तले मानिसहरूलाई आफ्ना अगुवाहरूबाट अलग पार्छ, र झुटा मानिसहरूलाई ठाउँ दिएर समाजको जग भएको धार्मिक विधिहरूलाई नष्ट पार्छ भन्ने कुरालाई कारणको रूपमा देखाउँथे। समाजमा नयाँ ऐनहरू बनाएर सबै कुरालाई आफ्नो नियन्त्रणमा राख्ने प्रयास गरे।

यो कुराले उहाँको मनलाई जति दुखाए पनि त्यसले उहाँको इज्जतलाई कुनै पनि असर पारेन। उहाँ आफ्नो सेवकाईको लागि तयार हुने क्रममा अगाडि बढ्नुभयो। साथीहरूको सान्त्वनाले उहाँलाई बलियो बनायो, तर उहाँको प्राथमिक खुसीको स्रोतचाहिँ मानिसहरूबाट अलग भएर जङ्गलको भित्री भागहरूमा प्राकृतिक कुराहरूको बीचमा समय बिताउनुमा नै थियो। उहाँले ती सबै कुराहरूलाई हेर्दा आफ्नो सृष्टिकर्ता त्यसद्वारा प्रकटीकरण भएको र आफू परमेश्वरको नजिक भएको महसुस गर्नुहुन्थ्यो।

उहाँको मनको अवस्थाचाहिँ सधैँ नै बद्ली रहन्थ्यो। कुनै बेला आफू एकदमै अयोग्य र पीडित भएको र जिउन पनि योग्य नभएको साथै मर्न पनि अयोग्य भएको अनुभवले आत्मामा चिसो भएर निराश बन्नुहुन्थ्यो। तर कोही बेला एकदमै उत्साहित भएर आत्मामा ज्योति चम्केको अनुभवले भरिनुहुन्थ्यो। यो अवस्थामा नै बेला–बेला मानिसहरूको सम्पर्कमा नै नआईकन दिनभरि एकान्तमा बिताउने गर्नुहुन्थ्यो।

सन् १७४२ मा उहाँ २४ वर्षको हुँदा सुसमाचार प्रचार गर्नको लागि चर्च समितिबाट उहाँलाई परीक्षण गरी अनुमति पत्र दिएको थियो। बिच–

बिचमा आउने छोटो अवधिको खुसीलाई मात्र अनुभव गरेको उहाँको दुःखित र निराश भएको मन र उहाँको अस्वस्थपन यी दुवै बाहिरी सेवाहरूमा परिश्रम गर्न उहाँको लागि बाधा भयो। तर उहाँले आफ्नो सेवा सुरु गर्दा सुन्नेहरूको हृदयलाई प्रभाव पार्ने आफ्नो क्षमता देखेर अलि हल्का महसुस गर्नुभयो। उहाँको प्राथमिक इच्छा, अन्यजातिहरूको बीचमा सुसमाचार प्रचार गर्नु थियो, त्यस्तै भएकोले नै उहाँ यो पवित्र काममा लाग्नुभयो। त्यसमा उहाँको पहिलो प्रयास केन्ट भन्ने ठाउँमा भएका भारतीहरूको बीचमा थियो। उहाँ काम सुरु गर्नुभन्दा अघि धेरै चिन्तित हुनुभएको थियो, त्यो कामको बोझ देखेर होइन, तर त्यसलाई गर्न आफैलाई अयोग्य ठान्नुभएको कारण थियो। उहाँ आफैले आफैलाई दुष्ट आत्मा जस्तै अयोग्य देख्नुभयो। उहाँ भन्नुहुन्छ, "दुष्ट आत्माहरूभन्दा पनि अझ अयोग्य"; आफूलाई ढुङ्गाले हानेर मार्नको सट्टामा धैर्यसाथ मानिसहरूले प्रचार सुनेर बसेको देखेर उहाँ आश्चर्यचकित हुनुभएको थियो। सुन्ने मानिसहरू उहाँको अगाडि हुँदा करले भए पनि उहाँले स्वतन्त्रता र शक्तिसहित प्रचार गर्नुहुन्थ्यो। त्यो दयालाग्दो भारतीहरू उहाँको जोसले प्रभावित भएर बलियो भावनासहित उहाँको प्रचार सुने। यो सफलताले उहाँलाई कहिल्यै नभएझैँ उत्साहित बनायो।

उहाँ यसरी प्रचारको क्रममा 'न्यू हेभन' भन्ने ठाउँमा आइपुग्नुभयो, जहाँ उहाँको कलेजका साथीहरू थिए। तर त्यहाँको परिस्थिति यति कठिन थियो, कि उहाँलाई भेटेको खण्डमा कैद गरिने सम्भावना थियो। उहाँ धेरै निराश हुनुभयो, आफ्ना साथीहरूलाई भेट्न नसकेपछि गाउँमा घर भएको एउटा साथीसँग बस्न जानुभयो। उहाँको मन सधैँ नै एकातिर केन्द्रित भएको थियो, उहाँले दैनिकीमा लेखेअनुसार दुई महिनासम्म हरेक दिनलाई उहाँले आफ्नो जीवनको अन्तिम दिन हुन सके भने मात्र त्यसलाई स्वागत गर्न सक्ने अवस्थामा हुनुहुन्थ्यो; आफ्नो जीवनदेखि निराश भएकोले होइन, तर स्वर्गको आनन्दलाई चाहेर हो, जुनचाहिँ सधैँ उहाँको प्राणको अगाडि थियो। उहाँ प्रचार गर्न पुलपिटमा जानु अगाडि उहाँको शरीर र मन दुवै उहाँलाई धोका दिन सक्ने अवस्थामा देखा परे पनि आफूले बोल्नुपर्ने विषयद्वारा उत्साहित भएर, सुन्नेहरूका हृदयलाई

प्रभाव पार्नुहुन्थ्यो। त्यो परिणाम देखेर उहाँ छक्क पर्नुहुन्थ्यो। तर रात पर्दा आफू परमेश्वरकहाँ जानको लागि पर्खिनुपर्ने दिनहरूमा एक दिन घटेको सम्झेर रमाउनुहुन्थ्यो। उहाँले मृत्यु सम्मै आज्ञाकारी हुने निर्णय गर्नुभएको थियो, तरै पनि परमेश्वरकहाँ जाने दिनको लागि इच्छा गर्नुहुन्थ्यो।

नोभेम्बर महिनामा उहाँले प्रचार गर्ने अनुमति पाउनुभयो, र न्यू योर्कबाट एउटा चिठी प्राप्त गर्नुभयो, जसले उहाँको जीवनको दिशालाई बदल्यो। सोसाइटी फर प्रोपोगेटिङ ख्रीष्टियन नलेज संस्थाका कर्मचारीहरू त्यो सहरमा भेला भएका थिए, तिनीहरूले उहाँको क्षमताको बारेमा थाहा पाएर आफ्नो मिसनको उद्देश्य पूरा गर्न मिसनरी काममा उहाँलाई प्रयोग गर्ने इच्छा गरे। ब्राइनेर्डले लामो समयदेखि यही मौकाको लागि पर्खिरहनुभएको थियो, तर आफ्नो योग्यताको बारेमा उहाँलाई भएको शङ्का र आफूभन्दा उचित मानिसहरूको ठाउँलाई आफू लिँदै छु कि भन्ने डरले त्यो मौका उहाँलाई दिँदा त्यसबाट पछि हट्ने बनायो।

उहाँले आफ्ना केही साथीहरूबाट सल्लाह लिइसकेपछि न्यु योर्क जानुभयो, त्यहाँ संस्थाको अधिकृतहरूले उहाँलाई जाँचेर कठिनाइपूर्ण र धेरै जिम्मेवारीसाथ काम गर्नुपर्ने ठाउँहरूको लागि सबै दृष्टिकोणमा योग्य भएको देखे। तर अरूहरूको अनुमोदनले उहाँलाई बलियो बनाएन। उहाँले आफ्नो जिम्मेवारीलाई सोच्दा, आफू त्यसबाट पछि हट्नुपर्छ भन्ने महसुस गर्नुभयो। सेवाको लागि आफू अयोग्य भएको महसुस उहाँमा झन् बढ्दै गयो, र आफूलाई जिम्मा दिने व्यक्तिहरूलाई धोका दिएको महसुस पनि गर्नुभयो। उहाँले भन्नुभयो, “उहाँहरूले मेरो अवस्था थाहा पाउँदा कति निराश हुन्छन् होला! यस्तै उदास भएको अवस्थामा, शिक्षित मानिसहरूको बीचमा प्रचार गर्न बाध्य भएको छु, मेरो अयोग्यता र नीच अवस्थाले मलाई सेवामा सहभागी हुन गाह्रो बनायो, झन्डै त्यसले मलाई जित्यो। मैले अनन्तकालसम्म ती मानिसहरूको ऋणी भएको महसुस गरेँ, र परमेश्वरले उहाँहरूलाई आफ्नो अनुग्रहका इनामहरूले आशिष् दिउन् भनी इच्छा गरेँ।”

यी सबै कुरामा कुनै कपट थिएन, उहाँ इमानदार हृदय भएको मानिस हुनुहुन्थ्यो। यो उहाँको स्वाभाविक अस्थिर विचारहरूको कारणले भएको हो, र उहाँको निराशपन सहरको हल्लाले झन् बढ्दै गयो। भीडको बीचमा उहाँ एकान्तमा रहन पाउनुभएन, र आफूले सोच्न सजिलो हुने शान्त वातावरण भएको गाउँमा फर्किने इच्छा गर्नुभयो। यो जिम्मेवारीलाई लिन आनाकानी गर्ने खास कारण जिम्मेवारी लिँदा सामना गर्नुपर्ने कठिनाइहरू थिएन, तर आफ्नो योग्यतामा भएको अविश्वास नै थियो। उहाँले ख्रीष्टको सन्देश ती मरिरका जातिहरूको बीचमा लैजानको लागि लिएको तीव्र इच्छा जस्तो अरू कुनै कुराको लागि इच्छा गर्नुभएको थिएन। यो जिम्मेवारीले बलियो हृदय भएको मानिसमा पनि डर उत्पन्न गराउँछ, र आफूजस्तै नरम र स्वाभाविक कमजोर भावना भएको व्यक्तिलाई यो काम दुई गुणा कठिनाइपूर्ण हुन्छ भनी उहाँ जान्नुहुन्थ्यो। आफूले जीवनमा भोग्नुपर्ने दुःखलाई गरेको बेवास्ताले उहाँको नम्रता र दयालु स्वभावलाई देखाउँछ। प्रेरितहरू आफै पनि कठिनाइ र गरिबीपनलाई सामना गर्न उत्साहित थिएनन्, न त उहाँहरू सबै ऐसआराम, आनन्द र प्रसिद्धिलाई बलियो रूपमा अर्पण गर्न नै उत्साहित थिए, उहाँ पनि त्यस्तै हुनुहुन्थ्यो। उहाँले बोलावट पाएको सेवा अस्पष्ट थियो, र बेइज्जतिलो थियो, र मानिसहरूलाई निराश तुल्याउने खालको थियो। यो सेवाले कसैलाई आकर्षण गर्दैन थियो, **ती व्यक्तिहरू बाहेक जसको गवाही र कामको विवरण स्वर्गमा मात्र राखिन्छ।**

# अध्याय – २

# रातो भारतीहरूको बीचमा सेवा

यसरी सेवामा लागिसकेको ब्राइनेर्ड निःस्वार्थताको एउटा उदाहरण बन्नुभयो, जुन कुरालाई कुनै व्यक्तिहरूले अविवेकी निर्णय भनी ठान्थे। तर उहाँले शुद्ध र दयालु हृदयले आफैलाई भारतीहरूको सेवामा पूर्ण रूपमा अर्पण गर्ने निर्णय गरी त्यसरी नै जीवनको अन्तसम्म रहनुभयो। त्यसैले आफूलाई मिसनरीको रूपमा पाउने तलब बाहेक अरू कुराको आवश्यक पर्दैन भन्ने निष्कर्षमा आई आफ्नो बुबाले आफूलाई छोडेको सबै सम्पत्तिलाई कुनै एउटा जवान मानिसलाई शिक्षा दिनुमा प्रयोग गर्ने निर्णय गर्नुभयो, जो आफूपछि आफ्नो परिश्रममा सहभागी हुन आइपुग्छ। उहाँले तुरुन्तै यसको लागि स्रोतको व्यवस्था गर्नुभयो, र सिपालु एउटा जवान साथीलाई छानेर आफू जीवित रहुन्जेल सहायता गर्नुभयो।

उहाँ केही समयको लागि आफूजस्तै निःस्वार्थी हृदय भएको एक जना मिसनरी सर्जेन्ट (Sergeant) सँग रहन जानुपरेको थियो। सर्जेन्टचाहिँ येल उच्च विद्यालयमा हुँदा आफ्नो सबै इज्जत र आफूद्वारा उच्च विद्यालयले पाउन सक्ने उपयोगितालाई त्यागेर स्टकवृज (Stockbridge) मा भएको अपहेलित भारतीहरूको आँखा खोलिदिन र तिनीहरूलाई सभ्य बनाउन तिनीहरूको बीचमा जानुभयो। हर्वड उच्च विद्यालयको सहयोगी हलिसले, सर्जेन्टको प्रयास र उहाँको बलिदानको बारेमा सुनेर, भारतीहरूको भलाइको लागि आफूले गरिरहेको सहायताको साथमा सर्जेन्टलाई पनि वार्षिक तलब दिन इच्छुक हुनुभयो, तर आफ्नो उद्देश्यमा केन्द्रित भएको मिसनरीले आफ्नो कामको सफलताको लागि उहाँले गरिदिने प्रार्थनाबाहेक अरू कुनै कुरा उहाँबाट स्वीकार गर्न नसक्ने कुरालाई बताएर त्यो सहयोगलाई अस्वीकार गर्नुभयो।

संस्थाका अधिकृतहरूले ब्राइनेर्डलाई डेलवेर (Delaware) र सस्क्वुहेनामा भएका भारतीहरूको बीचमा पठाउने निर्णय गरेका थिए, तर त्यति बेला त्यहाँका भारतीहरू र तिनीहरूका छिमेकीहरूको बीचमा झगडा उत्पन्न भएको कारण त्यहाँ पठाउन त्यो समय अनुकूल भएन। त्यति बेला नै सर्जेन्टले पनि न्यू योर्कस्थित कनाउमीकमा (Kanaumeek) रहेका भारतीहरूको बीचमा भएको

मिसनरीको आवश्यकतालाई चिठीमार्फत जनाइदिनुभएको थियो। यो कारणले ब्राइनेर्डको गन्तव्य फेरियो, र उहाँलाई त्यति नै बेला जङ्गलको बीचमा बास गर्ने ती मानिसहरूको बीचमा पठाइयो।

उहाँको दैनिकीबाट हामी यो थाहा पाउन सक्छौँ, कि उहाँको स्वास्थ्य यो कामको लागि पूर्ण रूपमा अमिल्दो थियो। उहाँले बारम्बार आफूलाई रिँगटा लागेको, टाउको दुखेको र आफू उभिन नसक्ने गरी कमजोर भएको बताउनुभएको छ। उहाँ सेवामा लागिसकेपछि उहाँको जोसले उहाँलाई सहायता गर्‍यो, तापनि त्यो कामको लागि उहाँले आफ्नो स्वास्थ्यलाई मूल्यको रूपमा चुकाउनुपर्‍यो। उहाँले दैनिक रूपमा राख्नुभएका विवरणहरूले उहाँको स्वास्थ्य यो कामको लागि योग्य थिएन र उहाँ विश्राम लिनुपर्ने कमजोर व्यक्ति हुनुहुन्थ्यो भन्ने कुरालाई पनि देखाउँछ। उहाँले सधैँ परमेश्वरको यो पृथ्वीमा जिउन अयोग्य र सधैँको लागि कुनै पनि कामको लागि लायक नभएको आफ्नो उदास अवस्थाको बारेमा गनगन गर्नुहुन्थ्यो। कुनै बेला अनन्त मृत्युदण्ड भोगिरहेको व्यक्तिको पीडा आफूले अनुभव गरिरहेको कुरा बताउनुहुन्छ, र कुनै बेला मारिन लगिरहेको मानिस आफूभन्दा उत्तम हो भनी महसुस गर्नुभएको थियो। कुनै बेला उहाँले एकान्तमा जङ्गलमा परमेश्वरसँग समय बिताउँदा यो अवस्थाबाट स्वतन्त्र भएको महसुस गर्नुहुन्थ्यो, तर प्रायजसो निराश अवस्थामा नै हुनुहुन्थ्यो। उहाँको एउटा मात्र आरामचाहिँ चाँडै यो अवस्थाबाट मुक्त हुन्छु भन्ने सोच थियो। उहाँ भन्नुहुन्छ, "मलाई लाग्छ, म कुनै पनि सेवामा सहभागी हुनुहुँदैन, र भारतीहरूको बीचमा कुनै सफलता पाउनु हुँदैन। म जीवनदेखि निराश भइसकेको थिएँ, र मृत्युलाई

धेरै नै चाहन्थेँ, कुनै धर्मी जन मरेको सुन्दा, त्यो व्यक्तिले पाएको मौकालाई डाह गर्थेँ। हाय! मेरो समय कहिले आउने होला? अझै धेरै वर्षहरू बित्छन् कि!"

उहाँ सन् १७४३ अप्रिल १ तारिखमा पहिलोपल्ट कनाउमीकमा भएका भारतीहरूको बीचमा आइपुग्दा उहाँको अवस्था यही नै थियो। उहाँले पहिलो रात परालको माझमा बिताउनुभयो, जुनचाहिँ उहाँले भोग्न गइरहेका दरिद्रताहरूको तुलनामा धेरै उत्तम थियो। उहाँले त्यो ठाउँलाई धेरै एकान्त र उदासपूर्ण ठाउँ भनी वर्णन गर्नुभयो, जुनचाहिँ अल्बानी (Albany) बाट १८ माइल टाढा थियो। उहाँले ती भारतीहरूको बिचमा एउटा गरिब स्कटल्याण्डको मानिस भेट्टाउनुभयो, अनि त्यही व्यक्तिसँग बसोबास गर्नुभयो। उहाँ बसेको घर एउटा मात्रै कोठा भएको काठको घर थियो, त्यसको भुइँ माटोको थियो। उहाँको भोजनचाहिँ पिठोको खोले, उसिनेको मकै र कोइलामा पकाएको रोटी थियो। त्यो घरधनीले बोल्ने स्थानीय भाषालाई बुझ्न उहाँलाई कठिन हुन्थ्यो भने त्यो मानिसको श्रीमतीसँग बोल्न सक्नुचाहिँ उहाँको अनुवादकद्वारा मात्र थियो, जो स्टकवृजमा पढेको एउटा जवान मानिस थिए। उहाँले आफ्नो भाइलाई लेखेको चिठीमा आफूभित्र हुने निराशपन बाहेक आफू झण्डै ऐसआरामको जीवन बिताएको महसुस गरेको कुरालाई बताउनुभएको छ। भारतीहरू उहाँप्रति प्रेमिलो थिए, र उहाँको कुरा सुन्न तत्पर थिए। तर तिनीहरू पनि आफ्नो वरिपरि रहेको छिमेकी भारतीहरू झैँ चतुर र कपट व्यक्तिहरूले घेरिएका थिए, जो मौका पाएमा ती भारतीहरूलाई खेदेर तिनीहरूको जमिन खोस्न पर्खिरहन्थे। यसै कारण धार्मिक शिक्षाले तिनीहरूलाई सन्तुष्टि दिएन, जसलाई तिनीहरूले आफ्नो सभ्य छिमेकीहरूको नामधारी धर्मको रूपमा बुझ्दथे।

उहाँको प्रचारलाई ध्यानसित तिनीहरू सुन्थे, र कुनै-कुनै व्यक्तिहरू प्रभावित पनि भए; एउटी स्त्रीले भनेकी थिइन्, "तपाईंले पहिलोपल्ट गरेको प्रचार सुनेदेखि मेरो हृदय रोइरहेको छ।" उहाँलाई कुनै पनि भारतीहरूले कहिल्यै पनि अनादर गर्दैनथे, तर वरिपरिबाट आउने अन्य

गोरा मानिसहरूको अनैतिक मन र लम्पट व्यवहारले उहाँ लज्जित हुनुभएको थियो, जुन व्यवहारचाहिँ भारतीहरूको मर्यादित जीवनको अगाडि घिनलाग्दो थियो। उहाँले तिनीहरूको बारेमा कुरा गर्दा यसो भन्नुभएको थियो, "हाय! यस्ता मानिसहरूसँग अनन्तकालसम्म रहनु कति ठूलो नरक होला।" आफू तिनीहरूभन्दा फरक भएको कुराको लागि आफ्नो भित्री हृदयदेखि नै उहाँले धन्यवाद दिनुहुन्थ्यो।

त्यस्तै व्यक्तिहरूको समाज र सङ्गतमा रहनुभन्दा उहाँले एकान्तलाई अति नै रुचाउनु हुन्थ्यो। आफ्नो परिश्रमको बीचमा उहाँ घरीघरी एकान्त ठाउँ खोजेर जङ्गलमा जानुहुन्थ्यो, र कुनै बेला दिनभरि नै एकान्तमा प्रार्थनामा समय बिताउनुहुन्थ्यो। उहाँ पहिले भारतीहरूको बीचमा बसेको ठाउँबाट त्यस्तो एकान्त ठाउँ पाउनको लागि १.५ माइल हिँड्नु पर्थ्यो। उहाँले त्यो एकान्त ठाउँलाई छोडेर लजमा बस्न सुरु गर्नुभयो, तर त्यो ठाउँ आफ्नो उद्देश्यको लागि नमिल्दो देखिसकेपछि उहाँ आफैले एउटा काठको घर बनाउने काम सुरु गर्नुभयो। त्यो काम उहाँको लागि धेरै नै कठिनाइपूर्ण थियो, र धेरै समय पनि लाग्यो, तरै पनि उहाँ निरन्तर लागिरहेर त्यसमा सफल हुनुभयो। आफ्नै घरमा रहन र कुनै पनि अवरोध नभई प्रार्थना र अध्ययनमा एकान्तमा समय बिताउन पाउँदा उहाँले सुख-चैनको जीवन पाएको अनुभव गर्नुभयो।

भारतीहरूको बीचमा स्थायी प्रभाव ल्याउनको लागि तिनीहरूको बालबालिकाहरूलाई शिक्षा दिनु मात्र ठीक बाटो हो भन्ने कुरा उहाँले थाहा पाउनुभयो, त्यस कारण संस्थाका मानिसहरूलाई एउटा विद्यालय स्थापना गर्ने प्रस्ताव राख्न न्यू जर्सी (New Jersey) जानुभयो। उहाँको प्रस्ताव तुरुन्तै स्वीकार भयो, र उहाँको अनुवादक त्यो विद्यालयको शिक्षक बन्नुभयो।

बितेका समयहरूमा आफू न्यू हेभनमा बाइबल कलेजमा पढ्दा, आफ्नो परमेश्वरप्रतिको जोसलाई गलत तरिकाले प्रकट गरेको कुरामा उहाँ दुःखित हुनुहुन्थ्यो, र उच्च विद्यालयका अधिकृतहरूको अगाडि

आफैलाई नम्र तुल्याउने निर्णय गर्नुभयो। तर तिनीहरूले उहाँलाई स्वीकार गरेनन्; यो कुरामा उहाँको हृदय यति दुःखित भयो, कि उहाँ अर्कोपल्ट पनि न्यू हेभन (New Haven) जानुभयो, तर असफल भएर आउनुभयो। यी यात्राहरू आजको समयमा जस्तो सजिलो हुँदैनथ्यो; उहाँ दोस्रोपल्ट त्यहाँबाट फर्की स्टकवृजदेखि कनाउमीक आउँदा बाटो बिराएर एक रात जङ्गलमा नै बिताउनुभयो।

आफू र कलेजका अधिकृतहरूको बीचमा मिलाप नभएको कुरामा व्याकुल हुनुहुन्थ्यो। कलेजबाट पाउने सम्मान थोरै महत्त्वको थियो, तर आफ्नो विवेकले आफैलाई दोषी ठहराएको कारण उहाँ यो गर्न चाहनुहुन्थ्यो, र अरू कसैको गलत व्यवहारलाई आफ्नो गल्तीको कारणको रूपमा देखाउन चाहनुहुन्नथ्यो। उहाँले भन्नुभएका शब्दहरू आफू दोषी भएको महसुस भएको कारण मात्र थियो। उहाँले यसो भन्नुभएको थियो, "मैले येल उच्च विद्यालयको शिक्षक बिटल्से (Whittlesey) को बारेमा भन्दा, त्यति बेला मैले मेरो छेउमा भएको कुर्सीलाई देखाएर त्योभन्दा कुनै पनि इज्जतको हुनुहुन्न पनि भनेको थिएँ। म विनम्रसाथ भन्दछु, कि यो परमेश्वरको विरोधमा मैले गरेको पाप हो, र उहाँका वचन विपरीत यो गरेँ, र बिटल्सेलाई चोट पुऱ्याएँ। उहाँको स्वभावको बारेमा यसो भन्ने कुनै अधिकार मलाई छैन, र त्यो भन्न सक्ने कारणहरू पनि उहाँमा थिएन। उहाँ मभन्दा धेरै उच्च स्थानमा भएको र मैले विशेष इज्जत र सम्मान दिनुपर्ने एउटा शिक्षक हुनुहुन्छ, र म उहाँको विद्यार्थी भएको अवस्थामा उहाँलाई मैले यस्तो भनेको कारण मेरो पाप झनै ठूलो छ। यस्तो प्रकारको व्यवहार एउटा ख्रीष्टियनलाई नसुहाउँदो व्यवहार हो भनी म स्वीकार गर्छु, योचाहिँ मैले घमन्डमा फुलेर गरेको काम, जुनचाहिँ मैले उहाँलाई दिनुपर्ने इज्जतको ठिक विपरीत थियो।"

"यो कुराको बारेमा धेरैपल्ट दुःखसहित गहिरो रूपमा सोचेको छु र परमेश्वर र मानिसहरूको अगाडि आफैलाई नम्र तुल्याएर शर्ममा पर्न चाहन्छु। म उच्च विद्यालय र त्यसमा भएका सबै गभर्नरहरूलाई विनम्रतासाथ क्षमा माग्दछु, र विशेष गरी बिटल्सेलाई। मलाई उच्च

विद्यालयको गभर्नरहरूले क्षमा दिई मेरो बहिष्कृत अवस्थाबाट छुटकारा दिए पनि अथवा नदिए पनि, मैले पाउन सक्ने सुविधा दिए पनि अथवा नदिए पनि मैले स्वीकार गरेको गलत कामको लागि सबैको अगाडि आफैलाई नम्र तुल्याउन तयार छु।"

हामी सोच्न सक्छौँ, यस्तो प्रकारका शब्दहरूले निश्चय नै उच्च विद्यालयको सम्बन्धित व्यक्तिहरूलाई शान्त पार्छ, र क्षमा दिन लगाउँछ भनी, तर तिनीहरूले उहाँको यो निवेदनलाई अस्वीकार गरे, उहाँको लागि ठूलो ओहदामा भएको व्यक्तिहरूले निवेदन पेस गरेका थिए, र उहाँहरूले उच्च विद्यालयले अनुशासन भनी भनेको चाहिँ खास अनुशासन होइन बदला लिनु मात्र हो भनी बुझे। उहाँहरूको प्रयास ती उच्च विद्यालयका अधिकृतहरूले ब्राइनेर्डमा भएको चोटसँग बेइज्जतलाई थपिदिने काम गर्नुसम्म मात्रै विजय पाएको थियो। तिनीहरूले, ब्राइनेर्डले आफ्नो सेवकाईलाई त्यागि कलेज फर्किएर एक वर्ष विद्यार्थीको रूपमा उच्च विद्यालयमा रहन सक्ने अवस्थामा उहाँको पहिलेको स्थानलाई पाउन सक्छ भनी भने। तिनीहरूले ब्राइनेर्ड एउटा अनुमति पत्र प्राप्त गरेको सुसमाचारको सेवक, जो सेवामा लागिसक्नुभयो, जसले सेवा छोडेर फर्कन सक्नुहुन्न भन्ने कुरा थाहा हुँदाहुँदै पनि यस्तो भनेका थिए। ब्राइनेर्डलाई यो कुरा असम्भव नै भयो, उहाँले केही गर्न सक्नुभएन, र आफ्ना साथीहरू, जसको बीचमा उहाँ पढ्नुभयो, सबै प्रमाण पत्र प्राप्त गर्ने समारोहमा सहभागी हुन मात्र सक्नुभयो। उहाँले न्याय पाउनुभएको थियो भने, ती साथीहरूको बीचमा सबैभन्दा आदरणीय ठाउँ लिनुहुन्थ्यो। सन् १७४३ सेप्टेम्बर १४ तारिखमा उहाँले आफ्नो दैनिकीमा यस्तो लेख्नुभयो, "आजको दिनमा मैले उपाधि प्राप्त गर्नुपर्थ्यो, तर परमेश्वरले त्यसलाई मेरो लागि इन्कार गर्न उचित ठान्नुभयो। मैले मेरा साथीहरू प्रमाण पत्र प्राप्त गरेको देखेमा विचलित बन्न सक्ने डरमा थिएँ, तर त्यो समयमा परमेश्वरले मलाई शान्तसँग यसो भन्ने क्षमता दिनुभयो, 'परमेश्वरको इच्छा नै पूरा होस्।'" यी सबै कुराले उहाँको स्वभावलाई प्रकट गराउँछ। पक्षपातहीनको धेरै सोचपछि उहाँले आफू ठिक ठाउँमा भएको विश्वास गर्नुभयो, तर उहाँले, आफूलाई हजारपल्ट चोट पुऱ्याएको

व्यक्तिलाई आफूले एकपल्ट चोट पुऱ्याएको खण्डमा क्षमा माग्दा आफूलाई जति अपमान गरे पनि र अयोग्य ठाने पनि आफू घुँडा टेकेर त्यो व्यक्तिलाई क्षमा माग्छु भनी भन्नुहुन्छ। गलत काम गर्न डराउनु झैँ उहाँ अरू कुनै कुरासँग डराउनुहुन्न थियो। आफ्नो कर्तव्यलाई पूरा नगर्ने खतरामा पर्नुभन्दा आफ्नो विवेकले जुन कुरालाई आफ्नो कर्तव्य भनी देखाउँछ त्यसमा आफ्नो कर्तव्यभन्दा बढी काम गर्न तयार हुनुहुन्थ्यो।

उहाँ कनाउमीकमा हुँदा लेखेको दैनिकीलाई हेर्दा उहाँको दैनिक जीवन र स्वभावको बारेमा हामी केही कुरा बुझ्न सक्छौँ। उहाँले लेख्नुभएको छ, "जाडो मौसममा मेरो घोडालाई बचाउन केही कुरा जुटाउनको लागि मैले दिनभरि परिश्रम गरेँ, शरीर धेरै नै कमजोर थियो, र चाँडै नै यो शरीर माटोमा मिल्नेछ भन्ने कुरालाई सोचिरहेको थिएँ; यो संसार छोडेर अर्को संसारमा प्रवेश हुने कुराको बारेमा मैले केही कुरा अनुभव गर्न सकेँ। यस्तै कमजोर अवस्थामा चाहेको खान्की पाउनको लागि धेरै नै दुःख गरेँ। खान्की हातमा केही छैन, र पाउन पनि सकिरहेको छैन, रोटी लिन १० देखि १५ माइल टाढा जानु पर्ने बाध्यतामा छु; पाउने रोटी पनि खानुभन्दा अघि धेरैपल्ट अमिलो र सुकेको भइसक्छ। चाहेको जति खानेकुरा एकपल्ट ल्यायो भने फेरि धेरै दिन त्यसको अभावमा नै रहन पर्ने हुन्छ, पुनः लिन पठाउने मानिसहरू पाइँदैनन्; जङ्गलमा मेरो घोडालाई भेटाउन नसकेकोले म आफै जान पनि सकिरहेको छैन । मेरो अहिलेको अवस्था यस्तै नै छ, तर परमेश्वरको अनुग्रहको कारण मैले थोरै भारती खाना पाएँ, जसबाट आफूलाई चाहेजस्तो खानेकुरा बनाएँ, मेरो परिस्थितिमा मैले सन्तुष्टि पाएको अनुभव गरेँ, र परमेश्वरलाई म राजा भएको जस्तै गरेर धन्यवाद दिएँ।" शरीरमा सधैँ नै कमजोर भएको र दुःख भोगिरहेको मानिसलाई यो अति नै कठिनाइपूर्ण जीवन हो। तर यो अभावले उहाँलाई असर पारेन, उहाँको आत्मिक दुःखमा शारीरिक दुःखलाई बिर्सनुभएको थियो।

उहाँ भन्नुहुन्छ, "परमेश्वरको सामु भुईंमा घोप्टो परेँ, र मेरो मरेको, बाँझो र दुष्ट अवस्थालाई सम्झेर विलाप गरेँ, जुन तरिकाले मैले ती अमर

आत्माहरूसँग बातचित गरेँ, त्यो कुरामा म आफैले तिनीहरूको आत्मालाई हत्या गर्ने व्यक्तिको रूपमा दोषी ठहऱ्याएको जस्तो महसुस गरेँ। बेलुकी म धेरै बिरामी भएँ, र पीडामा थिएँ, लामो समयमा थोरै मात्र लाभ भएको देखेर शोकित भएँ, रातमा थोरै समय दयनीय भारतीहरूलाई सिकाउनुमा बिताएँ। परमेश्वरले, 'यो जीवनको लागि अब केही कुरा नजुटाऊ, किनभने तिमी कुनै दिनहरूमा समयभन्दा अघि नै अनन्त जीवनमा प्रवेश गर्छौ' भनी भन्नुभयो भने म खुसीले उफ्रन्थेँ जस्तो लाग्थ्यो। परमेश्वरले मेरो मनमा मृत्यु र त्यसपश्चात्को जीवनको बारेमा विचारहरू ल्याउँदा म सधैँ नै सान्त्वनाको अनुभव गर्थें। मेरो मनले यो सांसारिक कुरालाई बिर्सेर परमेश्वरप्रति केन्द्रित हुँदा मैले आत्मामा विश्राम पाउँथेँ।"

यस्तो कठिनाइपूर्ण जीवन उहाँको लागि कति नमिल्दो थियो भन्ने कुरालाई उहाँ न्यू हेभनबाट फर्किंदा भोगेको दुःखबाट थाहा पाउन सक्छौँ। उहाँ त्यहाँबाट घर फर्किरहँदा अचानक उहाँको शरीर चिसोले काम्न थाल्यो, र उहाँको अनुहार सहन नसक्ने गरी दुख्न थाल्यो, जसले उहाँलाई आधा बाटोमा नै बास बस्न लगायो। उहाँ रातभरि दुःखमा छटपटिनुभयो, र बिहान ज्वरोले बिरामी हुनुभएको थियो। उहाँले यात्रालाई साथीहरूको सहायताद्वारा निरन्तरता दिइरहनुभयो, र झण्डै दुई हप्तापछि आफ्नो घरमा आइपुग्नुभयो। भारतीहरूले उहाँलाई स्वागत गर्न पाउँदा खुसी भए, तापनि उहाँको यो रोगले घरमा आएपछि पनि उहाँलाई समात्यो। उहाँको असजिलो वासस्थानमा वास्ताको अभावमा उहाँ निश्चय नै मरेको हुनुपर्ने। एउटा कमजोर शरीरलाई एउटा बलियो आत्माले कसरी थाम्न सक्छ भन्ने कुरालाई यो कुराले देखाउँछ। उहाँ धेरैपल्ट जाडो र भोकले दुःख भोग्नुभयो, धेरैपल्ट जङ्गलमा बाटो बिराएर खुला ठाउँमा रात बिताउन बाध्य हुनुभयो, र कोही बेला खोलाहरू तर्दा भिजेर नै यात्रा गर्नुभयो, तरै पनि उहाँले आफ्ना मानिसहरूलाई सिकाउन सक्नुभयो, र कहिल्यै पनि आफ्नो सेवालाई त्यागेर सुविधासँग बस्नको लागि सभ्य ठाउँ र समाजमा जाने कुराको बारेमा सोच्नु भएन। यस्तै अवस्थामा पनि उहाँले आफैलाई सबै सुविधा पाएको व्यक्तिको रूपमा देख्नुहुन्थ्यो भन्ने कुरालाई उहाँले लेखेको दैनिकीबाट थाहा पाउन सक्छौँ। उहाँले यसो लेख्नुभएको थियो,

"मैले अझै बिसन्चो भएको महसुस गरिरहेको छु, दिनभरि कष्ट भोगेँ, र पढ्नै सकिनँ, र अझै पनि जङ्गलमा एक्लै नै छु, तर प्रभुलाई धन्यवाद होस्, म खुला आकाशमुनि रहन परेन, मलाई एउटा घर छ, र जीवनमा चाहेका सामाग्रीहरू पनि छन्।" उहाँको घर एकदमै साधारण थियो, तरै पनि उहाँले त्यसलाई धेरै नै प्रेम गर्नुहुन्थ्यो। उहाँ एक–दुई पटक आफू २० माइल जङ्गलको यात्रा गरेर किन्डरहुक (Kinderhook) पुगेको र त्यहाँ परमेश्वरको कुनै पनि वास्ता नगर्ने मानिसहरूसँग रात बिताउनको सट्टामा आफ्नो घर आइपुग्न जति दुःख भोग्नुपरे तापनि त्यहाँ नै फर्केको कुराको बारेमा लेख्नुभएको छ। "परमेश्वर भएको ठाउँ, त्यो सानो गोठ भए पनि छाप्रो भए पनि अथवा खेत–घर भए पनि त्यही नै रुचाउन सक्ने वासस्थान हो।"

यी सबै दुःखहरूको बीचमा उहाँले कहिले पनि खुसीको अनुभव गर्नुभएन भनी हामीले भन्यौँ भने त्यो गलत हुन पुग्छ; त्यस्तै प्रकारका खुसीहरू थोरै मात्रामा थिए। उहाँका सबै प्रयासहरू आफ्नो मनलाई धार्मिक सिद्धान्तमा केन्द्रित बनाउन गर्नुहुन्थ्यो। उहाँ प्रायजसो त्यसमा असफल भएको बारेमा आफूभित्र गनगन गर्नुहुन्थ्यो, तर उहाँले चाहेको जस्तो आफू भएको देख्ने बेलामा उहाँ धेरै खुसीसाथ त्यसलाई व्यक्त गर्नुहुन्थ्यो। उहाँले यसो लेख्नुभएको छ, "आज बिहान म स्वतन्त्र भएर आत्मसाथ सबै मानव जातिप्रतिको प्रेमको अनुभव गर्दै एक घण्टा प्रार्थनामा बिताएँ। मेरो विरोधमा सोच बोक्नेहरू भनी मैले देख्न सक्ने व्यक्तिहरू पनि अनन्तकाल खुसी पाउन् भनी मैले धेरै इच्छा गरेँ, उहाँहरूलाई स्वर्गमा भेट्ने बारेमा सोच्दा म धेरै आनन्दित भएँ। सबै मानव जातिलाई प्रेम गर्नु, क्षमा गर्नु, तिनीहरूको भलाइ खोज्नु र आफू विनम्र रहनु, सबै खराब अनुमान र शङ्काहीन रहनु, कसैलाई कुनै पनि परिस्थितिमा खराब गर्न डराऊ, र आफूलाई गलत तरिकाले हेर्नेहरूको अगाडि खुला हृदयसहित सम्बन्धमा रहनु स्वर्गको चिन्ह हो। प्रार्थना मेरो लागि मिठो अभ्यास थियो, जसलाई रोक्न म जान्दिन, ताकि मैले प्रार्थनाको आत्मालाई गुमाउन नपरोस्।"

उहाँले गरेको एउटा कामले उहाँमा सन्तुष्टि ल्याएको थियो, तापनि त्यो कामलाई आफ्नो दैनिकीमा लेख्दाखेरि साधारण तरिकाले लेखिराख्नुभयो। आफ्नो परमेश्वरप्रतिको सेवामा आफूले गरेको काम थोरै जस्तै महसुस गर्नुभयो, र अझै गरिबहरूको लागि र धार्मिक कामहरूको लागि आर्थिक सहयोग गर्न तीव्र इच्छा लिनुभएको थियो, र त्यसको लागि पनि आफूलाई नभई नहुने कुरालाई पनि इन्कार गरी जीवन बिताउन थाल्नुभयो। १५ महिनापछि उहाँले १०० पाउण्ड (आजको ने.रु.मा २० लाख २५ हजार हुन्छ) परोपकार कामको लागि भनी दिनुभयो; त्यति नै रकम कुनै धनी मानिसले दिनुभएको थियो भने, त्यसलाई ठूलो उदार चित्तको काम भनी मानिसहरूले प्रशंसा गर्थे । हामीले यो कुरा याद गर्न आवश्यक छ कि उहाँले आफूसँग भएको प्रशस्तताबाट दिनुभएको होइन, तर आफूलाई दरिद्र बनाएर दिनुभयो। उहाँले यो गर्नको लागि आफ्नो धेरै सुविधाहरूलाई त्याग्नुभयो, र आफ्नो आधारभूत आवश्यकतालाई पनि इन्कार गरी यो रकम जम्मा गर्नुभयो, उहाँको जीवन नै एउटा बलिदान थियो, र एउटा मैनबत्ती जस्तै आफू पग्लेर अरूलाई ज्योति दिनुहुन्थ्यो।

कनाउमीकमा रहँदा पनि उहाँ खतराभन्दा बाहिर हुनुहुन्न थियो। आजकलका समयहरूमा यो ठाउँ देशको बीचमा पर्ने मुख्य सहर भए पनि त्यति बेलाका समयहरूमा एउटा सिमानामा पर्ने ठाउँ थियो। बेलायत र फ्रान्सको बीचमा युद्ध हुने बेलामा फ्रान्सले भारतीहरूलाई उचालिदिने भएकोले तिनीहरूले सिमानामा पर्ने ठाउँहरूलाई आक्रमण गरी त्यहाँका बासिन्दाहरूलाई मारेर त्यो बस्तीलाई जलाएर नष्ट पारिदिन्थे; त्यस्तै आक्रमणहरूभन्दा अरू डरलाग्दो कुरा केही हुँदैनथ्यो। तिनीहरू बिजुली चम्केजस्तै आउँथे, वाण कहाँ लाग्छ भन्ने कसैलाई थाहा हुँदैनथ्यो; र एउटा सानो युद्धले ठूलो र गहिरो दुःखको प्रभाव छोडेर जान्थ्यो। सिमानामा बस्नेहरूलाई सुरक्षाविहीन त्यही ठाउँमा रहनु अथवा आफ्नो घर र सम्पत्तिलाई लुट्न दिएर आफू भाग्नुबाहेक अरू उपाय थिएन। एक रात ब्राइनेर्ड कनाउमीकमा भएका भारतीहरूको बीचमा सेवा पुऱ्याइरहेको हुनुहुँदा हतारसहित चिठी गभर्नरबाट आइपुग्यो, जुनमा महासेनानी स्टोड्डर्डले सिमानामा भएका सबै मानिसहरूलाई अचानक हुन सक्ने

आक्रमणको सम्भावनाको बारेमा जानकारी दिई आफ्नो सुरक्षाको व्यवस्था ढिलो नगरी गरिहाल्नुपर्ने कुरा बताएको थियो। उहाँले यो कुरा आफ्नो दैनिकीमा लेख्ने तरिकाचाहिँ असल थियो। उहाँ भन्नुहुन्छ, आफू त्यो चिठी पढ्दा त्यो असल समयमा आइपुगेको महसुस गर्नुभयो, किनभने उहाँको हृदय परमेश्वरमा अडिएको थियो, र खराब सन्देशले उहाँलाई आश्चर्यचकित बनाएन, तर त्यो कुराले उहाँलाई आफूले तयार पारेको ऐसआराममा आफू धेरै जोडिएको हुनुहुँदैन भन्ने पाठ सिकायो, यति ठूलो खबरलाई यसरी नै लिनुभएको थियो। उहाँको ऐसआरामको कुरा गर्नुपर्दा उहाँको लागि त्यो धेरै ठूलो भए पनि, तर अरूको अगाडि तुच्छ नै हुन्छ, र मानिसहरूले त्यस्तो ऐसआरामलाई उपभोग गर्नुभन्दा त्यसलाई छोडिदिन नै तयार हुन्छन्; यस्तै परिस्थितिमा जिइरहेको हुँदा उहाँचाहिँ परिस्थितिको विपरीत आफ्नो काममा कुनै सफलता पाउने आशा राखेर पर्खिरहनुभएको थियो, किनभने उहाँको प्रचार सुनेकाहरूमध्ये कुनै मानिसहरू उद्धार पाउन आफूले के गर्नुपर्छ भनी सोधेर उहाँकहाँ आएका थिए। आफूद्वारा असल कामहरू हुनेछ भनी आफूलाई प्रतिज्ञा दिन सक्दा, उहाँको हृदय आनन्दले भरियो। आफू भारतीहरूको हातमा कब्जामा परेर मारिन तयार छु कि भनी आफ्नो मनलाई सोध्दा आफ्नो परमेश्वरप्रतिको भरोसाको कारण कुनै पनि डर आफूमा नभएको भेट्टाउनुभयो।

उहाँले कनाउमीकमा गर्नुपर्ने कामहरूमा एउटा मुख्य कठिनाइपूर्ण काम भारतीहरूको भाषा सिक्नु थियो, जसको लागि उहाँ मोहेगन (Mohegan) भाषासँग परिचित भएको सर्जेन्टबाट कक्षा लिन स्कटवृज पुग्नुपर्थ्यो। उहाँलाई पठाएको संस्थाले यो काम गर्न भनेको थियो। अनुवादकद्वारा भारतीहरूको माझमा बोल्नु असन्तुष्ट काम थियो, किनभने आफूले भनेका कुराहरूलाई अनुवादक आफैले बुझ्नुभयो, कि बुझ्नुभएन भनी उहाँ कहिले पनि पक्का गर्न सक्नुहुन्न थियो। लिखित रूपमा नभएको तिनीहरूको भाषालाई सिक्नु धेरै गाह्रो कुरा थियो, जुन कामलाई गर्न प्रायजसो मानिसहरू प्रयास गर्दैनथे। नोभेम्बर महिनादेखि ब्राइनेर्डले भाषा सिक्ने काम सुरु गर्नुभयो। थोरै दिनहरू स्टकवृजमा बिताएर फर्किनको

लागि धेरै कठिनाइपूर्ण यात्रा गर्नुपर्थ्यो। एकान्त उहाँलाई यति स्वाभाविक भइसकेको थियो, कि त्यो थोरै दिनहरू, जुन उहाँ मानिसहरूसँग बिताउनुभयो, त्यो बिताउन उहाँलाई धेरै गाह्रो भयो। उहाँ भन्नुहुन्छ, "म मेरो कोठामा एक्लै रहन चाहन्छु, जहाँ बढी समय प्रार्थनामा बिताउन सक्छु।" भाषा सिक्ने काम उहाँलाई अलिकति कठिन नै थियो भन्ने कुरा हामी उहाँको दैनिकीबाट बुझ्न सक्छौँ। जसको बारेमा उहाँले यस्तो लेख्नुभयो, "डिसेम्बर २६: स्कटवृज गएँ, मेरो यात्रामा धेरै कठिनाइ भएकोले धेरै थाकेँ, र खोलामा परेको कारण पूरै भिजिसकेको छु।" "डिसेम्बर ३१: स्टकवृजबाट मेरो घर फर्कें, वातावरण सफा र शान्त थियो, तर मैले कहिल्यै अनुभव नगरेको चिसो हावालाई सामना गरेँ। मौसमको कारण मृत्युको मुखमा पर्ने ठूलो सम्भावनामा परेको थिएँ।" यस्तै यात्राहरूबाट फर्किसकेपछि, जुनमा उहाँ खुसी हुनुहुन्न थियो, र जसले उहाँलाई परमेश्वरबाट टाढा पुऱ्याउँथ्यो, उहाँले तुरुन्तै निद्रालाई इन्कार गरी प्रार्थनामा बस्नुहुन्थ्यो। उहाँले भन्नुभएको छ, "बेलुका म धेरै थाकेँ तापनि स्थिर भएर कुनै समय प्रार्थनामा बिताउन पाएँ, र रात धेरै बितुन्जेल मैले अध्ययन र प्रार्थनामा बिताएँ, तर रातभरिलाई प्रार्थनामा बिताउन नपाएकोमा मलाई दुःख लाग्यो, तर परमेश्वरलाई धन्यवाद होस्, पृथ्वीमा यसरी कमजोर भए पनि स्वर्गचाहिँ कहिल्यै अन्त नहुने सधैँ भक्ति गर्ने ठाउँ हो।" हामीलाई थाहा छ, कि यी सबै उहाँको साधारण र नफेरिएको अनुभवका विवरणहरू हो; यस्तै प्रकारले प्रेरितहरू र ख्रीष्टिय शहीदहरूको आत्मामा आफ्नो पवित्र बोलावटमा अगाडि बढेको व्यक्तिको बारेमा चिन्तन गर्नु गाह्रो हुन्छ।

ब्राइनेर्डले कनाउमीकमा धेरै महिना नबिताउँदै थाहा पाउनुभयो, कि आफू अझै टाढा ठाउँहरूमा काम गर्नु यहाँको भन्दा अति उपयुक्त हुन्छ। यहाँ भएका भारतीहरूको सङ्ख्या थोरै थियो, र आफ्नो छिमेकी गोरा जातिका मानिसहरूको लोभ र लालचले गर्दा धेरै नै दुःख भोगिरहेका थिए, जुन कुराले तिनीहरूलाई शिक्षा लिन दिएन, र ख्रीष्टीय नैतिकताको बारेमा सुन्न दिएन। त्यो बाहेक युद्धका समयहरूमा फ्रेन्चहरूले न्यू इङ्ल्याण्ड (New England) लाई आक्रमण गर्न प्रयोग गर्ने राजमार्गमा

यिनीहरूको बस्ती पर्थ्यो, यसैले युद्धका समयहरूमा तिनीहरू मारिन पर्थ्यो अथवा फ्रेन्चहरूसँग मिलेर गोरा जातिका मानिसहरूलाई आक्रमण गर्नुपर्थ्यो। युद्ध सकेपछि फेरि त्यो गोरा जातिले भारतीहरूलाई बदला लिन्थे। ब्राइनेर्डलाई यी भारतीहरूका मन जितेर स्कटवृजमा लान पाएमा असल हुन्छ भनी लाग्थ्यो, जहाँ यी मानिसहरूको आफ्नो भाषा बोल्ने र यिनीहरूको सबै संस्कृतिसँग परिचय भएको र सबै खाँचोहरू बुझेको पास्टरको वास्तामा रहन पाउँछन्, जसले यिनीहरूको उन्नतिको लागि सबै थोक गरिदिनुहुन्छ। त्यति मात्र नभएर यसले ब्राइनेर्डलाई यिनीहरूप्रतिको कर्तव्यबाट मुक्त गराएर अझै कठिन ठाउँहरूमा भएका अरू भारतीहरूको बीचमा जाने मौका दिन्छ, जुन मानिसहरू यस्तै शिक्षा पाइरहेका छैनन्।

अध्यक्ष एडवर्डले, जसले ब्राइनेर्डसम्बन्धी जानकारीहरू दिनुभयो, जानकारीलाई छोट्याउनको लागि ब्राइनेर्डको शिक्षा र भारतीहरूसँग गरेको बातचितलाई आफूले यहाँ नबताएको कुरा भन्नुहुन्छ। जति ठूलो भए तापनि सबै जानकारीलाई बताउनु अति नै महत्त्वपूर्ण हुन्थ्यो, यो त पछुताउन पर्ने कुरा हो। भारतीहरूले स्वाभाविक रूपमा परदेशी जीवन बिताए तापनि एउटा ठाउँमा आएर डेरा बनाएर जमिनलाई खेतीपातीको लागि तयार पारिसकेपछि थोरै समयमा त्यो ठाउँलाई प्रेम गर्न थाल्छन्, र जबरजस्ती परिस्थिति बाहेक अझै उत्तम ठाउँ दिए पनि त्यो ठाउँबाट सार्न मान्दैनन्। तिनीहरूको बसाइँलाई सार्ने ब्राइनेर्डको सोचले उहाँले कति ठूलो प्रभाव तिनीहरूमाथि पार्नुभएको थियो भन्ने कुरालाई देखाउँछ। त्यहाँबाट सर्ने ब्राइनेर्डको योजनाको बारेमा उहाँले चिनेको वरिपरिका स्थानीय मण्डलीहरूले थाहा पाउँदा, ख्रीष्टको इमानदार र समर्पित सेवकको सेवा आफ्नो मण्डलीले पाओस् भनी प्रयास गर्न थाले। लङ्ग आइल्याण्ड (Long Island) टापुमा भएको इष्ट ह्यमेल्टन (East Hamelton) सहरको मण्डलीले उहाँको सेवा पाउन निवेदन दियो। ब्राइनेर्ड कुनै समयसम्म त्यो निवेदनलाई इन्कार गरूँ कि नगरूँ भनी दोधारमा पर्नुभयो, त्यो ठाउँ ठूलो र मनपर्दो थियो, साथै सबै मिलेर एक मनले उहाँलाई स्वागत गरेका थिए, तर यी कुराहरूले उहाँलाई प्रभाव पारेन। त्यो ठाउँमा भएका कुनै कठिनाइहरू जसलाई अरूभन्दा आफूले

असल तरिकाले सामना गर्न सक्छ भन्ने कुराले उहाँलाई प्रभाव पाऱ्यो। उहाँले यो कुरामा निर्णय नलिएको हुँदा नै आफ्नो जन्मस्थानको नजिकै भएको मिल्लिङटन (Millington) भन्ने ठाउँबाट अर्को निवेदन आयो, त्यो ठाउँमा जानुभयो भने उहाँ आफ्नो पुराना साथीहरूको नजिक बस्न पाउनुहुन्थ्यो, तर त्यस्तै कुराले उहाँलाई आकर्षण गरेन, ख्रीष्टप्रतिको कर्तव्यले उहाँलाई शासन गरिरहेको थियो, त्यसकारण आनाकानी नगरीकन दोस्रो निवेदनलाई इन्कार गर्नुभयो। उहाँले पहिलो निवेदनलाई स्वीकार गर्ने निर्णय लिएको थोरै समयभित्रै त्यस्ता ठाउँहरूलाई अरूको लागि छोड्ने निर्णयमा आउनुभयो; र आफूचाहिँ खेतालाहरू थोरै भएको कठिनाइ र निराशपनले भरेका ठाउँहरूमा सेवा दिने आफ्नो जीवनको खास उद्देश्यमा नै लागिरहने निर्णयमा आउनुभयो; यस्ता ठाउँहरू जहाँ एक जना सेवकले ठाउँ छोड्दा, त्यो नोक्सानलाई सुधार्न सक्दैन। लङ्ग आइल्याण्डमा भएको स्थानीय मण्डलीका मानिसहरूले कुनै समयसम्म उहाँलाई त्यो कुरामा सहमतमा ल्याउन प्रयास गरे; र ब्राइनेर्ड आफ्नो मण्डलीको लागि धेरै वर्षहरूको लागि उपयुक्त हुन सक्छ, तर मिसनको कठिन परिश्रमले उहाँलाई छिट्टै नै डुबाउँछ भनी तिनीहरूले भन्थे।

तर उहाँले आफ्नो कर्तव्य के हो भनी बुझ्नुभयो, र त्यो कर्तव्यलाई त्याग्न तयार हुनुभएन। उहाँको स्वास्थ्य सुधार हुने बित्तिकै न्यू योर्क जानुभयो, र धेरै दिनको यात्राले उहाँ धेरै नै अस्वस्थ पनि हुनुभयो। उहाँको रोगलाई आफ्नो दैनिकीमा छोटो समयको लागि रहने कुरा हो भनी लेख्नुभएको छ, र उहाँले लामो समय बद्लिरहने आफ्नो भावनामा बिताउनुभयो, जुनमा लामो समय दुःखमा बिताए पनि बिचबिचमा उहाँको जीवनमा घाम लाग्थ्यो। उहाँले न्यू जर्सीमा आफ्नो संस्थाका अधिकृतहरूलाई भेट्नुभयो, र आफ्नो भविष्यका कामहरूको योजना बनाउनुभयो, तुरुन्तै उहाँ धेरै अस्वस्थ हुनुभयो, र धेरै दिन आफ्नो ठाउँमा फर्किन सक्नुभएन; यस्तै अवस्थामा यस्तो मिसन काममा पठाउनु आफ्नो कब्रिस्तान बनाउन पठाउनु जस्तो हुन्छ। आफ्नो खास अवस्थाको बारेमा उहाँले थाहा पाउनुभएको थियो भन्ने कुरा उहाँको आफ्नै शब्दहरूबाट थाहा पाउन सक्छौँ, "अनन्त जीवनलाई नजिकै देखेँ, म अति नै कमजोर

भइसकेँ, र पग्लेर जान लागिसकेँ, घाम अस्ताउन थालिसक्यो, र बेलुकीको छाया छिटो नजिक हुँदै छ, मेरो बाँकी भएको समयहरूलाई पनि परमेश्वरको काममा दिन चाहन्छु।"

उहाँले न्यू योर्कको बारेमा भन्नुभएको कुराले उहाँ कति आफ्नो काममा समर्पित हुनुभएको थियो भन्ने कुरालाई देखाउँछ। त्यो सहर एकदमै विकसित भएको थियो, र नयाँ मानिसहरूलाई अचम्म पार्ने गरी सधैँ व्यापार  र अरू कामहरूको व्यस्ततामा सक्रिय थियो, तर यस्तो कुराले उहाँको ध्यानलाई आकर्षण गरेन। उहाँले न्यू योर्कको बारेमा पत्ता लगाउनुभएको एउटा कुराचाहिँ त्यहाँ एकान्त र शान्त वातावरणमा रहन पाउने छैन, र त्यहाँ खुसी हुन पाउने पनि छैन। उहाँले लेख्नुभएको छ, "मलाई संसारको ऐसआरामले खुसी दिन सक्दैन। परमेश्वरले आफ्नो उपस्थिति दिनु भएन भने सहरको सुविधा मेरो लागि के काम लाग्छ? एक घण्टा परमेश्वर भएको ठाउँमा उहाँसँग बिताउनु सारा संसारभन्दा उत्तम हुन्छ।"

उहाँले कनाउमीकमा भारतीहरूको बीचमा बिताएको समय थोरै भए तापनि तिनीहरूको प्रेम र विश्वास जित्नुभएको थियो। मन नहुँदा नहुँदै तिनीहरूबाट उहाँ छुटिनुपर्ने भयो, उहाँको भारतीहरूप्रति भएको वास्ताको बारेमा तिनीहरूले असल तरिकाले बुझेका थिए, र उहाँलाई पठाउन मन गरेनन्। उहाँले तिनीहरूसँग हृदयबाट बोल्नुभयो, तिनीहरूको भाषा बोल्न नसके पनि उहाँको भावनाले उहाँको हृदयलाई प्रकट गर्‍यो। उहाँको मनमा तिनीहरूलाई बताउनुपर्ने कुरा धेरै थियो, यसैले कहिले रोक्नु भनी पनि उहाँलाई थाहा भएन।

सन् १७४४ मे १ तारिख आफ्नो यात्रा सजिलो बनाउनको लागि आफ्नो कुनै लुगाफाटा र किताबहरूलाई कनाउमीकमा छोडेर, दक्षिणमा भएको नयाँ कार्यस्थलतिर लाग्नुभयो। त्यस्तै ठाउँमा किताबको आवश्यकता पर्दैन भनी हामी सोच्न सक्छौँ, तर ख्रीष्ट प्रेमीहरूलाई यी ईश्वरीय किताबहरू अति नै महत्त्वपूर्ण थिए, जुनबाट त्यस्तै जङ्गलहरूमा

पनि मानिसहरूले शान्ति र आशा पाउँथे।

यसरी स्थापित गरेको सबै कुरालाई र आफूले बनाएको घर पनि त्यहाँका मानिसहरूलाई छोडेर परिश्रम र आनन्दले भरिएको दिनको अन्तमा स्टकवृजतिर लाग्नुभयो। उहाँ रातीको यात्रामा ठूलो वर्षामा परेर पूरै अस्वस्थ हुनुभयो, र लगातार रगत छाद्न थाल्नुभयो, उहाँको नयाँ सेवाको सुरुवात यसरी नै भयो।

# अध्याय – ३

# सेवामा कठिनाइहरू

ब्राइनेर्ड आफ्नो निर्णयबाट पछि नहटे तापनि आशा र खुसीसाथ आफ्नो अगाडि भएको कुरालाई उहाँले हेर्न सक्नुभएन। उहाँले पहिले काम गरेको ठाउँमा, आफ्नो मिसनको उद्देश्यलाई अगाडि बढाउन आफूले थोरै मात्र काम गरेको महसुस गर्नुभयो, र नयाँ ठाउँमा अझै असल सफलताको आशा राख्न सक्नुभएन। उहाँ आफू असफल भएको महसुस गर्नुहुन्थ्यो। यथार्थमा यो उहाँमा पनि भर पर्थ्यो, किनभने उहाँको सोच सधैँ नै बद्लिरहन्थ्यो, र उहाँ बाहिरी संसारसँग सम्पर्क राख्नुमा त्यति सिपालु हुनुहुन्न थियो। चाहेको भन्दा बढी आशा राखेर उहाँले आफूलाई प्रशंसा गर्नुभएको थिएन भन्ने कुरा हामीले उहाँको दैनिकीबाट थाहा पाउन सक्छौँ, "म घोडा सवार गर्दा परमेश्वर मसँग डेलवेर जाऊन् भनी बढी समय प्रार्थनामा बिताएँ; मेरो हृदय मेरो कामसम्बन्धी र एकान्त जङ्गलमा प्रार्थना गर्न जाने सोचले भरिएको थियो, तर कहाँ जाने मलाई थाहा भएन, तरै भए पनि गुफाहरू र ओडारहरूमा डुलिहिँडेको परमेश्वरका छोराछोरीहरूलाई सम्झिँदा मैले पनि सान्त्वना पाएँ। परमेश्वरले अब्राहामलाई बोलाउनुहुँदा आफू जाने ठाउँ कुन हो भन्ने कुरा थाहा नहुँदा नहुँदै पनि उहाँ जानुभयो, मैले पनि त्यसरी नै परमेश्वरलाई पछ्याउन पाऊँ"

मे ८ तारिखमा उहाँले आफ्नो यात्रा सुरु गर्नुभयो, र ४५ माइल टाढा भएको फिस्कील पुग्नुभयो, र त्यहाँबाट हर्डसन नदी तरेर गोशेन पुग्नुभयो। त्यहाँ एउटा जङ्गलमा पर्नुभयो, जुन यात्राले उहाँलाई एकान्त र डरलाग्दा ठाउँहरूमा पुऱ्यायो, जुन बाटोमा थोरै बस्तीहरू मात्र भेट्टाउनुभयो, र थकाइ र कडा परिश्रमको कारण कष्ट भोग्नुभयो। बाटोमा भारतीहरूको कुनै बस्तीहरूलाई भेट्टाउनुभयो, र तिनीहरूलाई

ख्रीष्टको बारेमा सुनाउने कोसिस गर्नुभयो, तर तिनीहरूले ती कुरामा केही वास्ता गरेनन्। जति थाके पनि जुनसुकै काममा भए पनि आफूमा भएको अति ठूलो एक्लो अवस्थाको महसुसले उहाँलाई छोडेन। उहाँले एकान्तलाई मन पराउनुहुन्थ्यो, तर ती मानिसहरू नभएको डरलाग्दो जङ्गलले उहाँको आत्मामा डर पैदा गऱ्यो।

विश्रामको दिन उहाँको लागि सधैँ नै खुसीको दिन हुन्थ्यो, तर उहाँको यात्राको पहिलो विश्राम दिनलाई उहाँ डच् (Dutch) र आइरिस (Irish) मानिसहरूको बीचमा डेलवेरदेखि १२ माइल टाढा भएको ठाउँमा बिताउनुभयो। यात्राको कठिनाइ र थकाइले दुःख भोगिरहेको अवस्थामा बिहान उठ्नुभयो, र त्यो विश्राम दिन उदाएका दिनहरूमध्ये सबैभन्दा दुःखको दिन जस्तै भयो; सबै नानीहरू खेलिरहेका थिए, कसैले पनि त्यो दिनलाई पवित्र राख्नुपर्छ भनी सोच राखेको देखिएनन्, र कसैले उहाँको काममा सहानुभूति सम्म देखाएनन्, र उहाँको कुरालाई सुन्न पनि मानेनन्। आफू परमेश्वरबाट अलग पारिएको सृष्टिजस्तै महसुस गर्नुभयो। आइरिस मानिसहरूको बीचमा प्रचार गर्दा कुनै-कुनै व्यक्तिहरूले ध्यान दिन थाले, तर उहाँ भन्नुहुन्छ, “म साह्रै एकलो भएको र सान्त्वना दिन नसक्ने गरी दुःखित भएको महसुस गरेँ, संसारमा मानवलाई खुसी ल्याउन सक्ने सबै कुरालाई गुमाएको र सबै मानव जातिबाट अलग्गिएको अनुभव गरेँ, र मैले आफैलाई अयोग्य र नीच देखेँ, म अरू कुनै ठाउँमा हुनुभन्दा यहाँ हुनु नै असल लाग्यो।”

यो ठाउँमा २ हप्ता बिताइसकेपछि, सुसमाचार प्रचारकको रूपमा अभिषेक गरिनको लागि न्यू योर्क (Newyork) जान पर्थ्यो। जुन ११ तारिखमा सबै अगुवाहरूको सामुन्ने चलनअनुसार नै उहाँले प्रचार गर्नुभयो, र उहाँलाई तिनीहरूले जाँचे। मिस्टर पेम्बेर्टनले (Pemberton) उहाँलाई सेवामा नियुक्ति गरेको स्कटल्याण्डमा भएको संस्थालाई चिठी लेख्दा लेख्नुभयो, “ब्राइनेर्डले आफ्नो अभिषेकको लागि उत्रिनु पर्ने जाँचमा सफल हुनुभयो, र सेवाको लागि उहाँमा अचम्मका योग्यताहरू छन्। आफूलाई इन्कार गर्नु भन्ने ठूलो अस्त्र उहाँले बोक्नुभएको छ, र लामो

समय अन्धकारमा बसेको असभ्य मानिसहरूको बीचमा सुसमाचार फैलाउन उहाँमा एउटा असल र जिउँदो जोस छ।" यो चिठी लेखकले ब्राइनेर्डको अभिषेक कार्यक्रममा प्रचार गर्नुभयो। त्यो सेवाको गम्भीरता र त्यसले आफूमा ल्याएको कर्तव्यले उहाँको मनमा गहिरो प्रभाव पार्‍यो ।

उहाँले यो अभिषेक कार्यक्रमको पछिको पहिलो दिनलाई स्कटल्याण्डमा भएको मिसनलाई आफ्नो कामसम्बन्धी चिठी लेख्नुमा बिताउनुभयो। भोलिपल्ट उहाँ त्यहाँबाट फर्किन लाग्दा शरीरमा भएको दुखाइले उहाँलाई सो गर्न दिएन, त्यो बाधालाई हलुका ठानी अगाडि बढ्दा उहाँको दुखाइ बढ्यो, र उहाँ उपचार गर्नै पर्ने बाध्यतामा पर्नुभयो। ३ दिनसम्म उहाँ त्यस्तै अवस्थामा रहनुभयो। मङ्गलवारको दिन उहाँ आफ्नो कठिनाइपूर्ण सवारलाई सुरु गर्न घोडालाई तयार पार्नुभयो, तर त्यो यात्रा उहाँलाई खुसीको यात्रा जस्तै भएको थियो, र ३ दिनको यात्रापछि अलि हिँड्न सक्ने हुनुभएको थियो, र उहाँले आत्मामा हलुका महसुस गर्नुभएको थियो। भारतीहरूलाई उद्धारको बाटोमा डोर्‍याउनुको तुलनामा अन्धकार पनि अँध्यारो छैन भनी उहाँले भन्नुहुन्थ्यो, तापनि मानिसलाई असम्भव हुने कुरा परमेश्वरलाई सम्भव नै छ। सेवा परमेश्वरको हो भनी विश्वास गर्ने उहाँ, महान् कुराको आशा गर्नुबाहेक अरू केहीको आशा गर्न सक्नुहुन्न थियो।

यसरी पाउने आशामा उत्साहित भएर आफ्नो कार्यस्थलमा फर्केको उहाँले चाँडै नै मानिसहरूको ध्यान उहाँको कुरा सुन्न बढी आकर्षित भएको देख्ने इनाम प्राप्त गर्नुभयो। उहाँको व्यवहार देख्ने भारतीहरू अरू गोरा जातिका मानिसहरूजस्तै आफूहरूको बीचमा आउनुमा उहाँमा कुनै पनि स्वार्थपन थिएन भन्ने कुरा बुझ्दथे। उहाँका दिनहरू गनिसकिएका छन् भन्ने कुरालाई उहाँको रूपले बताउँथ्यो। उहाँको कमजोर शरीर र भित्री शक्तिको बीचमा भएको भिन्नता तिनीहरूको ध्यानबाट लुक्न सकेन, र उहाँको शरीर कमजोर भएर पनि कठिनाइपूर्ण कामहरू गर्न उहाँमा भएको शक्तिको स्रोत के हो भन्ने कुरा जान्ने मन तिनीहरूमा भएको हुनुपर्ने। उहाँले भन्नुभएको थियो, "मेरो शारीरिक शक्तिलाई दुर्बलताले जितिरहेछ, मेरा

आँलाहरू पहेँलो हुँदै गएका छन्, र अलि नचल्ने पनि भएका छन्, मुस्किलले मेरा आँलाहरूलाई सीधा पार्न सक्छु। घोडाबाट ओर्लिंदा मुस्किलले हिँड्न सक्छु, मेरा जोर्नीहरू खुस्केको जस्तो महसुस हुन्छ। गोरो जातिका मानिसहरूलाई प्रचार गर्दा परमेश्वरले मलाई प्रार्थनामा धेरै सहायता गर्नुभयो, धेरै जना भारतीहरू पनि प्रेरित भएर सभामा सुन्न आएका थिए, र एक जना मानिस उद्धारको बारेमा धेरै चिन्तित पनि हुनुहुन्थ्यो।"

उहाँ भारतीहरूको बीचमा आइपुग्दा तिनीहरूले आफ्नो देवताको लागि चाड मनाउन र नाच्न तयार गरिरहेका थिए; जुन समय उहाँको प्रभाव फैलिनको लागि नमिल्दो समय थियो, यी कुराले उहाँलाई धेरै दुःखित तुल्यायो, र आफू गएर ती कुरालाई रोक्नुपर्छ भनी उहाँलाई लाग्थ्यो, तर यस्तो परिस्थितिमा तिनीहरूको कामलाई कसरी आफू रोक्न सक्छु भनी जान्नुहुन्न थियो। उहाँ एकान्त ठाउँमा प्रार्थनामा समय बिताउन जङ्गलमा जानुभयो। उहाँ प्रार्थना गर्दा यति दुःखित हुनुहुन्थ्यो, कि उहाँको शरीरबाट पसिना बगिनिस्क्यो। उहाँ प्रार्थना सकेर उठ्दा हिँड्न सक्नुभएन। उहाँको शरीर धुलोमा डुब्न लागेको जस्तै भएको थियो। भोलिपल्ट उहाँ तिनीहरूको चाड मनाउने ठाउँतिर सवार गर्नुभयो, र भारतीहरूले दङ्गाफसाद भएको अवस्थामा चाड मनाइरहेको भेट्टाउनुभयो। उहाँ तिनीहरूको बीचमा एउटा परदेशी जस्तै भए तापनि उहाँको प्रभाव यति ठूलो थियो, कि हल्ला गर्ने भीड शान्त भयो, र आफ्नो नसिद्ध्याएको चाडलाई छोडेर चुपचाप भएर उहाँको सुसमाचार सुन्ने गरी तिनीहरूको बीचमा उहाँ विजय हुनुभयो। मध्यान्हको समयमा पनि फेरि भेला भएर तिनीहरूले कहिल्यै नसुने जस्तै गरी ध्यानसित उहाँको कुरा सुने, यसरी उहाँले तिनीहरूलाई जित्न सक्नुभयो भने उहाँलाई सफलताको आशा गर्ने कारणहरू निश्चय नै छ।

उहाँले यसरी आयरल्याण्डका मानिसहरूको बस्तीमा रहँदा चारैतिर स्थलगत भ्रमण गरेर धेरै नै शारीरिक र मानसिक दुःखसहित भारतीहरूको बीचमा प्रचार गर्नुभयो। उहाँको ठूलो एउटा समस्या भारतीहरूलाई आफ्नो

जङ्गली र असभ्य अन्धविश्वासद्वारा दासत्वमा राखेका झाँक्रीहरू थिए। ब्राइनेर्डले खुला रूपमा तिनीहरूलाई विरोध गर्नुहुन्थ्यो, र तिनीहरूलाई मन्त्रद्वारा आफ्नो जीवनको नोक्सानी पुऱ्याउन चुनौती दिनुहुन्थ्यो, त्योद्वारा ती झाँक्रीहरू जति नै ठूला मानिसहरू भए पनि आफ्ना केशलाई पनि हानि पुऱ्याउन नसक्ने कुरा भारतीहरूलाई प्रमाणित गर्नुभयो। आफ्नो सबै मन्त्रहरू प्रयोग गरेर असफल भइसकेपछि, उहाँले आफ्नो खानेकुरामा एकदमै बढी नुन खाने भएकोले आफ्नो मन्त्रले काम गरेन भनी ती झाँक्रीहरूले घोषणा गरे; भारतीहरू आफ्नो अन्धविश्वासमा नै अडिग भएर बसे, ती झाँक्रीहरू मन्त्रमा असफल भए पनि तिनीहरूको तन्त्रले जिते।

काममा भएको कठिनाइको कारण उहाँको स्वास्थ्य बिग्रिरहेको अवस्थामा अगस्ट ५ तारिख आइतबारको दिन उहाँले भारतीहरूलाई आफू उभिन नसक्दा पनि बसेरै २ पल्ट प्रचार गर्नुभयो। उहाँले लेख्नुभएको छ, "म रातमा अति नै कमजोर भएको थिएँ, अस्वस्थता र दुखाइले सताइरहेको थियो। मेरो स्वास्थ्यमा कुनै पनि परिवर्तन छैन, गएको हप्ता जस्तै नै अहिले पनि छु; कुनै पनि काममा सहभागी हुन सकिनँ, र धेरै पटक प्रार्थना गर्न पनि सकेको छैन। मेरो सोच र विचारलाई नियन्त्रण गर्न सकिनँ, आफ्नै तरिकाले त्यसलाई बग्न दिन बाध्य भएँ, किनभने धर्मशास्त्र पढ्न, अध्ययन गर्न र प्रार्थना गर्ने ममा शक्ति छैन। एउटा डुङ्गामा आफ्नो सबै सम्पत्ति भएर त्यो ठूलो बाढीमा परेर अनियन्त्रित भएर बगिरहेको जस्तै महसुस गरेँ, त्यसको मालिक किनारमा बसेर हुने नोक्सानलाई देखेर विलाप गरिरहनुभएको छ। हाय! मेरा सबै कुराहरू त्यस्तै भए तापनि म उभिएर त्यसलाई हेरिरहँदा पनि विलाप गर्ने आँट गर्दिनँ, र त्यसो गरेँ भने अझै मेरो आत्मा डुबेको जस्तै महसुस गर्छु, र त्यसले मेरो शारीरिक पीडालाई उत्तेजित पार्दछ; यसैले सानोतिनो कुरामाथि आफ्नो मनलाई फर्काउन बाध्य भएको छु, र फेरि आफूले समयलाई सदुपयोग नगरेकोमा आफ्नो मनले आफैलाई दोषी ठहराउँदछ। मेरो विवेकले यस्तै समय बिताउन सिकेको कारण ममा शान्ति छैन, र यसबाट छुटकारा पाउन र त्यसलाई सुधार्न मेरो मन र शरीरमा शक्ति छैन।

हाय! परमेश्वरले मेरो दयनीय अवस्थामा दया गरून्।”

उहाँ घोडामा चढ्न सक्ने हुने बित्तिकै डेलवेरमा भएको वासलाई छोडेर न्यू इङ्ल्याण्डतिर सवार गर्नुभयो। उहाँ ३ हप्ता त्यहाँ अनुपस्थित हुनुभएको थियो, जसको अधिकांश समयहरूमा सयौँ माइल सवार गर्नुभयो। उहाँले यात्रा गर्नुभएका बाटाहरू स्वस्थ मानिसहरूलाई पनि अति नै कठिन बाटाहरू थिए, जुनमा उहाँ जस्तै अस्वस्थ मानिसले नयाँ बाटाहरू पत्ता लगाउँदै जानु असम्भव नै थियो। उहाँ अलि बल पाउने बित्तिकै आफ्नो ठाउँमा फर्किनुभयो, र आउने बित्तिकै आफ्नो मिसन कामको योजना भित्र पर्ने भारतीहरू बस्ने सस्क्वुहेना नदीतिर यात्रा गर्न तयार हुनुभयो। उहाँसँग एक जना सेवक र एक जना भाषा अनुवादक र दुई जना डेलवेरका भारतीहरू पनि थिए। तिनीहरूले तिनीहरूमध्ये कसैले नदेखेको अप्ठ्यारो र खतरापूर्ण बाटोमा यात्रा गर्नुपर्ने भयो, कतै पनि सम्म ठाउँ नभएको सबै चट्टान, उपत्यका र पहाडले भरेको बाटो थियो। यात्रा गरिरहँदा ब्राइनेर्डको घोडा उहाँ त्यसमाथि बसेको अवस्थामा नै लडेर घाइते भयो, र त्यसको दुखाइबाट छुटाउन त्यसलाई मार्नुपर्ने बाध्यतामा पर्नुभयो। उहाँ आफैचाहिँ घाइते हुनुभएन, तर तिनीहरूको समूहले त्यो दिनको रातलाई अक्टोबर महिनाको जाडोमा जङ्गलमा बिताउनुपर्ने भयो। उहाँहरूले आगो लगाएर आफैलाई घाँसपातले छोपेर दुःखबिना रात बिताउनुभयो। भोलिपल्ट हिँडेर अघि बढे, र फेरि रातचाहिँ अघिको दिन जसरी नै बिताए। यस्तै दुर्घटनामा परेर निराश हुनुको सट्टामा त्यस्तो खतरापूर्ण दुर्घटनामा आफूलाई कुनै पनि चोटपटक हुन नदिएकोमा उहाँ धन्यवादी भएर परमेश्वरको प्रशंसा गर्नुभएको थियो।

३ दिनको यात्रापछि सस्क्वुहेनाको नदीको छेउमा आइपुग्नुभयो, र त्यहाँ १२ वटा घर भएको भारतीहरूको बस्ती भेट्टाउनुभयो। उहाँले त्यहाँको राजालाई सत्कार गरिसकेपछि आफू ख्रीष्टिय सिद्धान्त सिकाउन आएको कुरालाई बताउनुभयो। राजाले अवरोध नगरीकन भारतीहरूलाई सुन्न भेला गराए, उहाँको कुरा सुनिसकेपछि आफूहरू सिकार खेल्न जान तयारी गर्नुमा व्यस्त भए पनि भोलिपल्ट पनि सुन्न सहमत भए। यसरी

अनादर नगरीकन आफ्नो व्यस्ततालाई पनि छोडेर तिनीहरूले उहाँको कुरा सुने, तर ब्राइनेर्ड भन्नुहुन्छ, "तिनीहरू इमानदार भएर सुने तापनि ख्रीष्टिय सिद्धान्तको विरोधमा धेरै अवरोध ल्याए," अवरोधहरू के थियो भनी उहाँले भन्नुभएको थिएन, तर त्यो निश्चय नै ख्रीष्टिय सिद्धान्तमा जिउनेहरू भन्ने नाम भएका मानिसहरूद्वारा तिनीहरूले भोगेको दुःखले गर्दा नै हुनुपर्छ भन्ने कुरा शङ्का गर्न नसक्ने कुरा हो। भारतीहरूले ख्रीष्ट र ख्रीष्टियनहरूका बीचमा भएको भिन्नतालाई छुट्याउन सक्नुपर्छ भनी हामीले इच्छा गर्न सक्दैनौँ, ख्रीष्टका नाम लिनेहरूबाट तिनीहरूले चोट पाए भने स्वाभाविक रूपमा तिनीहरूले सोच्छन् त्यो धर्मले त्यस्तो अनैतिक कुराहरूको लागि अनुमति दिँदछ, अथवा त्यस्तै कुरालाई रोक्ने क्षमता त्यसमा छैन; र तिनीहरूले त्यो धर्मलाई इज्जत पनि दिन सक्दैनन्। त्यो सभाले कुनै परिणाम ल्याएन, भारतीहरू सिकार खेल्न गए। ब्राइनेर्डको समूह पहिलाको जस्तै दिनहरूमा हिँडेर रातहरूमा वास बसेर कठिनाइसहित नै आफ्नो ठाउँमा फर्कियो।

ब्राइनेर्डको रोगको कारण हुन सक्ने उहाँको सलबलाउने स्वभावले उहाँलाई सधैँ यात्रामा नै राख्यो। सस्क्वुहेनाबाट फर्केको थोरै समयभित्र नै उहाँ न्यू योर्कमा हुने प्रेस्बिटेरि(Presbytery) सभामा सहभागी हुन जानुभयो। एर्डवार्ड भन्नुहुन्छ, त्यो सभाले आफ्नो मनलाई फर्काएर धर्मप्रति भएको प्रेमलाई सेलाउन सक्छ भन्ने डरले, धेरै अनिच्छुकतासहित ब्राइनेर्डले त्यतातिर यात्रा गर्नुभयो। त्यो सभामा मन फर्काउने कुरा के थियो भन्ने बारेमा उहाँले आफ्नो दैनिकीमा लेख्नुभएको कुराहरूबाट थाहा पाउन सक्छौँ, "नोभेम्बर २२: टाउको दुखाइ र रुघा लागेको अवस्थामा म रकसिटिकस (Rockciticus) बाट डेलवेर आइपुगेँ। बेलुका ६ बजेतिर मैले जङ्गलमा बाटो बिराएँ, चट्टान, पहाड, भिरहरू र खतरापूर्ण ठाउँहरूमा डुलिहिँडेँ, रात धेरै अँध्यारो थियो, र थोरै ताराहरू मात्र देखिरहेका थिए। मैले धेरै नै दुःख भोगेँ, मेरो टाउको दुखाइ सहन धेरै कठिन थियो, चिसोले मलाई साह्रै सताइरहेको थियो, साथै मेरो पेट पनि दुखिरहेको थियो। यस्तो अवस्थामा मेरो हरेक पाइला मेरो लागि अति नै दुःखदायी थियो। ममा थोरै आशा थियो, तर मैले रोकेँ भने त्यो रात

जङ्गलमा काट्नुपर्थ्यो। तर परमेश्वरको प्रशस्त भलाइको कारणले राती ९ बजे एउटा घर भेट्टाएँ, र तिनीहरूले मलाई असल तरिकाले सत्कार गरे र हेरचाह गरे। यसरी म दुःखमा परेको छु, तर परमेश्वरलाई धन्यवाद होस्, उहाँले मलाई आजसम्म सुरक्षित राख्नुभएको छ। पहिलेको समयहरूमा यसरी चिसोपन र वर्षामा दुःख भोग्नुपर्दा भविष्यमा एउटा आरामदायी घरमा सबै सुविधासहित आगो ताप्ने छु भन्ने आशाले त्यसलाई सहन्थेँ, तर आजकाल ती कुराहरूका लागि मेरो मनमा थोरै ठाउँ मात्र छन्। यस्ता कठिनाइहरू र **दुःखहरूले मलाई संसारबाट झन्झन् अलग पार्दै छन्।"**

करिब १ महिनासम्म एकसमान सफलता नै नपाए पनि उहाँ जोससहित निरन्तर सिकाउने काममा लागिपर्नुभएको थियो। भारतीहरूको पुरानो बानी व्यवहार कुनै-कुनै बेला उहाँले सामना गर्न सक्ने भन्दा कडा थियो; चाडपर्वमा भारतीहरूलाई मनपर्ने मोजमज्जाबाट अलग पार्न सक्नुभएन। त्यहाँ पनि उहाँले कनाउमीकमा भएजस्तै आफू शान्त वातावरणमा समय बिताउन एउटा घर बनाउनुभयो। त्यो घर एउटा गोरा जातिको परिवार बस्ने घरको नजिक थियो, जुन परिवारसँग मिलेर बिहान र बेलुका सङ्गति गर्ने बानी बसाल्नुभएको थियो। डिसेम्बर महिनाको अन्ततिर ती मानिसहरूको बीच आफूले कुनै प्रभाव पारेको कुरालाई महसुस गर्नुभयो। उहाँले प्रचार गरिरहँदा ध्यानसित सुनिरहेका मानिसहरूको बीचमा १०० वर्षभन्दा बढी उमेर भएको एक जना वृद्ध मानिस धेरै प्रभावित हुनुभयो, ताकि उहाँको आँखाबाट आँसु बग्न थाल्यो। पुरानो रीतिरिवाजमा बलियो रूपमा स्थापित भएका अरू मानिसहरूले उहाँले प्रचार गरेको कुरामा त्यति रुचि नदेखाए पनि त्यो देखेर प्रभावित भए। यो यथार्थ थियो, कि उहाँ पहिले कहिल्यै नभएझैँ तिनीहरूको हृदयको नजिक आउनुभएको थियो।

हिउँद महिनाहरूलाई तिनीहरूको बीचमा बिताइसकेपछि आफ्नो मिसनको एक जना सहकर्मीलाई सहयोग जुटाउनको लागि ग्रीष्म ऋतुमा न्यू जर्सी, न्यू योर्क र न्यू इङ्ल्याण्डतिर यात्रा गर्नुभयो। उहाँको जीवनी

लेखकले ती कुराको बारेमा कुनै जानकारी दिनुभएन, र त्यसमा उहाँ सफल हुनुभयो, कि हुनुभएन भन्ने कुरा पनि बताउनु भएन। त्यहाँबाट फर्किसकेपछि सस्क्वुहेनामा बस्नको लागि अनुमति प्राप्त गर्न त्यो क्षेत्रलाई आफ्नो भनी दाबी गर्ने ६ वटा देशहरूको गठनले राखेको राज्यपाललाई भेट्न फिलडेल्फिया (Philedelphia) जानुभयो, तिनीहरूको दाबीको लागि कुनै आधार थिएन, तरै पनि तिनीहरूलाई विरोध गर्न नसक्ने गरी तिनीहरू बलिया थिए; त्यसै भएकाले तिनीहरूलाई विरोध गर्नुभन्दा तिनीहरूसँग मिल्नु अति सजिलो थियो। यहाँ पनि उहाँको जीवनी लेखकले उहाँको यात्रा त्यसको कठिनाइ र उहाँ त्यसमा सफल हुनुभयो कि हुनुभएन भन्ने कुराको जानकारी दिनुभएको छैन। यसरी धेरै कुराहरू आवश्यक नपर्ने कुराहरू भनी उहाँको जीवन चरित्रबाट छुटाएको हामी पाउन सक्छौँ, जुन कुरालाई लेखेको भए त्यो अति महत्त्वपूर्ण कुरा हुन्थ्यो। उहाँ फिलडेल्फियाबाट फर्किसकेपछि, सदा झैँ यात्राको अघिको दिनलाई उपवास र प्रार्थनामा नबिताएको अवस्थामा आफूमा सस्क्वुहेना (Susquehanna) फर्किन बल छैन भनी थाहा हुँदाहुँदै यात्रा सुरु गर्नुभयो। यात्रा गर्न सक्छ भन्ने आत्मविश्वास नहुँदा नहुँदै पनि आफ्नो अनुवादकलाई साथमा लिएर उहाँ यात्रामा जानुभयो, र आफूले कहिल्यै नभोगेको र आफूले सोचेको भन्दा पनि बढी कठिनाइहरूको सामना गर्नुभयो। पहिलो दिनको रात वास नपाएर जङ्गलमा बस्नुभयो, र दोस्रो दिन ठूलो बतासमा पर्नुभयो, जसले उहाँको शरीरलाई मृत्युको मुखमा पुग्ने गरी चिसो बनायो। वर्षाबाट सुरक्षित रहन कुनै पनि सामाग्रीहरू नभएपछि आफ्नो यात्रालाई रोक्दा आफू मर्न सक्छ भन्ने सोचमा, अगाडि बढ्न अति नै कठिन भइरहेको हुँदा पनि, यात्रालाई निरन्तरता दिनुभयो। अझै समस्यालाई ठूलो बनाउने गरी उहाँहरूका घोडाहरूले जङ्गलमा विषालु बोटबिरुवाहरू खाएको कारण बिरामी भए, र उहाँहरू ओर्लेर घोडालाई हिँडाएर लैजान पर्ने बाध्यतामा पर्नुभयो, तापनि उहाँहरू निराश हुनुभएन, रात पर्ने बेलामा मानिसहरूले छोडिसकेको एउटा छाप्रो भेट्टाउनुभयो, जुनचाहिँ उहाँहरूलाई त्यति बेलाको लागि राजाको दरबारभन्दा पनि ठूलो थियो।

यसरी सुरक्षित भएर सस्क्वुहेना नदीसम्म पुग्नुभयो, र त्यसको किनारको छेउछेउ हुँदै विभिन्न जातिहरूलाई सुसमाचार प्रचार गर्ने प्रयासमा १०० माइलभन्दा बढी यात्रा गर्नुभयो, तर तिनीहरूले उहाँको



BRAINERD PREACHING TO THE INDIANS.

कुरालाई कठोर हृदयले स्वीकार गरे, जुन कुराले उहाँलाई निराश तुल्यायो। यात्रामा हुँदा कनाउमीकमा उहाँको शिक्षा सुनेका भारतीहरूलाई भेट्न पाउँदा उहाँ सन्तुष्ट हुनुभयो, र तिनीहरूले उहाँको शिक्षा फेरि सुन्न पाएकोमा खुसी भएर उहाँलाई आनन्दसहित स्वागत गरे, र सबै निराशपनको बीचमा उहाँले यात्रालाई अगाडि बढाउनुभयो; दिनहरूमा प्रचार गर्नुभयो, र रातहरूमा वास बस्नुभयो। कहिलेकाहीँ खुला ठाउँहरूमा रात बिताउनुभयो। अन्तमा अचानक, सवार गरिरहेको बेला उहाँलाई ज्वरो आयो, त्यसले धेरै दुखाइ ल्यायो, र आउँ परेर धेरै रगत बग्न थाल्यो। उहाँ एउटा भारतीय व्यापारीको छाप्रो नभेट्टाएको भए मरिसक्नुहुन्थ्यो। त्यहाँ उहाँलाई औषधी, वास्ता र चाहेको भोजन यी कुनै पनि पाएन, तरै पनि कुनै समयपछि उहाँ निको हुनुभयो, र धेरै कठिनाइसहित डेलवेरमा भएको आफ्नो घरतिर लाग्नुभयो। उहाँको शरीर पूर्ण रूपमा कमजोर भइसकेको थियो। हरेकपल्ट उहाँ निको हुँदा उहाँको बल पहिलेको भन्दा कम हुन्थ्यो, र भारतीहरूलाई प्रभाव पार्न सक्ने आशा दिनहुँ कम हुँदै जाँदै थियो, त्यस कुराले उहाँलाई अझै दुःखित बनायो। उहाँले आफ्नो बलमा कहिल्यै भरोसा राख्नुभएन, र उहाँले आफ्नो अन्त नजिक हुनको लागि स्वर्गीय निर्णय नभएको महसुस गर्नुभयो।

ब्राइनेर्डले माथि भनेको यात्रा सुरु गर्नुभन्दा ३ दिन अघि श्रीमान् सर्जेन्टलाई लेख्नुभएको पत्र तल दिएको छ।

"उड्बरी सन् १७४५ मार्च १५

"आदरणीय श्रीमान् सर्जेन्ट,

"गएको नोभेम्बर महिना मैले श्रीमान् भ्यान स्चैकद्वारा तपाईंलाई चिठी पठाउने कोसिस गरेको थिएँ, तर उहाँ मैले सोचेको भन्दा १ घण्टा अगाडि नै न्यू योर्क जानुभयो, र म निराश भएँ, अहिले म हतारमा यो चिठी लेख्दै छु, त्यसकारण म सबै कुराहरूलाई विस्तारित रूपमा लेख्न नसके तापनि मुख्य कुराहरूलाई छोटकरीमा लेख्दै छु। मेरो कामको

बारेमा भन्नुपर्दा गएको अक्टोबर महिना म सस्क्वुहेना गएको थिएँ, त्यहाँ तपाईं पहिले गएको ठाउँदेखि १५–२० माइल टाढा नदीको किनारमा भएको ओपेहोलाउपङ (Opehollaupung) भन्ने ठाउँमा भएका भारतीहरूलाई धेरै पटक प्रचार गर्दै समय बिताएँ। मैले तिनीहरूबाट अलिकति उत्साहित भएको महसुस गरेको छु, र ईश्वरीय सहयोग भएको खण्डमा, ढोका खोल्यो भने आउँदो महिनाको बिचतिर फेरि तिनीहरूको बीचमा जाने र गर्मी यामलाई तिनीहरूको बीचमा नै बिताउने निर्णय गरेको छु। तिनीहरूको बीचमा जानुको एउटा कठिनाइचाहिँ तिनीहरू बस्ने ठाउँहरू ६ ओटा देशहरूको गठनको अधीनमा पर्छ, र तिनीहरूले आफ्नो अधीनमा भएको भू–भागमा मिसनरी आउन अनुमति दिने कुराको निश्चय छैन, तापनि त्यो गठनसँग नजिक भएको पेन्सीलबानियाको राज्यपालको प्रभावद्वारा यो समस्यालाई हटाउन सकिन्छ। सबै मानिसहरूका हृदयलाई आफ्नो हातमा राख्ने परमेश्वरले नै तिनीहरूका हृदयलाई सुसमाचारको लागि खोलिदिउन्।

“हिउँद सकिसक्यो, म डेलवेरमा भएका भारतीहरूको बीचमा उत्साहित भएको छु तिनीहरू गम्भीरतासाथ ध्यान दिएर सुन्न थालेका छन्, र शिक्षा सुन्न धेरै इच्छुक भएका छन्, तापनि मैले धेरै निराशपनहरूलाई पनि सामना गर्नुपर्ने भयो, र तपाईंलाई कुन कुरा बताउनु भन्ने कुरा मलाई थाहा छैन, तरै पनि म निरुत्साहित भएको छैनँ। परमेश्वरको शक्ति प्रकट हुने समय आउँदा तिनीहरू अझै यी कुरामा इच्छुक हुनेछन्।

“म तपाईंको बारेमा पनि सुन्न चाहन्छु, विशेष गरी एउटा नि:शुल्क आवासीय विद्यालय खोल्ने तपाईंको योजनासम्बन्धी बुझ्न चाहन्छु, मेरो मनमा भएका सबै बोझहरूमध्ये मलाई पनि एउटा मुख्य कुराचाहिँ नि:शुल्क विद्यालय खोल्नु हो। तपाईंको सफलता असफलता बुझ्न पाउँदा मेरो इच्छा कहाँसम्म पूरा हुन्छ भन्ने कुरा बुझ्न सक्छु। तपाईंको त्यो योजनाको लागि सहयोग गर्न मलाई पनि पूर्ण इच्छा छ, तर म सक्छु कि सक्दिनँ थाहा छैन, अथवा भएको परिस्थितिमा नै दिनु मेरो कर्तव्य हुन्छ कि म जान्दिनँ। मैले धेरै नोक्सानी भोगिसकेँ, भर्खरै मात्र ६०–७० पाउण्ड

नोक्सान भयो। मेरो यात्रामा मेरो घोडा लडेर खुट्टा भाँच्यो, र त्यसलाई मार्न पर्ने बाध्यतामा परेँ, र पैदल यात्रा गरेँ। एक्लोपनले सताएको कारण एउटा सहकर्मी खोजेर राखेँ, र उसलाई तलब दिन स्कटल्याण्डबाट रकमको आशा गर्न नसक्ने भएको कारण म आफैले व्यवस्थापन गर्नुपर्ने भएको छ।

"मेरो चिया कित्लीलाई मिस्टर जो.उड्वृजलाई बेचेँ, र मेरो फलामको कित्लीलाई मिस्टर तिमोथी उड्वृजलाई बेचेँ, जसको मूल्य ४ पाउण्डभन्दा अलिकति बढी छ, जुन रकमलाई तपाईंको विद्यालयलाई दिनु भनी भनेको छु। म आशा गर्छु तपाईंले त्यो रकमलाई त्यो कामको लागि प्रयोग गर्नुहुन्छ; नभएको खण्डमा तपाईं त्यसलाई आफ्नो व्यक्तिगत खर्चको लागि पनि प्रयोग गर्न सक्नुहुन्छ। मेरो चिया–भाँडा र मेरो ओछ्यानको तन्नालाई पनि त्यही कामको लागि दिन इच्छुक छु।

"मेरो छालाका कम्बलहरूलाई बनाउन मिस्टर उड्वृजलाई दिएको छु, उहाँले त्यस्तो गर्नुभएन भने, छालाहरूलाई मिस्टर होपकिन्सलाई अथवा मिस्टर बेलामीलाई पठाउनुभयो भने असल हुनेछ।

तपाईंको परिवार र साथीहरूलाई पनि सम्झेको छु भनी भनिदिनुहोला,

"श्रीमान् सर्जेन्ट, म धेरै हतारमा छु।

तपाईंको आज्ञाकारी सेवक डेविड ब्राइनेर्ड"

यो चिठीले लेखकको साधारण जीवन र गुणलाई प्रकट गराउँदछ, अनि यसले अरूलाई दया देखाउन र सहायता गर्न नसक्ने गरी उहाँ कहिल्यै पनि आफ्नो इच्छा र योजनामा बाँधिनुभएको थिएन भन्ने कुरालाई प्रकट गराउँदछ। साथै उहाँका स्रोतहरू कति थोरै थिए, र उहाँ परमेश्वरको राज्यको लागि आफूसँग भएको सबै कुरालाई बलिदान दिन कति तयार हुनुहुन्थ्यो भन्ने कुरालाई पनि यसले प्रकट गराउँदछ। ब्राइनेर्डको हृदय कतिको बलियो थियो भन्ने कुरालाई थाहा पाउन उहाँले

लेख्नुभएको, "प्रदर्शित स्वर्गीय अनुग्रह (Divine Grace Displayed)" लेखलाई हेर्न आवश्यक छ। भारतीहरूको पास्टरको रूपमा उहाँ हुनुहुँदा तिनीहरूलाई उहाँले धेरै ध्यान दिनुपर्थ्यो। तिनीहरूले साधारण जानकारीहरू पनि पाएका थिएनन्, र बुद्धिलाई प्रयोग गरेर गरिने कुनै पनि काम गर्ने बानी उनीहरूमा थिएन। तिनीहरूको इच्छा र व्यवहार सोचमा भर परेको थिएन, यसैले तिनीहरूलाई ख्रीष्टिय सिद्धान्त सिकाउँदा त्यसलाई धेरै पटक दोहोऱ्याउनुपर्थ्यो, यी सबै बाहेक उनीहरू जोस नभएको रित्तो आत्मा भएका मानिसहरू थिए। तिनीहरूलाई ख्रीष्टिय सिद्धान्तप्रति इच्छुक बनाउनु गाह्रो कुरा थियो, भोलिको बारेमा सोच्न नसक्नेलाई मृत्युपश्चात्को जीवनको बारेमा सोच्न सिकाउनु कसरी हुन सक्छ र ? मानिसहरूको ध्यानलाई आकर्षण गर्नुभन्दा अलिकति मात्र बढी काम गर्न सक्ने उहाँको प्रचारको साथसाथै उहाँले दिनदिनै तिनीहरूलाई शिक्षा दिनुहुन्थ्यो, र बातचितमा समय बिताउनुहुन्थ्यो। तिनीहरूको आत्मिक जीवनको वास्ताको साथसाथै भौतिक कुराहरूको लागि पनि उहाँले वास्ता पुऱ्याउनुपर्थ्यो, र दैनिक जीवनमा चाहेको सहायता, सल्लाह पनि दिनुपर्थ्यो। यसरी थुप्रै नानीहरूको अभिभावकले जस्तै बोझ बोक्नुको साथसाथै उहाँले हरेक वर्ष आफ्नो मिसनसम्बन्धी काममा ४००० माइल सवार गर्नुपर्थ्यो। कुनै पनि व्यक्तिबाट आशा गर्न सक्ने कामभन्दा उहाँको जिम्मेवारी धेरै नै ठूलो थियो।

उहाँ निरन्तर कामको व्यस्ततामा हुनुभएको कारण भारतीय भाषा सिक्न सक्नुभएन, त्यसै कारण भारतीहरूलाई प्रभाव पार्न पनि उहाँलाई गाह्रो भइरहेको थियो। व्यक्तिगत रूपमा भारतीहरूसँग सम्पर्क गर्न नसक्ने भएको कारण भाषा अनुवादकको आवश्यकता पर्थ्यो, तर त्यस्तो अनुवादकको काममा भएको अनुवादक अरू कुराहरूमा योग्य भए तापनि ब्राइनेर्डको भारतीहरूलाई प्रभाव पार्ने सोचलाई विश्वास नगर्नु एउटा समस्या थियो। ब्राइनेर्डले अन्तरात्मादेखि गर्ने प्रचार र बिन्ती अनुवादको जीवन नभएको सुकेको मुखबाट नै निस्कन पर्थ्यो, तर केही समयपछि बुद्धिमान् र भारतीहरूको गुणसँग परिचित भएको ५० वर्ष पुगेको अनुवादक आफै ख्रीष्टमा आफ्नो विश्वास प्रकट गर्न थाल्दा त्यो समस्या

हट्यो। त्यसपछि अनुवादक आफैले आफ्नो जातिका मानिसहरूलाई आफूले कहिल्यै नगरे झैँ जोस र भावनासहित प्रचार गर्न थाल्नुभयो, यो नै ब्राइनेर्डको सफलताको सुरुवात हो।

आफूले सिकाउन कोसिस गरेका सिद्धान्तहरू भारतीहरूलाई बुझाउन ब्राइनेर्डलाई अति नै कठिन भइरहेको थियो। तिनीहरूले आफ्नो धर्ममा आधारित भएर जीवन बिताउँथे, र एउटा महान् आत्मालाई विश्वास गर्थे, र भविष्यमा आफूले इनाम वा दण्ड पाउने कुरामा विश्वास गर्थे। यतिभन्दा पर तिनीहरूलाई लैजान कठिन भइरहेको थियो। उहाँले भन्नुभयो, "ख्रीष्टले पापीहरूको लागि भनी गरिदिएको काम र तिनीहरूको सट्टामा पाप क्षमा दिनको लागि उहाँले भोग्नुभएको दुःख, यी कुराहरूलाई ठीक तरिकाले बुझाउनु अति कठिन कुरा थियो।" परमेश्वरले त्यो बलिदानबिना किन सबैको पाप क्षमा गर्न सक्नुभएन, र सबैले दण्ड पाउनुको सट्टामा एक जनाले दण्ड भोग्नु कसरी न्यायसङ्गत हुन्छ भनी बुझ्न सक्दैन थिए। यसरी विभिन्न प्रश्नहरू आउँदा तिनीहरूलाई सन्तोषजनक उत्तर दिन उहाँलाई गाह्रो हुन्थ्यो। उदाहरणको लागि भन्नुपर्दा: सबै मानिसहरू एउटै आमा–बुबाबाट आएको भए त कसरी भारतीयहरू मात्र कालो भए ? र सबै एकै ठाउँबाट आएको भए कसरी गोरा जातिका मानिसहरू आफ्नै ठाउँमा रहँदा कालो जातिका मानिसहरू मात्र यस ठाउँमा आइपुग्नुपर्ने भयो ?

भारतीहरूको बानी व्यवहार पनि सभ्य समाजमा पढेर हुर्केको मिसनरीलाई बाधा नै थियो। धुवाँ र घिनलाग्दो फोहोर–मैलाले भरेको तिनीहरूको घरमा कुरा गर्न जाँदा, त्यसले उहाँलाई टाउको दुखाइ र अरू पीडाहरू ल्यायो। उहाँले बोलिरहेको बेलामा बच्चाहरू हल्ला गर्थे र आमाहरूले तिनीहरूलाई शान्त पार्न कोसिस गर्दैनथे। कुनै बच्चा कुकुरसँग खेलिरहेका, कुनै घरको वयस्क काममा व्यस्त हुन्थे, र उहाँको उपस्थितिको वास्ता थोरै मात्र हुन्थ्यो। यी सबै उहाँलाई इज्जत नगरेको कारण होइन, तर तिनीहरूले सभ्यता सिकेका थिएनन्। उहाँ धेरैपल्ट आफू भारतीहरूसँग बोल्नु असम्भव छ भनी निराश भएर बोल्न छोड्नु

पनि हुन्थ्यो।

उहाँले भोगेको यी थोरै कठिनाइहरू, ती गोरा जातिका मानिसहरूद्वारा झन् हजार गुणा बढ्दै गयो। ख्रीष्टियन भन्ने नाम बोक्ने गोरा जातिको ढाँट्ने र लुट्ने स्वभावको कारण भारतीहरूको बीचमा ख्रीष्टियनहरूप्रतिको विचार असल नभएको मात्र नभएर, गोरा जातिका मानिसहरूले आफ्नो सिकार ठान्ने समुदायलाई माथि उठाउन विरोध गर्ने भएर पनि कठिनाइहरू बढ्यो। भारतीहरूको सिमानामा बस्ने गोरा जातिले आफ्नो खराब व्यवहारलाई साहससँग प्रकट गर्थे, र तिनीहरू विवेक र मानवताभन्दा बाहिर थिए। गुणलाई हेर्ने मानिसहरूले सोध्थे, को चाहिँ असभ्य र को चाहिँ सभ्य ? प्रश्नको उत्तर सजिलै मिल्थ्यो।

# अध्याय – ४

# भारतीहरूको बीचमा जागृति

यति बेलासम्म ब्राइनेर्डले ध्यानसित काम गरेर तिनीहरूमा हुने सानोभन्दा सानो परिवर्तनलाई ख्याल गरे तापनि आफूले थोरै मात्र सफल भएको हो भन्ने कुरालाई उहाँ आफैले स्वीकार गर्नुभयो। तर अहिले परिस्थितिहरू परिवर्तन हुन थाले, एउटा नयाँ इच्छा भारतीहरूको बीचमा सुरु हुन थाल्यो, निराश भइसकेकाहरूले आशा पाए; जागृतिलाई अविश्वास गर्नेहरूले भइरहेको परिवर्तन देखेर छक्क परे; जागृतिलाई स्वीकार गर्न नसक्नेहरू त्यहाँ जागृति सुरु भयो भनी स्वीकार गर्नुबाहेक अरू विकल्प थिएन। अघिका थोरै मानिसहरूले मात्र पाएको एउटा ठूलो कटनीको आशामा लामो समयदेखि परिश्रम गरेको मिसनरी रमाउनुभयो। यो उहाँलाई धेरै खुसीको कुरा थियो, किनभने यो लामो समयदेखि पर्खिएको कुरा थियो, र उहाँको अन्त भइरहेका दिनहरूलाई खुसी पार्न यो आएको थियो।

न्यूजर्सी प्रान्तमा भएको क्रसविक्स (Crossweeks) र क्रसविक्सङ (Crossweeksung) भन्ने ठाउँहरूमा भएका भारतीहरूको बस्तीको बारेमा सुनेर आफ्नो ठाउँबाट १८ माइल टाढा भएको त्यो ठाउँमा जाने निर्णय उहाँले गर्नुभयो; तिनीहरूले ख्रीष्टिय सिद्धान्तलाई स्वीकार गर्छन् कि गर्दैनन् भन्ने कुरा जान्नु उहाँको उद्देश्य थियो। उहाँहरूले साना–साना बस्तीहरूमा एक–अर्काबाट टाढा बसेको देख्नुभयो, जसले गर्दा तिनीहरू सबैलाई एकै ठाउँमा भेट्न कठिन थियो। उहाँ आफूले भेला पार्न सक्ने थोरै मानिसहरूको बीचमा सुसमाचार सुनाउन प्रयास गर्दा तिनीहरू सुन्न धेरै इच्छुक भएको कुरा थाहा पाउनुभयो, र तिनीहरू अरू भारतीहरू जसरी बाधा ल्याउने र अनावश्यक प्रश्नहरू उठाउने काम गर्दैनथे। तिनीहरू थोरै महिलाहरू र नानीहरू मात्रै थिए, तर आफ्ना साथीहरूको

बीचमा भोलि प्रचारकले प्रचार गर्नुहुन्छ भनी खबर दिनको लागि १२ देखि १५ माइलसम्म जान तयार भए।

७–८ जना जति भेला भए, र पहिलेको समूह जसरी नै ब्राइनेर्डले भन्ने हरेक कुरालाई विरोध नगरीकन ध्यानसित सुने। उहाँ तिनीहरूको बीचमा एक हप्ताभरि दिनको एकपल्ट प्रचार गर्नुभयो, र त्यो समूहको सङ्ख्या र उहाँको प्रचारप्रतिको ध्यान बढ्दै गयो, तिनीहरूले उहाँलाई दिनको दुई पटक प्रचार गर्न अनुरोध गरे, र यो कुरा आफ्नो क्षमताको लागि धेरै गाह्रो बोझ भए तापनि उहाँले स्वीकार गर्नुभयो। तिनीहरू यो कुरामा यति आकर्षित भए, कि आफ्नो खानाको पनि वास्ता गरेनन्। उहाँको १० दिनको प्रचारपछि सुन्नेहरूको सङ्ख्या ५० जनासम्म पुग्यो, जसलाई एउटै आत्माले तिनीहरूको प्राणको भलाइको निम्ति चलाउनुभएको थियो।

उहाँ चाँडै नै आफ्नो परिश्रमले गर्दा कमजोर हुनुभयो, र आफूले नचाहँदा–नचाहँदै पनि तिनीहरूलाई छोडेर विश्राम लिनको लागि न्यू जर्सीमा भएका साथीहरूकहाँ जान बाध्य हुनुभयो। ती भारतीहरूले उहाँलाई फेरि भेट्न धेरै इच्छा व्यक्त गरे, र उहाँ फर्किंदा धेरै मानिसहरूलाई भेला पार्ने प्रतिज्ञा पनि गरे। एउटी स्त्रीले आँसु बगाउँदै आफ्नो हृदयलाई परमेश्वरले परिवर्तन गरून् भनी इच्छा व्यक्त गरिन्। तिनीहरूका मुखियाहरूमध्ये एक जना वृद्ध मानिस आफ्नो भविष्यको उद्धारप्रति चिन्तित भएर धेरै रुनुभयो, यस्तै परिस्थितिमा तिनीहरूलाई छोडेर गएकोमा तिनीहरूको बीचमा भएको प्रभाव मेट्न सक्ने सम्भावना देखेर उहाँ जान अनिच्छुक हुनुहुन्थ्यो, तर उहाँलाई जानु आवश्यक थियो। उहाँको दैनिकीबाट हामी यो थाहा पाउन सक्छौँ कि आफ्नो अगाडि भएको मौकाद्वारा यति प्रभावित हुनुभयो, कि उहाँमा सधैँ भइरहेको निराशपनले उहाँलाई छोड्यो, र अब धेरै वर्षहरूदेखि मनभित्र रहेको दुःखबाट छुटकारा पाउनुभयो।

डेलवेरमा भएका भारतीहरूलाई छोडेर जान सक्ने परिस्थिति हुने बित्तिकै सन् १७४५ अगस्ट १ मा क्रसविक्सङ आउनुभयो। उहाँको प्रचार

सुनेकाहरू र अरू थुप्रै मानिसहरूले खुसीसाथ उहाँलाई स्वागत गरे। उहाँले पहिले जसरी नै प्रचार गर्न थाल्नुभयो, र उहाँको अगाडि भएका मानिसहरूमा झण्डै सबै मानिसहरूका आँखा आँसुले भर्न थाले। बेलुकी तिनीहरूको विचारमा भएको परिवर्तनको सानो प्रमाण देखियो : तिनीहरूले आफू खाना खान अगाडि उहाँ आएर धन्यवादको प्रार्थना नगरुन्जेल खाना खान मानेनन्, उहाँ त्यहाँ आएर तिनीहरूका मूर्ति पूजाका चाडहरूबाट ख्रीष्टले तिनीहरूलाई बचाउन गइरहेको कुरालाई बताएर प्रार्थना गरिदिनुभयो।

अगस्ट ५ तारिख उहाँले तिनीहरूलाई फेरि प्रचार गर्नुभयो, र तिनीहरूको प्राणको उद्धारप्रतिको वेदना बढ्दै गयो। अनुवादक रातदिन तिनीहरूको छेउमा रहन बाध्य हुनुभयो, र तिनीहरूले उठाउने हजारौँ प्रश्नहरूको उत्तर दिइरहनुभयो। ब्राइनेर्डले भन्नुभयो, "भोलिपल्ट तिनीहरू सुन्न अझै इच्छुक थिए, तर तिनीहरूको उल्लेखनीय ध्यानबाहेक अरू कुनै अचम्मका कुराहरू मेरो प्रचारको अन्त हुन गइरहेको बेलासम्म भएन। अन्तिम समयमा स्वर्गीय सन्देशले अचम्म तरिकाले तिनीहरूलाई प्रभाव पार्‍यो, र ठूलो चासो उत्पन्न गरायो। आफ्नो क्रन्दनसहितको आँसुलाई रोक्न सक्ने ४० जनामध्ये ३ जना मात्र होला। तिनीहरू सबै एक भएर ख्रीष्टको नजिक आउने इच्छा प्राप्त गर्नको लागि वेदनामा थिए, तिनीहरूको पापको खातिर दण्ड भोग्न आफ्नो छोरोलाई पठाइएको परमेश्वरको प्रेम र दयालाई जति प्रचार गरेर तिनीहरूलाई ख्रीष्टको नजिक आउन निम्तो दियो त्यति नै तिनीहरूको आँसु र वेदना बढ्यो, किनभने तिनीहरूले आफू परमेश्वरको नजिक आउन नसक्ने अनुभव गरे। कुनै पनि डरलाग्दा शब्दहरूलाई प्रयोग नगरी नरम तरिकाले तिनीहरूको बीचमा प्रचार गरेको सुसमाचारले तिनीहरूको हृदयलाई छियाछिया पार्दा त्यो हेर्न अचम्मको कुरा थियो।" "प्रायजसो मानिसहरू धेरै नै प्रभावित भएका थिए, र ठूलो वेदनामा थिए, र कुनै कुनै मानिसहरू उभिन पनि सकेनन्, र हिँड्न पनि सकेनन्, तर भुइँमा लडिरहेका थिए, र हृदयमा भालाले घोचेजस्तै गरी नरोकीकन रुँदै परमेश्वरको कृपा मागिरहेका थिए। त्यसमध्येमा धेरै जना भर्खरै सुनेर प्रभावित भएका मानिसहरू थिए, र

दुर्गम क्षेत्रहरूबाट भर्खरै आएका तिनीहरूलाई परमेश्वरको आत्माले आफ्नो प्राणको चासोले भरिएर प्रभाव पारेको कुरा उल्लेखनीय थियो।"

आफ्नो आँखा अगाडि भएको घटनालाई हेर्दै ब्राइनेर्ड अगाडि उभिइरहनुभएको थियो। यो कुरालाई एउटा शक्तिशाली बाढी जसले आफ्नो अगाडि खडा हुने सबै कुरालाई केही बाँकी नराखेर बगाउँछ, त्यो बाहेक कुनै कुरासँग तुलना गर्न सक्नुभएन। प्रायजसो सबै उमेरका मानिसहरूलाई आफ्नो प्राणको चासोले समात्यो, कोही पनि यो प्रभावको विरोधमा खडा हुन सकेनन्। वृद्ध मानिसहरू, ६/७ वर्षका नानीहरू, सबै नै ठूलो वेदनामा थिए। ती भारतीहरूको माझमा एक जना मानिस, जसले आफूलाई अरूहरूभन्दा ठूलो ठान्दथे, र आफ्नो नैतिकतामा घमन्ड गर्दथे, ऊ सबैको अगाडि आफूलाई नम्र तुल्याएर आफू अति नै अयोग्य भएको कुरालाई स्वीकार गरे। आफ्नो प्रभावलाई नष्ट पार्न सक्ने देखेर ख्रीष्टिय सिद्धान्तलाई विरोध गर्ने झाँक्री समूहको एक जना झाँक्री, आफ्नो दण्ड धेरै ठूलो भएको कुरा बुझेर धेरै नै आँसुसहित वेदनाले भरिएर परमेश्वरको दया पाउनको लागि रोइरहेका थिए।

ब्राइनेर्डले यो अचम्म र अति प्रभाव पार्ने घटनाको बारेमा मनलाई छुने खालको एउटा विवरण लेख्नुभएको छ, "अहिले हदद-रिम्मोनमा भएको जस्तो (जकरिया १२:११) ठूलो विलाप यहाँ भएको छ। तिनीहरू सबै नै एकैनासले रुँदै परमेश्वरको दयाको लागि प्रार्थना गरिरहेका थिए, कसैले घरभित्र, कतिचाहिँ बाहिर; तिनीहरू उभिन पनि सकेनन्, र हिँड्न पनि सकेनन्। तिनीहरूको आफ्नो प्राणप्रतिको चासो धेरै ठूलो थियो; कसैले अरूको वास्ता नगरीकन प्राणको उद्धारको लागि प्रार्थना गरिरहेका थिए। मलाई यस्तै लाग्थ्यो, कि तिनीहरूको आफ्नो मनमा आफू कोही नभएको एकान्त ठाउँमा भएको जस्तो महसुस गरेर आफ्नो लागि प्रार्थना गरिरहेका थिए, अथवा म यस्तै विश्वास गर्न सक्छु कि तिनीहरूले आफ्नो अवस्था बाहेक अरू कुनै कुराको वास्ता गरेनन्, र हरेकले एक्लै आफ्नो लागि एउटै ठाउँमा रहेर प्रार्थना गरिरहेका थिए।

कुनै गोरा जातिका मानिसहरू भइरहेको घटना सुनेर खिसी गर्न र उहाँलाई विरोध गर्न त्यहाँ आइपुगेका थिए, तर तिनीहरू पनि त्यसरी नै प्रभावित भए। कुनै खिसी गर्ने भारतीहरू पनि त्यस्तै खिसी गर्ने सोचले त्यहाँ आइपुगेका थिए। एउटी किशोरी जसले आफू भित्र प्राण छ भन्ने कुरा सुनेकै थिइनन्, उनी त्यहाँ हुने घटनालाई हेर्न आएकी थिइन्, उनी बाटोमा ब्राइनेर्ड बस्ने ठाउँमा आएर उहाँलाई बोलाइन्, ब्राइनेर्डले आफू भारतीहरूलाई प्रचार गर्न आएको हुँ भन्दा उनी खिसी गरेर हाँस्न थालिन्। तर उनी एउटा सभामा सहभागी हुन आइन्, र ब्राइनेर्डको प्रचार धेरै अगाडि नबढेको अवस्थामा नै, उहाँले भन्नुहुन्छ, उनी भालाले घोचेको जस्तै वेदनाले छटपटाएर रुन थालिन्, र खडा हुन सकिनन्। सेवाको अवधिभरि र सेवा सकेर लामो समयसम्म पनि उनी भुईंमा घोप्टो परेर कसैसँग बोल्न नमानेर सानो सोरले प्रार्थना गरिरहिन्। उहाँले बुझेअनुसार उनी यी शब्दहरूलाई भनिरहेकी थिइन्, “ममाथि दया गर्नुहोस्, र मेरो हृदय तपाईंलाई दिन सहायता गर्नुहोस्।”

उनीहरूको स्वभावलाई परिवर्तन गराउने गरी कुनै घटनाहरू घट्न थाले। भारतीहरूको बीचमा एउटा पुरुषले विवाह विच्छेद गरेर अर्को विवाह गर्नु स्वीकारयोग्य थियो। यस्तै काम गरेको एक जना मानिस, जसको समाजमा यो कुरा एउटा जरा गाडेको सम्प्रदाय थियो, आफूले गरेको काम ठिक हो कि होइन भन्ने शङ्का लागेर दुःखमा पर्नुभयो। यो कुरालाई फैसला गर्दा धेरै मानिसहरूलाई निःस्वार्थी ख्रीष्टिय धर्मलाई विरोध गर्ने अवस्थामा पुऱ्याउन सक्छ भनी ब्राइनेर्डले देख्नुभयो, तर उहाँ आफ्नो काममा कहिल्यै सम्झौता नगर्ने व्यक्ति हुनुहुन्थ्यो। त्यसै कारण त्यो भारतीलाई विवाहसम्बन्धी ख्रीष्टिय नियमलाई सिकाउनुभयो, र त्यो घटना छानबिनमा आउँदा त्यो भारतीले आफ्नी श्रीमतीलाई त्याग्न सक्ने खास कारणहरू नभेट्टाउँदा साथै श्रीमतीले आफ्नो श्रीमानले गरेको कामलाई क्षमा दिन तयार हुँदा, उहाँले त्यो भारतीलाई आफूले भर्खरै ल्याएको श्रीमतीलाई त्यागेर पहिलो श्रीमतीसँगै बस्नुपर्छ भनी भन्नुभयो। यो निर्णय त्यो व्यक्तिको विरोधमा भए पनि उसले तुरुन्तै मानिलियो। अरू भारतीहरूले यो सुन्दा विवाहसम्बन्धी ख्रीष्टिय नियम आफ्नो नियमभन्दा

धेरै नै असल हो भनी स्वीकार गरे।

तिनीहरूको चासो नघटीकन रहिरह्यो, २ हप्तापछि उहाँ फर्किसकेपछि भन्नुभयो, "परमेश्वरले शक्तिशाली रूपमा तिनीहरूको बीचमा काम गर्दै हुनुहुन्छ। पापप्रतिको साँचो दुःख बढ्दै गयो, र समय-समयमा, नयाँ-नयाँ मानिसहरू पनि यसरी नै प्रभावित भए। मैले यसरी परमेश्वरको काम स्वतन्त्र रूपमा कुनै कुरामा आधारित नभएर भएको पहिलो चोटि देखेँ। मैले साधारण रूपमा पाप र पश्चात्तापसम्बन्धी प्रचार गरेँ, तर परमेश्वरले तिनीहरूको बीचमा काम गर्ने तरिका पूर्ण रूपमा शक्तिशाली र अप्राकृतिक थियो। उहाँले मलाई यो काममा औजारको रूपमा प्रयोग गरेको हो भन्ने विश्वास गर्न म आफैलाई गाह्रो हुन्थ्यो। यो कामको श्रेय सृष्टि भएको कुनै पनि थोकलाई दिन कुनै ठाउँ नै छैन।"

यसरी उद्धार पाएकाहरूलाई बप्तिस्मा दिने कार्यक्रम साधारण रूपमा मनलाई छुने तरिकाले भएको थियो। खुला आकाशमुनि जङ्गलको बीचमा भएको पानीमा यो गरिएको थियो। बुद्धिमान्, नरम र रातो गाला भएको जवान प्रेरितले, जङ्गली काला बहादुर मानिसहरूले आफूलाई तिनीहरूभन्दा वरिष्ठ मानिसको रूपमा हेरिरहेको अवस्थामा, तिनीहरूलाई बप्तिस्मा दिनुभयो। टाढा र नजिकबाट धेरै मानिसहरू त्यो घटनालाई हेर्न भेला भएका थिए। तिनीहरूको बीचमा त्यो घटना प्रभावशाली थियो। दर्शकहरू सबै फर्केपछि जवान पास्टर र उहाँका मानिसहरू मात्र बाँकी भए। उहाँले तिनीहरूलाई उनीहरूको दायित्व र त्यसलाई अनादर गरेकोमा हुन सक्ने खतरा र तिनीहरूको असल निर्णयलाई मर्न दिनुबाट बचाउनको लागि निरन्तर गरिने प्रार्थना र भक्तिको जीवनको बारेमा बताउनुभयो। उहाँले लेख्नुभएको थियो, "मैले बोलिरहेको हुँदा तिनीहरूले प्रेमसहित एक अर्कोले हृदय नै एक भएजस्तै एक–अर्काको हातलाई नरमपना साथ समाती उभिरहेका थिए। तिनीहरूको एक–अर्काप्रतिको व्यवहार यस्तो थियो, कि कसैले तिनीहरूलाई हेरेको भए उत्तेजित भएर चिच्याउँथे, 'हेर, तिनीहरूले एक–अर्कालाई कस्तो प्रेम गर्दछन्!' यी कुराहरूलाई हेरेका र सुनेका

कुनै-कुनै भारतीहरू आफू पनि यही आनन्दमा सहभागी हुन इच्छुक भए र प्रभावित भएर धेरै रोए।"

उहाँको शिक्षा सुनेर प्रभावित भएका मानिसहरू वृद्ध र जवान गरेर ९५ जना थिए। सबै जनाले बप्तिस्मा लिएनन्, तर सबै एउटै उत्साहसहित भक्तिको जीवनमा सहभागी भएका थिए। उहाँले तिनीहरूको बीचमा ३ हप्ता बिताउनुभएपछि तिनीहरूलाई आफ्नो सेवाको आवश्यक भएको अरू मानिसहरू पनि छन्, जसकहाँ आफू पुग्नुपर्ने हुन्छ भन्ने कुरालाई बताउनुभयो। त्यसैले उहाँले तिनीहरूलाई, आफू जाने ठाउँको भारतीहरूको हृदय पनि सुसमाचारको लागि खुला हुन आवश्यक भएकाले ईश्वरीय आशिष् माग्नको लागि आफूसँग प्रार्थनामा समावेश हुन बोलाउनुभयो। तिनीहरूले समर्थन भएर उहाँसँग बेलुकीसम्म प्रार्थनामा बिताए। बेलुकी सूर्य अस्ताइरहेको अवस्थामा प्रेमसहित बिदा लिएर आफ्नो यात्रा सुरु गर्नुभयो। पछिल्ला समयहरूमा उहाँको अनुवादकले उहाँलाई भन्नुभएको थियो, "तिनीहरू त्यो दिन उहाँले छोडेको ठाउँमा नै समय बितेको थाहा नभएर बिहानको ताराहरू उदाएर सूर्य देखुन्जेल रहिरहे।"

उहाँ डेलवेर फर्किसकेपछि प्रचारमा जाँदा, उहाँद्वारा उद्धार पाएका केही भारतीहरू पनि उहाँसँग–सँगै गए, र उहाँको प्रचारलाई भारतीहरू र गोरा जातिका मानिसहरूले कहिल्यै नभेट्याएको गम्भीरतासहित सुने, तर उहाँ सस्क्वुहेनामा जाँदा एउटा फरक घटनाले उहाँलाई पर्खिरहेको थियो। जुन घटना, अघिका सफलताहरूले उहाँको जीवनबाट हटाएको वेदनाहरूलाई फर्काउने खालको थियो। उहाँको गन्तव्य, डेलवेरबाट १२० माइल टाढा रहेको सौमोकीङ्ग भन्ने एक भारतीहरूको बस्ती थियो। यो ठाउँ सस्क्वुहेना नदीको अलिकति पूर्व, अलिकति पश्चिमतर्फ थियो, र यसको केही भाग टापुमा थियो, जहाँ तीन वटा भिन्नाभिन्नै भाषा बोल्ने जातिहरू थिए, र एक–अर्काको भाषालाई बुझ्दैन थिए। त्यहाँ जम्मा ३०० जना मानिसहरू बसोबास गर्थे, र सबैभन्दा जङ्गली र तल्लो स्तरको निम्न ठानिएका भारतीहरू थिए। शैतानले बलियो रूपमा आफ्नो आसन राखेको

ठाउँ भनी ब्राइनेर्डले त्यो बस्तीको बारेमा भन्नुभएको थियो।

तिनीहरूले उहाँलाई आवश्यक पर्ने दयासहित स्वीकार गरे, तर तिनीहरूलाई प्रभाव पार्न सक्नुभएन। खुला ठाउँमा ३ रात बिताएपछि उहाँलाई आरामको आवश्यक भयो। तर उहाँलाई कर लगाएर वास बस्न लगाएको घरमा भइरहेको नाचगानले उहाँलाई गाह्रो बनायो। तिनीहरूकै घरको एक जना मानिस सिकिस्त बिरामी भएको अवस्थामा, त्यो नाचगानले त्यो व्यक्तिको जीवनलाई खतरामा पार्दा पनि ब्राइनेर्डको कुराले त्यसलाई रोक्न वा कम गर्न सक्ने गरी तिनीहरूलाई प्रभाव पार्न सकेन। भोलिपल्ट उहाँले डेलवेरको राजालाई भेट्नुभयो, र ख्रीष्टिय सिद्धान्तप्रति उहाँको मनलाई फर्काउन केही समय बिताएर कोसिस गर्नुभयो। राजा सुन्न मन गरेको जस्तै देखिन्थ्यो, तर भए पनि भनेको कुराहरूमा चासो देखाउनु भएन। ब्राइनेर्डले धार्मिक सिद्धान्तप्रति राजाको मनलाई फर्काउन सक्ने आशा गरिरहनुभएको थियो। प्रजाहरू पनि मात्तिएको अवस्थामा नै रहने भएको कारण थोरै मानिसहरूलाई जम्मा गर्नु पनि कठिन कुरा थियो। भोलिपल्ट उहाँले भाग्यवश गाउँको एक भाग मानिसहरूलाई भेट्टाउनुभयो, जुन मानिसहरू आउन लागेको चाडको तयारीको मोजमज्जामा सहभागी भएका थिएनन्। ५० जना मानिसहरूले उहाँको कुरा उत्साहसहित सुने, तर एकै छिनमा सबै जना सिकार खेल्न गाउँलाई छोडेर हिँड्दा उहाँको सबै आशा चकनाचुर भयो। त्यति बेला उहाँले आफ्नो दैनिकीमा, मसी नपाएर कुनै एउटा फलको रसले लेख्नुभएको थियो, तर सबै कुरा मेटिएर गए।

नदीको किनारै किनार यात्रा गर्दा जुनेउटा भन्ने टापुमा आइपुग्नुभयो, जहाँ उहाँलाई मानिसहरूले सधैँ असल तरिकाले स्वागत गर्थे, तर यसपल्ट त्यति हार्दिक स्वागत पाउनुभएन। कारण तिनीहरू एउटा ठूलो चाडमा बलि दिन तयार गरिरहेका थिए। तिनीहरूले उहाँको कुरालाई नमानी त्यो चाड मनाएर बलि पनि दिए। उहाँले तिनीहरूलाई धार्मिक शिक्षा दिन भेला गर्न सक्नुभएन। यस्तो अवस्थामा तिनीहरूको भाषा बोल्न सक्ने अनुवादक पनि तिनीहरू मध्येको एक जना थिए, जसले

ख्रीष्टिय सिद्धान्तमा चासो देखाउँदैन थिए। उहाँसँग सधैँ रहने अनुवादक यी भारतीहरूको भाषा बोल्न नसक्ने कारण आउनुभएको थिएन। त्यसैले उहाँ एक्लै रहनुपर्ने भयो। उहाँले मिल्दो परिस्थितिलाई पर्खिनुबाहेक अरू केही पनि गर्न सक्नुभएन।

बेलुका तिनीहरूले विशाल आगो बाले, जसले वरिपरि भएको पानी र जङ्गललाई राताम्य बनायो। तिनीहरूको धार्मिक विधि, त्यो आगोको वरिपरि, रातको शान्त वातावरणमा धेरै नै टाढासम्म सुन्न सक्ने ठूलो स्वरले चिच्याउँदै नाच्नमा केन्द्रित थियो। बेला-बेलामा तिनीहरूले त्यो समयको लागि तयार पारेको मृगको बोसोलाई त्यो आगोमा हाल्थे, त्यसले आगोको ज्वालालाई उत्तेजित पार्दा डर लाग्ने गरी ठूलो स्वरले चिच्याउँथे। यो मिसनरी मात्रै दङ्गाफसाद भएको समाजको बीचमा छुट्टै मानिस हुनुहुन्थ्यो, जोचाहिँ सभ्य समाजको एक मात्र प्रतिनिधि भएर तिनीहरूलाई एकोहोरो हेरिरहनुभएको थियो। उहाँले तिनीहरूलाई रोक्ने कुनै प्रयास गर्नुभएन, गर्नुभएको थियो भने त्यसलाई तिनीहरूले सहँदैन थिए। तर उहाँले परिवर्तन गर्न चाहेका मानिसहरूको रीतिरिवाजलाई व्याकुलतासहित हेरिरहनुभएको थियो। बिहान नहुन्जेल तिनीहरू बसेनन्, बिहान तिनीहरू तयार पारेको मृगको मासु खान बसे। त्यसपश्चात् उहाँ अन्न राख्नको लागि तयार गरेको सानो छाप्रोमा गएर बाँसको टाँडमाथि सुत्नुभयो।

भोलिपल्ट बिहान विश्राम दिनमा फेरि उहाँले तिनीहरूलाई भेला गर्ने कोसिस गर्नुभयो, तर तिनीहरू अर्को एउटा कामको लागि तयार भएको उहाँले थाहा पाउनुभयो। मध्यान्हको समयमा तिनीहरू भेला भए, र झाँक्रीहरूलाई भेला गरेर त्यति बेलाको समयमा तिनीहरूको बीचमा फैलिएको महामारीको कारण के हो भनी पत्ता लगाउनको लागि जोखना हेर्न लगाए। विभिन्न तरिकाले आफ्नो शरीरलाई बङ्ग्याउँदै धेरै घण्टाहरू यो काममा बिताए। कोही बेला आफ्नै हातले आफ्नै गालामा हान्दै, कोही बेला आफ्नो अगाडि भएको केही कुरालाई रोक्ने कोसिस गरे झैँ आफ्नो औँलासहित हात सिधा अगाडि बढाउँदै, कोही बेला नदेखिने केही

कुराको उपस्थितिलाई आदर गरे झैँ घोप्टो पर्दै, कोही बेला लमतन्न परेर सुत्दै समय बिताए। उनीहरूको व्यवहारलाई हेर्दा कुनै नदेखिने कुरा उपस्थिति भएको र तिनीहरूको डरको कारण त्यही नै भएको झैँ लाग्थ्यो। यथार्थमा ब्राइनेर्ड आफै भन्नुहुन्छ, 'तिनीहरूको त्यो कामलाई डर र त्रास नभईकन हेर्न असम्भव छ।' उहाँले आफ्नो हातमा बाइबल बोक्दै तिनीहरूको छेउमा बस्नुभएको थियो, र तिनीहरूप्रति दया व्यक्त गर्दै हुनुहुन्थ्यो, जुन कुरालाई तिनीहरूले वास्ता गरेका थिएनन्।

यो टापुका भारतीहरू गोरा मानिसहरूको चाल-चलनसँग धेरै परिचित व्यक्तिहरू थिए। धेरै व्यक्तिहरूले अङ्ग्रेजी भाषा सिकेका थिए। त्यो क्रममा गोरा मानिसहरूको मतवालापन र दुर्व्यवहार पनि सिकेका थिए। यही कारणले गर्दा तिनीहरूको बीचमा ख्रीष्टिय सिद्धान्त सिकाउनु आशाहीन कुरा थियो। अरू भारतीहरूको रीतिरिवाजभन्दा यिनीहरूको रीतिरिवाज अलि फरक थियो। कुनै मानिस मर्दा त्यसको लासलाई भुईंबाट माथि उठाएर बनाएको बाँसको सानो छाप्रोमा एक वर्षसम्म राखिन्थ्यो। एक वर्षपछि उसको मासु कुहिएर झरेपछि त्यसको हड्डीहरूलाई निकालेर सुकाएर पानीले धोएर फेरि आफ्नै रूपमा जोडेर गाड्थे। तिनीहरूको स्वास्थ्य उपचार गर्ने तरिका पनि फरक थियो, तिनीहरूले बिरामीको टाउकोमाथि ताली बजाएर मन्त्रहरू पढ्थे, र अरू औषधीहरूको प्रयोग कम गर्थे। तिनीहरूको लागि यही नै रोग हटाउने असल तरिका थियो, जुन कुराले कोही बेला बिरामीहरूलाई मृत्युमा पुऱ्याउँथ्यो, तापनि यो चलनमाथि तिनीहरूको विश्वास बलियो थियो।

ब्राइनेर्डले विभिन्न जातिका भारतीहरूको एक–अर्काबाट फरक हुने धेरै अनौठो रीतिहरू हेर्ने मौका पाउनुभएको थियो। तर उहाँ भन्नुहुन्छ, विभिन्न ठाउँमा देखिएको विभिन्न रीतिहरूभन्दा, त्यो समाजमा पुरानो शुद्ध धर्म स्थापना गर्ने परिवर्तनकारीको रूपमा आफूलाई चिनाउने एउटा झाँक्री स्वरूपले उहाँको मनमा ठूलो डर पैदा गऱ्यो। उहाँले दुष्ट आत्माहरूसम्बन्धी सोच्नुभएको कुरासँग नजिक रूपमा मिल्ने योबाहेक कुनै दृश्य उहाँले देख्नुभएको थिएन। उसको वस्त्रचाहिँ भालुको छालाले

बनाएको थियो। रौँहरू बाहिर देखिन्थ्यो, पैतालासम्म झुन्डिरहेको थियो। उसको तल्लोपट्टिको वस्त्र पनि त्यही प्रकारको थियो, र उसको अनुहार विभिन्न रङ लगाएको डरलाग्दो मुकुन्डोले छोपिएको थियो, जुनचाहिँ भालुको छालाले बनाएको टोपीसँग जोडिएको थियो। उसको हातमा भएको औजारचाहिँ सुकेको कछुवाको खपडालाई एउटा लौरोमा जडेर बनाएको थियो, ऊ त्यसमा अन्न बोक्थ्यो। ऊ ब्राइनेर्डको छेउमा आयो, र वाद्यबाट एउटा आवाज निकालेर आफ्नो शरीरको कुनै पनि अङ्ग नदेखाईकन आफ्नो औँलाहरू पनि नदेखाई पूरै बलले नाच्न थाल्यो। यो स्वरूप आफ्नो अगाडि आउँदा, त्यो झाँक्रीले आफूलाई हानि गर्ने कुनै सोच बोक्नुभएको थिएन भन्ने यथार्थ थाहा हुँदाहुँदै पनि आफूले उसलाई सामना गर्न नसकेर डरले पछि हट्नुबाहेक केही गर्न सकेन भनी ब्राइनेर्ड भन्नुहुन्छ। उहाँको अवस्था नै यस्तो थियो भने त्यो अबुझ भारतीहरू उसको अगाडि कति डराए होला भन्ने हामी सोच्न सक्छौँ।

त्यो झाँक्रीले निम्त्याएर ब्राइनेर्ड उनको घर जानुभयो, र धार्मिक सिद्धान्तप्रति धेरै कुरा गर्नुभयो। उहाँको कुनै सिद्धान्तहरूलाई त्यो झाँक्रीले स्वीकार गरेझैँ देखिन्थ्यो, र बाँकी कुराहरूलाई उसले कट्टर विरोध गऱ्यो। उसलाई एउटा शक्तिशाली आत्माले उसको धर्म सिकाएको हो भनी भन्यो, जसलाई ऊ त्याग्न चाहँदैन थियो। तर इमानदारी साथ उससँग मिलेर काम गर्ने मान्छे पाउने इच्छा व्यक्त गऱ्यो। भारतीहरू धेरै नै खतम भइसकेको कारण तिनीहरूलाई आफूले सहन नसक्ने कुरा बतायो। अरू कुनै ठाउँमा असल मान्छेहरू हुन्छन् भनी उसले विश्वास गऱ्यो, र तिनीहरूलाई खोज्न जाने यात्रामा जान इच्छा गऱ्यो। उसले सुरुमा भ्रष्टाचारलाई हटाउनुतिर लागेको थियो, तर केही वर्ष अगाडि उसको आत्मा त्यसको विरोधमा लडेको कारण ऊ मानिसहरूलाई छोडेर एकान्तमा वनमा बस्न थालेको थियो। ऊ वनमा रहेको बेलामा त्यो शक्तिशाली आत्माले मानिसहरूलाई छोडेर एकान्तमा रहनुभन्दा तिनीहरूको बीचमा रहेर तिनीहरूलाई भलाइ गर्नुपर्छ भनी सिकाएकाले तुरुन्तै फर्केर आफ्ना मान्छेहरूको बीचमा आयो, र तिनीहरूलाई भलाइ गर्नु नै उसको प्राथमिक काम भयो। भारतीहरूले उसले बताएको

विवरणहरूलाई पक्का गरे, र त्यसको गवाही दिएर भने, मादक पदार्थहरू आफूहरूको बीचमा ल्याउँदा त्यसलाई नखानु भनी उसले सल्लाह दिन्थ्यो र बिन्ती गर्थ्यो। उसको सल्लाहलाई इन्कार गरेमा ऊ आफूहरूलाई छोडी दुःखित बन्दै रुँदै वनमा जान्थ्यो।

ब्राइनेर्डको त्यो फरक विचार भएको व्यक्तिप्रतिको उत्सुकता र चासो बढ्यो र उहाँले धेरै प्रयाससहित ख्रीष्टिय सिद्धान्तको बारेमा त्यो व्यक्तिलाई बुझाउने प्रयास गर्नुभयो। उहाँले त्यो व्यक्तिलाई बताइरहेको समयमा उसले बीचमा कुरा काटेर भन्थ्यो, "त्यो कुरा मलाई मन पर्‍यो" अथवा "मेरो शक्तिशाली आत्माले मलाई यो कुरा सिकाएको थियो।" यो कुरा स्पष्ट देखिन्थ्यो, कि उसले एउटा धार्मिक सिद्धान्तको स्थापना गरिरहेको थियो, र त्यसमा शिक्षा पाएको थियो। उसको जातिका मानिसहरूभन्दा ऊ धेरै माथिल्लो स्तरको थियो। उसको विश्वास र सबै सिद्धान्तलाई बुझेपछि एउटा कुरालाई बदल्नु ब्राइनेर्डको लागि कठिन थियो। "उसले दुष्ट आत्माको अस्तित्वलाई अस्वीकार गर्थ्यो, र त्यस्तै एउटा आत्मा पुराना समयहरूमा भारतीहरूको बीचमा परिचय नै थिएन भनी भन्यो, जुन धर्मलाई आफूले फेरि पनि पुनर्स्थापना गर्न कोसिस गर्दैछु भनी मानिरहेको थियो। ब्राइनेर्डले उसको बारेमा भन्नुभयो, "त्यो व्यक्ति इमानदार, विश्वासयोग्य र आफ्नो सिद्धान्तमा विवेकी थियो, र आफूले तिनको धर्मलाई हेर्दा अरू भारतीहरूको अन्य धर्महरूको तुलनामा एउटा साधारण मानिसको अघि सत्य धर्म जस्तै देखिने धर्म थियो।"

त्यो व्यक्ति धेरै बुझकी भए तापनि ऊ ब्राइनेर्डलाई सहायता गर्न नसक्ने अवस्थामा थिए। किनभने भारतीहरूले उसको जोस र भक्तिलाई अनावश्यक ठान्थे, र उनलाई आफूबाट पर नै राख्थे। ब्राइनेर्डले ती भारतीहरूको बीचमा धेरै प्रयास गरेपछि तिनीहरूको परिवर्तन आशाहीनको कुरा हो भनी ठानेर तिनीहरूलाई छोडेर जानुभयो। उहाँ भन्नुहुन्छ, "हाय! यो नदीको किनारमा भएका भारतीहरूको अवस्था कति दयनीय छ। यिनीहरूको बारेमा मैले दिएको यो थोरै जानकारीद्वारा तिनीहरूलाई शैतानले बलियो रूपमा बन्धनमा राखेर आफ्नो इच्छाअनुसार

चलाइरहेको छ भन्ने कुरा थाहा पाउन सक्छौँ। भक्तिको जीवन बिताउने इसाईहरूको बीचमा तिनीहरूप्रतिको दया पैदा गरेर तिनीहरूको लागि प्रार्थना गर्न लगाउन यी जानकारीहरू पर्याप्त छन् भन्ने विश्वास म गर्छु।"

क्रसविक्सङमा भएको आफ्नो चर्चमा फर्किन पाउँदा ब्राइनेर्डले आरामको महसुस गर्नुभयो। दुवै समूहलाई तुलना गरेर बोल्दा उहाँले भन्नुभयो, "तिनीहरूसँग रहनु भनेको परमेश्वर र उहाँका मानिसहरूको बीचबाट सजाय वा दण्ड दिएर निकालेर पठाइए जस्तै हो, र यिनीहरूको बीचमा रहनु भनेको परमेश्वरको परिवारमा स्विकारिएर स्वर्गीय आनन्दमा रहनु जस्तै हो।" यसको अघिल्लो समयमा उहाँले २५ जनालाई बप्तिस्मा दिनुभएको थियो, र अहिले १४ जनालाई बप्तिस्मा दिनुभयो। तिनीहरूमध्ये १ जना ८० वर्षको हुनुहुन्थ्यो, अर्को २ जना ५० वर्षका थिए, जोचाहिँ पहिले भारतीहरूको बीचमा भ्रष्टाचारमा प्रचलित व्यक्तिहरू थिए। एउटा मतवाला थिए र अर्कोचाहिँ हत्यारा। ब्राइनेर्डले तिनीहरूको मन परिवर्तनलाई विश्वास गर्न सक्नुभएन, र अहिलेको लागि इमानदारी भए पनि पछिल्लो समयमा तिनीहरू आफ्नै खराब काममा फर्कन्छन् भनी सोच्नुभयो। तर केही हप्ता निरीक्षण गरेर हेरिसकेपछि तिनीहरूको परिवर्तन सत्य हो भनी विश्वास गर्नुभयो, र विश्वासीहरू भन्ने स्थानमा उनीहरूलाई स्वीकार गर्नुभयो। ब्राइनेर्डले भन्नुहुन्छ, यी सबै कामहरूमा पहिलेको समयमा देखे जसरी चिच्याउने, काम्ने र बेहोस हुने जस्ता केही भएको थिएन। साथै कुनै पनि दर्शन अथवा प्रेरणा पनि थिएन, जसलाई उहाँले आत्मिक घमन्डको चिन्हको रूपमा हेर्नुहुन्थ्यो, र यी सबै परिवर्तनहरू मानिसहरूमा डर उत्पन्न गराउने शब्दहरूको प्रयोग नगरीकनै भएको थियो; किनभने उहाँले नरम तरिकाले दिइने ख्रीष्टिय निमन्त्रणाले नै मानिसलाई उद्धारमा ल्याउन असल हुन्छ भनी ठान्नुहुन्थ्यो, र अन्य कुनै पनि तरिका अपनाउनुभएको थिएन।

उहाँको यो सेवालाई आफूले भारतीहरूमाथि गर्न पाइरहेको अत्याचार र अधिकारलाई अन्त गर्ने कुराको रूपमा मानेर विरोध गर्ने मानिसहरू पनि धेरै थिए। उनीहरूको वैरभावको कुनै कामहरू उहाँकै विरोधमा

थियो; तिनीहरूले उहाँलाई रोमन क्याथोलिक भनी आरोप लगाउँथे, जुनचाहिँ सुन्दा पनि अनौठो हुन्थ्यो, र सुन्नेहरूको बीचमा यसले शङ्का उत्पन्न गऱ्यो। तिनीहरूको सफल तरिकाचाहिँ भारतीहरूलाई मद्य पिउन लगाउने र तिनीहरूले फिर्ता दिन नसक्ने गरी ऋणमा लाने थियो। तिनीहरूले यो तरिकालाई धेरै पटक प्रयोग गरे, भारतीहरू आफ्नो पासोबाट छुट्टिन सक्दैनन् भन्ने थाहा पाइसकेपछि तिनीहरूले पैसा तिर्न नसकेको खण्डमा तिनीहरूलाई दिनुपर्नेभन्दा बढी दण्ड दिएर तिनीहरूका जमिनलाई दाबी गरे। ब्राइनेर्ड आफूले सकेसम्म यसबाट भारतीहरूलाई छुटाउनको लागि अघि सर्नुभयो, र ८० पाउण्ड पैसा तिरेर ती समूहलाई मुक्त गराउनुभयो।

उहाँको काम सफलतापूर्वक अगाडि बढ्दै गयो, कुनै बेला उहाँले आशा गरेको भन्दा बढी नै सफलताहरू पाउनुभयो। तिनीहरूमध्येबाट एउटा झाँक्री उहाँको प्रचार सुन्न सधैँ आउँथ्यो, जोचाहिँ अति नै खराब व्यक्ति थियो। कुनै-कुनै बेला उहाँको प्रचारले उसलाई अलिकति छोएको जस्तै देखिन्थ्यो। तर प्रायजसो ऊ उहाँको विरोधमा मानिसहरूलाई प्रभाव पारेर उहाँलाई विरोध गर्थ्यो। त्यो व्यक्तिको प्रभाव ठूलो थियो। उसको वैरभाव यति तितो थियो, कि भारतीहरूको बीचमा सुसमाचार फैलाउने काममा साथ दिनको लागि परमेश्वरले यो व्यक्तिलाई संसारबाट नै हटाउँदा राम्रो हुन्छ भनी आफूले धेरैपल्ट सोचेको कुरा ब्राइनेर्डले स्वीकार गर्नुहुन्छ। तर उसको वैरभाव अझै एक असल तरिकाले हट्यो। मिसनरीको प्रचार सुन्दै गर्दा उसको आत्मिक आँखा खुल्यो, र उसले आफ्नो जातिका मानिसहरूलाई सुसमाचारबाट वञ्चित गरेको कारणले आफूले आफैलाई दोषी ठहरायो।

उसले धेरै महिनासम्म आफूलाई दोषी ठहऱ्याउँदै आफूले धर्मको विरोध गरेको कुरालाई सम्झँदै आफ्नो विवेकले आफूलाई दोषी ठहऱ्याएको अवस्थाबाट छुटकारा पाउन नसक्ने अवस्थामा नै बितायो। अन्तमा ऊ शान्त अवस्थामा आए जस्तै देखिन्थ्यो। तर ऊ आफू क्षमा पाउन सक्छु भन्ने कुरामा आशाहीन नै थियो। उसको बोलीचाली

भावनात्मक थियो। ब्राइनेर्डले उसलाई "कस्तो हुनुहुन्छ?" भनी सोध्नुभएको थियो, उसले जवाफ दियो, "अब सबै भयो, अब सबै भयो।" उसले के भन्न खोजेको हो भनी उसलाई सोध्दा, "मैले आफूलाई बचाउन केही गर्न सकिनँ, अब सबै अन्त भयो; अब मैले केही पनि गर्न सकिनँ।" यसरी दुःख भोग्नुभन्दा अरू केही गर्न सक्नुभएन भनी ब्राइनेर्डले सोध्नुभयो। उसले जवाफ दियो "मैले केही पनि गर्न सकिनँ; मेरो हृदय मरेको अवस्थामा छ।" छोटो समयभित्र नै ऊ एउटा नम्र र भक्ति गर्ने इसाई भयो भन्ने कुरालाई ब्राइनेर्डले पक्का गर्नुभएको छ।

ब्राइनेर्डले क्रसविक्सङमा बप्तिस्मा दिएका मानिसहरूको सङ्ख्या ७७ थियो। योचाहिँ गम्भीर रूपमा प्रभावित भएका मानिसहरूको सङ्ख्याको एक भाग मात्र थियो। भारतीहरूको स्वभावलाई बुझेको ब्राइनेर्ड, तिनीहरू विश्वासमा आएपछि सुरुको उत्साहलाई गुमाउँदा फर्किएर पुरानो अवस्थामा नै पुग्न सक्ने सम्भावनाको डरले, कुनै समय तिनीहरूलाई परीक्षण कालमा नराखीकन बप्तिस्मा दिनुहुँदैन भन्ने कुरामा अति नै होसियारी हुनुहुन्थ्यो। उहाँले सुरु गर्नुभएको असल कामलाई बलियो बनाउनको लागि तिनीहरूको बीचमा एउटा विद्यालयको स्थापना गर्नुभयो। त्यो विद्यालयमा अङ्ग्रेजी बोल्ने गोरा जातिका नानीहरूलाई नपढाउने निर्णय गर्नुभयो। सिक्नेहरू सबै वृद्ध र जवान भारतीहरू थिए। अङ्ग्रेजी भाषा सिक्न धेरै इच्छुक पनि थिए। तिनीहरू चाँडै नै आफ्नो भाषामा भन्दा अङ्ग्रेजी भाषामा सिपालु भए। ताकि अनुवादक बिना बोल्न नसक्ने ब्राइनेर्डको प्रचारलाई अहिले भारतीहरू उहाँले आफ्नै मातृभाषामा प्रचार गर्दा बुझ्न सक्ने अवस्थामा आइपुगे।

त्यो समाजको स्वभाव नै परिवर्तनसँगै पूर्ण रूपमा बदलियो, र तिनीहरूले घरायसी कामहरूमा आफ्नो पुरानो व्यवहारलाई त्यागे। विवाह विच्छेद तिनीहरूको बीचमा प्रयोगमा नभएको रीति बन्न पुग्यो। यो परिवर्तनको अघि मतवालापन पनि तिनीहरूको बीचमा चल्तीमा रहिरहने दुष्टता थियो। भारतीहरू आयस्ता पाउने बित्तिकै मद्य सेवन गर्ने स्वभावका थिए, तर परिवर्तनपछि सजिलै आयस्ता पाए तापनि मात्नु

एकदमै दुर्लभ थियो। पहिलेका समयहरूमा तिनीहरूले आफूले लिएको ऋणलाई बेवास्ता गर्थे, तर पछिका समयहरूमा त्यसलाई तिर्नुचाहिँ आफ्नो धार्मिक कर्तव्य भन्ने ठान्थे। आयस्ता पाउने पुरानो तरिका भएको सिकार खेल्ने कामलाई तिनीहरूले त्यागे; खेतीपाती गर्दै सभ्य जीवनको स्वभाव र व्यवहारलाई आफ्नो जीवनमा अपनाउन अति नै इच्छुक भए। कडा र बेढङ्गको जीवनलाई त्यागेर शान्त र नरम सभ्य मानिसहरू बने।

क्रसविक्सङमा भएको जमिन अन्य भारतीहरूको बस्तीमा जस्तो बसोबासको लागि सुहाउँदो थिएन। यो कुरालाई ख्याल गर्दै, फेरि गोरा जातिका मानिसहरूसँग व्यापार गर्ने परीक्षाबाट बच्न तिनीहरूलाई त्यहाँबाट १५ माइल टाढा भएको क्यानबेरी भन्ने ठाउँमा बसोबास सार्ने प्रस्ताव उहाँले राख्नुभयो। तिनीहरूले कुनै पनि आनाकानी नगरी त्यो कुरामा सहमत भए, र सन् १७४६ को गर्मी याममा त्यहाँ पुगेर खेतीपातीको लागि वन फाँडेर जमिन तयार पार्न थाले। बास बस्ने ठाउँको अभावले तिनीहरूसँग सधैँ रहन सक्नुभएन, त्यस कारण क्रसविक्सङमा आफैले बनाएको छाप्रोमा रहनुभयो, र घरीघरी तिनीहरूको कामलाई देखरेख गर्न जानुभयो। उहाँ तिनीहरूको बीचमा आइपुग्दा शङ्काको आवाजले तिनीहरूलाई काम छोडेर आउनुपर्छ भन्ने सङ्केत दिन्थ्यो। तिनीहरू खुसीका साथ उहाँका वरिपरि भेला हुन्थे। त्यो प्राचीन वनमा बिहान र बेलुकी भजन प्रतिध्वनि हुन्थ्यो।

उहाँले आफ्नो कर्तव्य के हो भन्ने कुराको बारेमा सोच्न थाल्नुभयो। अहिले उहाँ आफ्नो जीवनमा पहिलेदेखि भएको छटपटिने स्वभावलाई बुझ्न थाल्नुभएको थियो। आफूले बनाएको समाजमा लामो समयपछि आफ्नो शरीरले अनुभव गरेको स्वस्थपनसहित खुसीसाथ बसोबास गर्नु परमेश्वरको इच्छा हो भनी थाहा पाएको कुरालाई उहाँले भन्नुभएको थियो। तर उहाँ कहिल्यै पनि एउटै ठाउँमा बाँधिने कुरामा खुसी हुनुहुन्न थियो। विश्राम गर्न, अध्ययन र प्रार्थनाको लागि एउटा परदेशीले पाउन नसक्ने स्थायी वासस्थानले इन्कार गर्न नसक्ने गरी उहाँलाई खिँच्यो। तर ईश्वरहीन मानिसहरूको आत्मा बचाउनु र उद्धारकर्ताको राज्यको सिमाना

विस्तार गर्नु भन्ने कुराको अघि चम्किलो भएर उदाउने सूर्यको अगाडि ताराहरू हराउनु जस्तै त्यो कुरा पनि हराउँदै गयो। यसो अन्तमा हेर्दा परमेश्वरले आफैलाई एक्लो र कठिनाइपूर्ण जीवन बिताउनको लागि बनाएको जस्तै उहाँलाई लाग्थ्यो। बाल्यकालदेखि नै परिवार र वासस्थानको सुविधाहरूलाई लामो समय अनुभव गर्न नपाएको आफूले अरूभन्दा सजिलो तरिकाले यी कुराहरूलाई त्याग्न सक्छ भनी उहाँ ठान्नुहुन्थ्यो। यसैले आफूलाई परमेश्वरले यही नै सेवाको लागि बोलाउनुभयो भन्ने कुराको लागि आफ्नो मनलाई तयार पार्नुभयो, र आफ्नो मृत्युको घडीसम्म वनमा नै परदेशी जीवन बिताउने निर्णय गर्नुभयो।

हामीले उहाँको दैनिकीलाई हेर्दा आफ्नो समय नजिकिँदै छ भन्ने उहाँको मानसिक अवस्थाको बारेमा थाहा पाउन सक्छौँ। आफूले प्रचार गरेको मूल पाठको कुनै भागहरूलाई उहाँले लेखिराख्नुभएको थियो, जसको बारेमा उहाँ आफैले केही नबताए पनि त्यो उहाँको मनको अवस्थासँग मिल्ने भएर छानिएको देखिन्छ। त्यो यस्तो प्रकारको थियो, "तिनीहरू महिमित भएर ख्रीष्टको अघि देखा परे, र उहाँको मृत्यु र यरूशलेममा उहाँले गरिसक्नुपर्ने कामहरूको बारेमा कुरा गरे।" अर्कोचाहिँ यस्तो थियो, "अब केही समयपछि संसारले मलाई फेरि कहिल्यै देख्नेछैन।" आफू जति कमजोर भए तापनि सस्क्वुहेनामा भएका भारतीहरूको लागि केही गर्नको लागि अर्को एक प्रयास गर्नु आफ्नो कर्तव्य जस्तै उहाँलाई लाग्थ्यो। उहाँले त्यसरी नै सेप्टेम्बर महिना, हिउँद नजिकै हुँदा, आफ्नो यात्रा सुरु गर्नुभयो। तिनीहरूको बीचमा गएर तिनीहरूलाई ख्रीष्टलाई स्वीकार गर्न लगाउनको लागि तत्परतासहित ठूलो प्रयास गर्नुभयो। एक पटक उहाँ सफल हुन सक्ने आशा बोकेजस्तै देखिन्थ्यो, तर सबै कुरा अन्धकार भयो। तिनीहरूको हृदयलाई छुने समय आएको छैन भन्ने कुरालाई स्वीकार गर्न बाध्य हुनुभयो। यसको बीचमा उहाँको स्वास्थ्य गम्भीर रूपमा खतरामा पर्‍यो। कुनै बेला उहाँ सानो छाप्रोमा सुत्नुहुन्थ्यो, जहाँ धुवाँले उहाँको फोक्सोलाई धेरै असर पर्थ्यो, जसले गर्दा उहाँ बाहिर जान पर्थ्यो। कोही बेला उहाँ खुला ठाउँहरूमा आगो पनि नभएर आफूले भाँचेर निकालेको धुपीको रुखका हाँगाहरूको

भरमा सुत्नुहुन्थ्यो। बारम्बार हुरी–बतास सहितको पानीले भिज्नुहुन्थ्यो। रातको चिसोपनले उहाँको शरीर पूर्ण रूपमा चिसो हुन्थ्यो। दिनका समयहरूमा फोक्सोबाट रगत छाद्नु हुन्थ्यो। यो कुरा स्पष्ट देखिन्थ्यो, कि उहाँको थाकेको शरीर काम नलाग्ने हुन लागि सकेको थियो, र चाँडै नै धूलोमा मिल्नुपर्थ्यो। उहाँको यति पीडाहरूको बीचमा पनि आफ्नो आयुलाई बढाइदिन र दुःखलाई हटाइ दिन एक पटक पनि प्रार्थना गरेको हामीले देख्न सक्दैनौँ। उहाँ आफ्ना मानिसहरूको बीचमा फर्कँदा तिनीहरू सधैँ प्रार्थना गरिरहेका थिए। उहाँ तिनीहरूको बीचमा जानुभयो, र सहभागी भएर प्रशंसाको बलि खन्याउनुभयो, "मेरो आत्मा यो नवीकरण भएको दयाको लागि धन्यवादी हुन सकोस्, मेरो यो यात्रामा धेरै कठिनाइ र दुःखहरू सहेँ, तर यी सबैमा परमप्रभुले मलाई थाम्नुभयो।"

## अध्याय – ५

# जीवनको अन्तिम समयहरू

ब्राइनेर्डको सस्क्वुहेनाको अन्तिम यात्राले उहाँको आत्मिक नियमहरूलाई असर पाऱ्यो। त्यही बेलादेखि उहाँले आफ्नो जीवनको आत्मिक बानी व्यवहारलाई बदल्न बाध्य हुनुभयो, जुन कुराहरूलाई जीवनमा स्थापित गर्नु आशारहितको कुरा भइसकेको थियो। यी सबै कुराहरू मिलेर उहाँको मृत्युतिरको यात्रालाई सजिलो बनाउँदै थियो। उहाँको दैनिकी लेख्ने बानी, जो उहाँ घरमा हुँदा वा बाहिर हुँदा, भारतीहरूको छाप्रोमा बस्दा अथवा खुला आकाशमुनि जङ्गलमा रहँदा पनि छोड्नुहुन्न थियो, त्योचाहिँ अहिले अपहेलित भइसकेको थियो। तरै पनि उहाँले कहिलेकाहीँ थोरै समयको लागि मात्र आफूमा आउने शक्तिलाई प्रयोग गरेर त्यो कामलाई सिद्ध तुल्याउने कोसिस गर्नुहुन्थ्यो, जुनमा उहाँ आफ्नो मनको इतिहासलाई लेख्नुहुन्थ्यो।

तर उहाँको यो अवस्थामा आफ्नो बारेमा लेख्न कोसिस गर्नु खतरापूर्ण थियो, र उहाँका जीवनी लेखक एडवर्डले पनि यसरी नै सोच्नुभएको थियो भन्ने कुराको प्रमाण ब्राइनेर्डको बारेमा भनेको उहाँको शब्दहरूबाट थाहा पाउन सक्छौँ, "मिस्टर सेफर्ड, मैले एक जना सिपालु, ज्ञान र भक्तिले भरिएको व्यक्तिलाई चिन्दछु, जसलाई परमेश्वरका मानिसहरूको शान्तिलाई मन नपराउने र ज्योतिको दूतको रूपमा आफूलाई परिवर्तन गराउनेद्वारा सताउने यन्त्रमा राखिएको छ। ब्राइनेर्डले आफ्नो स्वास्थ्य यस्तो भएको अवस्थामा आफ्नो जीवनको हरेक घडीको इतिहास लेखेर त्यसद्वारा धेरै फाइदा भएको महसुस गर्दै हुनुहुन्छ। तर खासै उहाँ शैतानको शक्ति र तन्त्रको प्रभावमा पर्नुभएको छ। आफू बिरामी भएको अवस्थामा यसरी जीवनको अनुसन्धान गरी आफ्नो कमजोर आत्मालाई अझै कमजोर बनाउनुभयो। त्यही बेला एउटा साथी भइदिएर गलत बाटोमा उहाँलाई

दोहोऱ्याइरहेको उहाँको मनको धारणालाई सच्याएको भए कति असल हुन्थ्यो! आफूले पाएको अनुग्रहलाई संरक्षण गर्न र आफ्नो प्राणको उद्धार हुनुपर्छ भन्ने विचारले उहाँले आफ्नो शरीरलाई हत्या गर्नुभयो।"

दिनभरि पीडाकर खोकी र ज्वरोले दुःख भोगेर रातभरि दुखाइले निदाउन नदिए पनि अझै आफ्ना मानिसहरूलाई सेवा दिनु आफ्नो कर्तव्य हो भनी ठानिरहनुभएको थियो। उहाँ आफ्नो कुर्सीमा बसेर आफ्नो वरिपरि भेला भएका मानिसहरूसँग बातचित गर्ने गर्नुहुन्थ्यो। हरेक दिन उहाँ आफ्नो घोडालाई अरूको सहायताले तयार गरेर २ माइल टाढा भएको नयाँ बस्तीमा गरिएका कामहरूलाई निरीक्षण गर्न भारतीहरूको बीचमा जानुहुन्थ्यो, जो हरेक कुरामा उहाँकै निर्देशनको लागि पर्खिरहन्थे र उहाँ  आफूहरूको बीचमा बस्न घर बनाउने काममा त्यति बेला व्यस्त थिए। प्रायः उहाँ हिँड्न सक्नुहुन्न थियो, र दिनभरि बसिरहनु पनि उहाँलाई असम्भव नै थियो, तरै पनि उहाँ आत्मामा शान्त हुनुहुन्थ्यो। उहाँको दुःखले उहाँलाई नसताएको झैँ देखिन्थ्यो। उहाँ भन्नुहुन्छ, " म निको हुन्छु कि हुँदिनँ भन्ने कुरा मलाई थाहा नभए तापनि जीवन अथवा मृत्यु मेरो छनोटमा भर पर्ने होइन भन्ने सत्यले मलाई सान्त्वना दिँदछ। सर्वज्ञानी परमेश्वरले यो कुरामा निर्णय गरिसक्नुभएको छ भन्ने कुरालाई सोच्दा मलाई खुसी लाग्दछ। म बाँच्छु कि मर्छु भन्ने कुराको निर्णय गर्ने दुःख पनि मलाई छैन। प्रार्थना गर्न ममा थोरै बल छ, पढ्न लेख्न झन् छैन। अध्ययन गर्न झन् शक्ति नै छैन, तर स्वर्गीय भलाइद्वारा म मृत्युलाई आमुन्नेसामुन्ने देख्न सकिरहेको छु, त्यो पनि धेरै शान्तिसहित र धेरैपल्ट आनन्द सहित।"

उहाँको लागि आफ्नो व्यक्तिगत घरमा बस्न पाउनु ठूलो सौभाग्य थियो, र उहाँ यो अवस्थामा भारतीहरूले क्यानबेरीमा आफ्नो लागि बनाएको घरमा सर्नुभयो। यो उहाँको चौथो वासस्थान थियो, पहिले कनाउमीकमा, दोस्रो क्रसविक्सडङमा, तेस्रो डेलवेरमा जुन ठाउँका घरहरूलाई उहाँले आफ्नै हातले बनाउनुभएको थियो। अहिलेको घर पनि पहिलेको जस्तै साधारण थियो। चाहिने फर्निचरहरू पनि त्यहाँ थिएन। तर

जे जति थियो, त्यो सबै उहाँकै थियो, र ती सबै कुराहरूलाई उहाँको लागि मात्र हो भनी भारतीहरूले छुट्याएका थिए। तिनीहरूले उहाँप्रतिको आफ्नो कर्तव्यलाई बुझ्न थालेका थिए, र आफूसँग भएको थोरै स्रोतबाट धन्यवादी भएर उहाँलाई केही कुरा दिएर त्यसलाई प्रकट गरे।

विश्राम दिनमा उहाँले प्रचार गर्ने प्रयास गर्नुभयो, र धेरै प्रयासले आफ्नो सबै शक्तिलाई खर्च गरेर आधा घण्टा जति बोल्नुभयो। त्यसपछि उहाँ बेहोस हुनुभयो, र कोठामा लगेर ओछ्यानमा सुताइयो, र उहाँको शरीर ज्वरोले पूरै तप्त रहेको अवस्थामा घण्टौँसम्म रहनुभयो। सबैभन्दा पीडाजनक अवस्था त्यही नै थियो भनी उहाँले भन्नुभयो। तर उहाँले आत्मामा पूर्ण रूपमा शान्तिको अनुभव गर्नुहुन्थ्यो, किनभने उहाँले परमेश्वरको लागि बोल्न आफूले सक्दो प्रयास गर्नुभएको थियो। आफूले योभन्दा बढी केही गर्न सक्दैन भनी उहाँलाई थाहा थियो। उहाँ घोडामा सवार गर्न नसक्ने अवस्थामा पुग्दा ओछ्यानमा पुगेको अवस्थामा नै आफूलाई सबैभन्दा मनपर्ने विषयमा आफ्ना मानिसहरूसँग बोल्नुहुन्थ्यो।

प्रभुको टेबलमा सहभागी हुनुपर्दा कुनै विश्वासयोग्य भारतीहरूले सङ्गति हुने ठाउँमा बोकेर पुऱ्याउँथे र उहाँले भारतीहरूलाई प्रभु–भोजको सेवा दिनुहुन्थ्यो। ४० जना भारतीहरू र वरिपरिको बस्तीबाट धेरै गोरा जातिका मानिसहरू पनि त्यसमा सहभागी हुन्थे, जसले उहाँको प्रचार सुन्न पाउनु सौभाग्य हो भनी ठानी टाढाबाट पनि उहाँको प्रचार सुन्न आउँथे। उहाँले लेख्नुभयो, "यी समयहरू स्वर्गीय शक्ति र अनुग्रहको ऋतु जस्तै देखिन्थे, र धेरै मानिसहरू परमेश्वरमा रमाहट गर्थे। मेरो आत्मा र गोरा जातिका साथीहरूको आत्मा पुनः उत्साहित भयो, सेवा सकिएपछि आफ्नो घर १०० मिटर दूरीमा परे पनि म हिँडेर पुग्न सक्दिनँ थिएँ। साथीहरूको सहायताले घर पुग्थेँ, जहाँ म ओछ्यानमा पीडासहित रहिरहनु पर्थ्यो, र त्यसपछि उठेर बस्न सक्ने भएँ, र साथीहरूसँग बातचित गरेँ। आजको दिन प्रार्थना र प्रशंसामा प्रायः मानिसहरूको बीचमा असल तरिकाले बित्यो। बिहान साझा सेवा हुनुभन्दा अघि र बेलुकी मध्यरातसम्म प्रार्थना गर्दै परमेश्वरलाई प्रशंसाको गीत गाउँदै तिनीहरूले एक अर्काको

घरमा समय बिताइरहेको हामी सुन्न सक्छौँ। मेरो शरीर कमजोर भए तापनि मेरो आत्मा पुनः उत्साहित भयो।"

उहाँ चाँडै नै आफ्ना मानिसहरूसँग बोल्न नसक्ने हुनुभयो। तिनीहरूलाई एउटा पास्टरबिना छोडी गएको अवस्थामा तिनीहरू कति समस्यामा पर्छन् भनी बुझ्नुभएको कारण उहाँ तिनीहरूलाई छोडेर जान नसक्ने अवस्थामा हुनुहुन्थ्यो। तर आफूलाई आरामको आवश्यकता भएको कुरालाई उहाँले महसुस गर्नुभएको थियो, जुन कुरालाई उहाँले आफ्नो बारेमा लेख्दा दृष्टान्तको रूपमा यसरी लेख्नुभएको थियो: "उसले कुनै समयलाई उद्देश्य बाहिरका कुराहरूमा बिताउन बाध्य भयो।" उहाँका साथीहरूले उहाँलाई भेट्न आए, उहाँ आश्चर्यचकित हुने गरी कुनै कुनै मानिसहरू ३०/४० माइलहरू यात्रा गरेर आएका थिए। उहाँ एलिसेवेद टाउन हुँदै न्यू इङ्ल्याण्ड जाने सोच लिएर एलिसेवेद टाउन आइपुग्नुभयो, तर उहाँ निरुत्साहित हुने गरी आएको १/२ घण्टामा उहाँको स्वास्थ्य नाजुक भयो, र ओछ्यानमा पर्न बाध्य हुनुभयो। उहाँको भाइलाई उहाँले लेख्नुभएको पत्रले उहाँले भोग्नुभएको दुःखलाई दर्साउँछ। उहाँले यसरी लेख्नुभएको थियो, "तिमीलाई भेट्न ममा भएको तीव्र इच्छाले र आफ्नो ३ महिना अघिदेखिको बिग्रिरहेको स्वास्थ्य सुधार हुनुपर्छ भनेर पनि न्यू इङ्ल्याण्ड आउने सोच बनाएको थिएँ। त्यसको लागि मेरा मानिसहरूलाई छोडेर म ३ हप्ता अघि यो ठाउँमा आइपुगेँ, जहाँ मेरो स्वास्थ्य झन् बिग्रियो, र त्यही समयदेखि हिजोको दिनसम्म म घरमा नै रहन बाध्य भएँ। हिजो मैले आधा माइल यात्रा गरेँ र मैले अझै थाकेको महसुस गरेँ। अब मैले यो यात्रालाई अगाडि बढाउन मेरो स्वास्थ्य स्थितिले दिँदैन भन्ने कुरा बुझिसकेपछि, यो हिउँदमा न्यू इङ्ल्याण्ड आउने आशालाई गुमाइसकेको छु। पहिलेको भन्दा परमेश्वरको अनुग्रहले अहिले अलि स्वास्थ्यमा सुधार भए पनि दिनमा १० माइलभन्दा बढी यात्रा गर्न ममा शक्ति छैन। मौसम न्यानो र सुहाउँदो भए तापनि मलाई यात्रा गर्न कठिन छ। मेरो अस्वस्थपन विभिन्न चिन्हहरूद्वारा प्रकट हुँदै छ, र मेरो समय नजिक हुँदै छ भन्ने कुरा म जान्दछु, तर परमेश्वरलाई धन्यवाद होस्, म डर अथवा त्रासमा छैनँ, त्यसको ठिक विपरीत त्यसको आगमनलाई

आनन्दपूर्वक हेरिरहेछु। पापमय शरीर र आत्मिक मृत्युबाट छुटकारा पाउनु कति आशिष्को कुरा होला! पूर्ण पवित्र र परिपक्वतामा प्रवेश पाउनु व्याख्या गर्न नसकिने आनन्दको कुरा हो !" आफ्ना साथीहरूलाई भेट्न नपाउँदा र संसारमा अब कहिल्यै नभेट्ने अवस्था देख्दा उहाँले आफ्नो स्वास्थ्य असल भइदिएको भए हुन्थ्यो भन्ने इच्छा व्यक्त नगरीकन विलाप गर्नुबाट धेरै टाढा रहेर खाली समर्पित मात्र नभएर धन्यवादसाथ सधैँ नै प्रशंसाको सास फेरिरहनुभयो।

उहाँले आफ्नो अवस्था निराशापूर्ण छ भनी ठान्नुभएन, तर उहाँको आफ्ना विवरणहरूले नै त्यो कति कठिन अवस्थामा थियो भनेर देखाउँदछन्। उहाँलाई पीडाजनक खोकी र ज्वरोले सताइरहेको थियो, साथै सास फेर्न कठिन भइरहेको थियो, र उहाँको खाना पचाउने क्षमता पूर्ण रूपमा हराएको जस्तै देखिन्थ्यो। उहाँका साथीहरूले अब उहाँ धेरै दिन बाँच्नुहुन्न भनी ठान्थे भन्ने कुरा उहाँलाई थाहा थियो, तर उहाँले मृत्युको बारेमा थोरै सोच्नु हुन्थ्यो, र उहाँको मन अरू कुराहरूले भरिएको थियो। उहाँले बारम्बार भन्नुहुन्थ्यो, "हाय! मेरो जीवनको अवस्था विगतका महिनाहरूको अवस्था जस्तै भइदिएको भए हुन्थ्यो। आफू प्रयोग भइरहेको अवस्थामै संसार छोड्नु उहाँको इच्छा थियो, तर अहिले उहाँ विश्राम लिनको लागि आफ्नो समयलाई अन्य क्रियाकलापमा बिताउन पर्दा दुःखित हुनुहुन्थ्यो। यसरी अन्य कुराहरूमा समय बिताउनु अरूको अगाडि आवश्यक देखे तापनि उहाँ धेरैपल्ट यो अवस्थालाई सम्झेर निराश बन्नुहुन्थ्यो।

सन् १७४७ मार्च महिनाको अन्तिममा यात्रा गर्न सक्ने गरी उहाँको स्वास्थ्यमा केही सुधार आएको थियो। त्यसको पहिलो प्रयोग उहाँले आफ्नो अनुपस्थितिमा दुःखित भएका मानिसहरूको बीचमा जानुमा गर्नुभयो, जसले आफ्नो अवस्थाको बारेमा असल खबर पठाएर उहाँलाई खुसी पार्थे। उहाँले धेरै उत्सुकतासहित पर्खिरहेको त्यो भेटघाट छोटो थियो, र अन्तिम पनि थियो। उहाँले हरेकलाई आ-आफ्नो घरमा भेट्नुभयो। हरेकलाई चाहेका सुझावहरू दिनुभयो। उहाँको प्रेमसहितको

आवाजलाई सुन्दा सबैको मन पग्लिएर आँसुमा परिणत भयो। तिनीहरूले उहाँलाई अब देख्न पाउँदैनन् भन्ने कुरा सम्झेर धेरै दुःखित भए, तर उहाँले त्यस कुराको बारेमा केही भन्नुभएको थिएन। यो साँच्चै नै मनलाई छुने बिछोड थियो। तिनीहरूको जीवनलाई ज्योति र खुसीमा ल्याइदिएको कारण र अनन्त जीवनको बाटोमा डोऱ्याइ दिएको कारण आफू उहाँको लागि ऋणी भएको महसुस गर्थे। उहाँले आफूहरूलाई छोडेर गइसकेपछि आफू फेरि गुणमा बिग्रेर आफ्नो शत्रुको हातमा परेर अन्तमा बतासले उडाउने भुस जस्तै बन्न पुग्छौँ कि भनी तिनीहरू डराउँथे।

यो अवस्थामा आफूले छोड्ने खाली ठाउँलाई भरिदिन आफ्नो मेहनतमा प्रवेश गर्न आफ्नो भाइ तयार भएको कुराले उहाँलाई सन्तुष्टि दियो। उहाँले स्वीकार गर्न सक्ने अरू उत्तराधिकारी कोही हुन सक्दैन थियो। भारतीहरूले पनि अरूलाई स्वीकार गर्न सक्दैन थिए होलान्। उहाँको भाइलाई तिनीहरूले अन्य मानिसको रूपमा होइन तर आफ्नो नजिकको मानिसको रूपमा स्वीकार गरे। उहाँको भाइले केही वर्षहरू त्यस ठाउँमा बिताउनुभयो, र मिसन कामको लक्ष्य उहाँको वास्तामा अघि बढ्यो।

ब्राइनेर्डको कर्तव्य पूरा भयो भनी सबैलाई थाहा हुँदा पनि उहाँ आफैले चाहिँ केही गर्न नसकेको कुरामा आफूलाई दोषी ठहराउनुहुन्थ्यो। उहाँका परिस्थितिहरू बिग्रँदै गएको कुरामा उहाँ धेरै नै निरुत्साहित हुनुहुन्थ्यो। उहाँलाई उपवास र प्रार्थनामा समय बिताउने तीव्र इच्छा थियो, तर उहाँ भन्नुहुन्छ, "हाय! ममा यी कुराको लागि कुनै शक्ति छैन।" मार्च २८ तारिख पीडाकर दुखाइले उहाँलाई समात्यो, त्यो अति कष्टदायक थियो, र धेरै घण्टाहरू लगातार रूपमा भइरहेको थियो। "एउटा आश्चर्य काम बिना म २४ घण्टासम्म त्यो पीडा सँग-सँगै बाँच्नु मलाई असम्भव जस्तै लाग्थ्यो। म दिन भरी ओछ्यानमा रहिरहनु पर्ने बन्धनमा थिएँ। दुखाइले मलाई सताइरहेको थियो। तर परमेश्वरले अनुग्रही भएर त्यो कम हुने बाटाहरू खोलिदिनुभयो। म यो पीडाले गर्दा अति नै कमजोर भएको थिएँ। धेरै दिनहरू कमजोर अवस्थामा, खोकी, ज्वरो र रातमा आउने

पसिनाको साथ बिताएँ। यो वेदनामा मृत्यु स्वीकार योग्य थियो, र म त्यसलाई मेरा सबै दुःखको अन्त र थाकेकोले विश्राम पाउने ठाउँमा गर्ने प्रवेशको रूपमा हेर्थें।"

उहाँ पहिले जस्तै खुला आकाशमुनि वनमा प्रार्थना र अध्ययनको लागि जान नसक्ने हुनुहुन्थ्यो, तर भए पनि पहिले जसरी नै प्रकृतिमा हुने बद्लाइहरूले उहाँलाई असर पारिरहेको जस्तै देखिन्थ्यो। उहाँले लेख्नुभएको थियो, "एक दिन बिहान गुप्त अध्ययन र प्रार्थनामा रहँदा महिमित परमेश्वरको स्वरूप जस्तै पवित्रताको सुन्दरता र महानता मलाई प्रकट भयो, र यो पवित्रता पूर्ण परिपक्वतामा वास गर्ने त्यो संसारमा रहने तीव्र इच्छा ममा जाग्यो।" उहाँ रमाउनु हुन्थ्यो, उहाँको प्रचारको सुरु र अन्तमा एउटा कुरालाई सधैँ भन्नुहुन्थ्यो, "पवित्रता विना कुनै मानिसले परमेश्वरलाई देख्न सक्दैन।" किनभने उहाँले थाहा पाउनुभएको थियो, कि यस्तो ईश्वरीय स्वभाव (जुनद्वारा आत्मा परमेश्वरसँग मिलेको हुन्छ) र सबै कुरामा उहाँलाई प्रसन्न पार्ने इच्छा, यी नै कुराहरूले मानिसको अन्तिम अवस्थामा उसलाई साथ दिन सक्छन्। सत्यता यही नै थियो, कि उहाँको सबै सेवामा पुनर्जीवन, पवित्रतामा हुर्किनु, सारा हृदयले परमेश्वरलाई प्रेम गर्नु, उहाँको महिमाको लागि मात्र जिउनु यही कुराहरूको बारेमा सिकाउनुहुन्थ्यो, अहिले मृत्युको मुखैमा भएको अवस्थामा पनि उहाँले कुनै कुरालाई पनि बदल्ने आवश्यक देख्नुभएन।

अप्रिल महिनामा उहाँ न्यू इङ्ल्याण्डतिर आफ्नो यात्रा सुरु गरेर बिस्तारै अगाडि बढ्नुभयो, तर मे २८ तारिखसम्म उहाँको मुख्य गन्तव्य भएको नार्थह्यमेल्टनसम्म पनि पुग्न सक्नुभएन। त्यहाँ उहाँले त्यति बेला त्यो सहरमा सेवा गरिरहेको एडवर्डलाई भेट्नुभयो, र उहाँको सत्कारमा रहने मौका पाउनुभयो। एडवर्डलाई उहाँले धेरै वर्ष अगाडि भेट्नुभएको थियो, र उहाँ न्यूहेभन कलेजमा पढिरहेको बेला भएको समस्याको लागि सल्लाह उहाँबाटै लिनुभएको थियो। त्यति बेलाको भेटघाटमा ब्राइनेर्डको व्यवहारले एडवर्डलाई प्रभाव पारेको थियो, र एडवर्डले ब्राइनेर्डप्रति एउटा असल उच्च विचार लिनुभएको थियो। अहिलेको नजिक सम्बन्धले

त्यो कुरालाई अझै पक्का गऱ्यो। उहाँले ब्राइनेर्डको पारिवारिक, सामाजिक र धार्मिक गुणहरूको बारेमा एउटा महत्त्वपूर्ण गवाही दिनुभएको थियो। ब्राइनेर्ड उल्लेखनीय रूपमा ज्ञान बाँड्न सक्ने र सधैँ असल हुँदै जाने स्वभाव भएको साथै समाजमा मिल्ने, र आफ्नो बोलीचालीद्वारा मानिसहरूलाई खुसी पार्ने, साथै एकदमै नम्र र सोझो स्वभाव भएको व्यक्ति हुनुहुन्थ्यो भनी एडवर्डले थाहा पाउनुभयो।

एडवर्डले ब्राइनेर्डप्रति असल विचार लिनुभएको थियो। ब्राइनेर्ड लामो समय असभ्य मानिसहरूसँग जीवन बिताउनु भए तापनि त्यसले उहाँको गुणमा असर ल्याएको थिएन। उहाँ सजिलो रूपमा परिवारसँग मिलेर बस्न सक्नुभएको थियो, र उहाँले भेट्ने हरेक समूहमा चाँडै परिचित भइहाल्नुहुन्थ्यो। उहाँ कुनै समय परिवारको सङ्गतिहरूलाई अगुवाइ गर्नुहुन्थ्यो, र उहाँले प्रार्थना गर्दा, सुन्ने हरेक गहिरो रूपमा प्रभावित हुन्थे। उहाँको प्रार्थनाका शब्दहरू पढेका व्यक्तिहरूको जस्तै गहिरो रूपमा अर्थ लाग्ने शब्दहरूले भरिएको थिएन, र बनावटी कुराहरू त्यसमा केही पनि देखिएन। उहाँ परमेश्वरको सिंहासनअघि धुलोमा बस्ने किराजस्तै भएर महान् परमेश्वरलाई पुकार्नुहुन्थ्यो। उहाँको प्रार्थनामा, उहाँमा भएको चाहनालाई प्रकट गर्ने एउटा कुरालाई सधैँ दोहोऱ्याउनुहुन्थ्यो, उहाँले यसरी प्रार्थना गर्नुहुन्थ्यो, "म तपाईंको हातमा प्रयोग हुन सक्ने समयभन्दा बढी जिउन नपरोस्।" छोटकरीमा एडवर्डले हामीलाई यो कुरा भन्नुहुन्छ, ब्राइनेर्डले गरेको सेवा र प्रार्थनामा, खानाको लागि गरेको प्रार्थनामा समेत हरेकपल्ट एडवर्डको ध्यानलाई पूर्ण रूपमा आकर्षण गर्ने केही कुराहरू हुन्थे। उहाँ र उहाँको परिवारले त्यस्तो पवित्र असल व्यक्तिलाई आफ्नो बीचमा पाउनु ठूलो सौभाग्य ठान्थे, र ब्राइनेर्ड आफू पनि एडवर्डको परिवारले उहाँको दुःख र पीडालाई कम गर्न दिएको वास्ताको लागि ऋणी हुनुहुन्थ्यो।

उहाँ नार्थह्यमेल्टनमा आफ्नो रोगसम्बन्धी सल्लाह लिनको लागि चिकित्सक म्याथरलाई भेट्न आउनुभएको थियो। म्याथरले उहाँको शरीर रोगले गर्दा पूर्ण रूपमा बिग्रिरहेका कुराहरूलाई विभिन्न लक्षणद्वारा पक्का

गर्नुभयो, र निको हुन सक्ने सम्भावना छ भनी अलिकति पनि सान्त्वना दिन नसक्ने कुरा ब्राइनेर्डलाई बताउनुभयो। तर उहाँको जीवनका दिनहरूलाई सकेसम्म बढाउनको लागि सकेसम्म सवारी नगर्ने सल्लाह दिनुभयो; यो कुराले ब्राइनेर्डलाई अलिकति पनि असर पारेन, र उहाँले एकदमै शान्तसँग यो कुरा सुन्नुभयो, र लामो समय इच्छा राखेर पर्खिरहेको कुरा जस्तै त्यसको बारेमा खुसी भएर बोल्नुभयो। आफ्नो दैनिकीमा उहाँ साङ्केतिक रूपमा पनि यी कुराहरूको बारेमा लेख्नुभएन। उहाँ धेरै वर्ष अघिदेखि दिनैपिच्छे मर्दै आउनुभयो, र आफू चिहानको धेरै नजिकमा त्यसको हातमा पर्ने अवस्थामा आउँदा, उहाँ चकित हुनुभएन।

उहाँले सल्लाह पाइसकेपछि कुन दिशामा जाने भनी सोच्न थाल्नुभयो, तर एडवर्डको परिवारले आफ्नो कामलाई अधुरो छोडेनन्। उहाँ भास्टन जानुपर्छ भन्ने कुराको निर्णय भयो, र एडवर्डको १८ वर्षकी छोरी उहाँसँग जाने र उहाँलाई चाहेको सबै वास्ता र सान्त्वना दिने निर्णय गरी, जुन कुरा उहाँका दिदी बहिनीहरूले दिन नसक्ने अवस्थामा हुनुहुन्थ्यो। एडवर्डकी छोरी ब्राइनेर्डको भक्ति  र धार्मिक जीवनद्वारा धेरै नै प्रभावित भएकी थिइन्। उनी असल मन र स्वभाव भएकी नारी थिइन्। ब्राइनेर्डले उनकी आमाबुवालाई धेरैपल्ट उनको भक्तिको जीवन बारेमा प्रशंसा गर्नुहुन्थ्यो। उहाँले देखेका जवान मानिसहरूको बीचमा यसरी आफूलाई इन्कार गर्ने र अरूको भलाइ गर्न खोज्ने कोही थिएन भनी भन्नुहुन्थ्यो। उहाँले उनलाई स्वर्गमा भेट्नुपर्छ भनी भन्नुहुन्थ्यो; त्यो भेटघाट चाँडै हुने गरी ब्राइनेर्डको मृत्यु भएको ३ महिनापछि, उनले पनि उहाँलाई पछ्याइन्। आफूले अरूलाई भलाइ गर्न सक्ने कामको लागि बाहेक लामो बाँच्ने इच्छा धेरै समय अघिदेखि आफूमा नभएको उनले बताइन्, यस्तै व्यक्ति नै ब्राइनेर्डको मर्ने समयमा असल साथी बन्न सक्छ।

उहाँ ४ दिनको यात्रापछि भास्टनमा आइपुग्नुभयो, र त्यो सहरका सेवकहरूले उहाँलाई धेरै इज्जतसहित स्वागत गरे। त्यतिखेरको समयमा उहाँको प्रसिद्धि आफ्नो ठाउँमा मात्र नभएर अरू सबै ठाउँहरूमा पनि फैलिन थाल्यो। उहाँ त्यहाँ आइपुगेको एक हप्तापछि धेरै नै कमजोर

हुनुभयो, लामो समय बोल्न नसक्ने अवस्थामा बिताउनुभयो, एक शब्द बोल्न पनि उहाँमा शक्ति थिएन। उहाँका साथीहरू धेरैपल्ट अन्तिम सास फेरेको देख्न भेला हुन्थे। सुरुमा उहाँको अवस्था धेरै नै सिकिस्त थियो, उहाँले आफ्नो सोच्ने क्षमतालाई नै गुमाउनुभएको थियो, र एक दुई दिनपछि उहाँको मन राम्रो हुन थाल्यो। उहाँले एकदमै शान्तिको अनुभव गर्नुभयो, जुनचाहिँ उहाँको खुसीका दिनहरूको भन्दा पनि बढी थियो। यी दिनहरूलाई उहाँले आफ्नो जीवनको इतिहासलाई फर्केर हेर्नुमा बिताउनुभयो। उहाँले मानिसको आत्मा परमेश्वरसँग पूर्ण रूपमा मिल्नु धार्मिक जीवनको प्राथमिक कुराको रूपमा ठान्नुहुन्थ्यो, त्यसै भएकोले आफू विगतमा प्रेममा भएर काम गरेको हो कि होइन भन्ने कुराको बारेमा आफूमा खोजी गर्नुभयो। उहाँले आफूभित्र धेरै स्वार्थीपन, घमन्डीपन र खराब कुराहरू भएको देख्नुभयो, तर पनि उहाँ यी कुराको दासत्वमा आफ्नो जीवन बितेन भन्ने कुरामा निश्चित हुनुहुन्थ्यो। उहाँको जीवनमा यस्तो पनि समय थियो; जुनमा परमेश्वरलाई प्रसन्न पार्नु नै आफ्नो जीवनको सारा आनन्द थियो, यो कुराले उहाँको मनलाई शान्ति दियो, र उहाँ संसारलाई छोड्न तयार हुनुभयो।

कुनै बेला उहाँ बोल्न नसक्दा बसेर लेख्नुहुन्थ्यो। उहाँले त्यति बेला लेखेका पत्रहरू प्रभावशाली थिए, विशेष गरी उहाँको कामलाई पछ्याएको भाइलाई लेखेको चिठी थियो। उहाँले यसो लेख्नुभयो, “संसारमा भएको झुटो धर्मको बारेमा तिमीलाई चाहिँदो ज्ञान नभएको कुरामा मलाई डर लाग्छ, धेरै गम्भीर इसाईहरू र महत्त्वपूर्ण सेवकहरू पनि झुटो धर्मको ज्वालामा पर्दछन्। यसले ल्याउने असर र परिणामको बारेमा तिमीलाई ज्ञान नभएको सम्झिँदा पनि मलाई डर लाग्छ, म तिमीलाई यो कुरा भन्छु, त्यो शैतान हो, जसले आफूलाई ज्योतिको दूतको रूपमा प्रकट गराएको छ, यो हरेक जागृति सँगसँगै उम्रिन्छ, र छुरीले हानेर परमेश्वरको कामलाई हत्या गर्दछ, र साँचो धर्मको रूपमा धेरै मानिसलाई प्रभाव पार्दछ। यस्तै प्रकारको सबै कुराहरूलाई भारतीहरूको बीचमा नष्ट पार्न मेरो भाइ तिमी तयार भएर बस, र ज्योति बिनाको रापलाई कहिल्यै पनि उत्साह नदेऊ। मेरा मानिसहरूलाई

तिनीहरूको मरिरहेको सेवकको नाममा र मरेर फेरि पुनर्जीवित भएको उहाँको नाममा सुसमाचारको लागि सुहाउँदो जीवन बिताउन आज्ञा देऊ। तिनीहरूप्रति परमेश्वरले राख्नुभएको आशा कति महान् छ भनी तिनीहरूलाई बताइदेऊ, र तन्त्रमा परेर बाटो बिराउँदा कति गहिरो रूपमा परमेश्वरको कामलाई घाइते बनाउँछन्, र अरू भारतीहरूको लागि बाधा बन्न पुग्छन् भनी बताइदेऊ। तिनीहरूको अनुभव काम लाग्दैन, र तिनीहरू तेस्रो स्वर्गसम्म पुगेर आए पनि तिनीहरूको जीवन पवित्र, आत्मीय र होसियारी भएन भने, बाँकी सबै व्यर्थ हुन्छ, यो कुरालाई सधैँ जोड देऊ। तिमीले यो गऱ्यौ भने, तिमी आफूलाई साथै तिम्रो कुरा सुन्नेहरूलाई पनि बचाउनेछौ।"

उहाँ आफै पनि एकपल्ट यस्तै प्रकारको झुटो सिद्धान्तको सिकार बन्नुभएको थियो, यसैले मरिरहेको अवस्थामा त्यसको विरुद्धमा साक्षी दिँदै हुनुहुन्थ्यो। उहाँले जब जब बोल्न सक्नुहुन्थ्यो, त्यति बेला सुन्नेहरूको खाँचो हुँदैनथ्यो। भास्टनमा, सहरको प्रमुख मानिसहरू उहाँको बारेमा धेरै अघिदेखि धेरै कुराहरू सुनेकोले उहाँलाई भेट्ने र बातचित गर्ने इच्छा बोकेर त्यहाँ आउँथे। यो अवसरहरूलाई प्रयोग गरेर ब्राइनेर्डले ती मानिसहरूलाई आफूले गर्दै आएको मिसन काममा सहभागी हुन आग्रह गर्नुहुन्थ्यो। उहाँले आग्रह गरेको कुरा पुरा हुन आयो, मानिसहरूले खुसीसाथ त्यसलाई स्वीकार गर्थे। न्यू इङ्ल्याण्डमा भएको " द कमिस्नर्स अफ द सोसाइटी इन लण्डन फर प्रोपोगेटिङ द गोस्पल इन न्यू इङ्ल्याण्ड संस्थालाई(The commissioners of the society in London for propogating the Gospel in New England) २ जना मिसनरीहरूलाई आर्थिक सहायता गर्न चाहेको रकम संस्थाले भेटीको रूपमा पाएको सम्पत्तिबाट तयार भयो, र ब्राइनेर्डले काम गरेको क्षेत्रमा मिसनरी पठाउनको लागि संस्था तयार भयो, तर कामको लागि चाहेको सल्लाह र निर्देशनको लागि पूर्ण रूपमा ब्राइनेर्डमा नै भर परेर पर्खिरहेका थिए।

उहाँ अर्कोपल्ट यात्रा गर्न सक्ने गरी स्वस्थ हुनुभएको थियो। यो कुरा

उहाँका साथीहरू र उहाँ आफैलाई पनि अचम्मको कुरा थियो। धेरैपल्ट उहाँलाई सहायता गरिरहेको एडवर्डकी छोरीले उहाँ अत्यन्त पीडाले आफ्नो होस गुमाएको कुरालाई लेख्थिन्। एडवर्डको परिवारले उहाँ मृत्युको पीडामा पुग्नुभयो भनी ठानी उहाँसँगै बस्थे। उहाँ मुस्किलले सास फेर्नुहुन्थ्यो, र यस्तै कमजोर अवस्थामा पनि जीवित रहन सक्छु भनी आफूले सोचेकै थिएन भनी भन्नुहुन्थ्यो। यतिखेरको अवस्थामा येल उच्च विद्यालयमा पढिरहेको उहाँको भाइ, उहाँलाई जीवित भेट्न सक्ने आशारहित भेट्न आउनुभयो, र उहाँले ब्राइनेर्डको एक जना प्रिय दिदी रोगले बितेको खबरलाई ल्याउनुभएको थियो, जुन कुरा उहाँलाई थाहा थिएन। उहाँले यो खबरलाई दुःखसहित सुन्नको सट्टामा, चाँडै नै आफू उनीसँग हुन गइरहेको बारेमा सोच्नुभयो। सबै चकित पर्ने गरी फेरि स्वस्थ हुन थाल्नुभयो, र उहाँले नार्थह्यमेल्टन जानको लागि तयारी गर्नुभयो। उहाँको जीवनलाई राम्रोसँग नबुझेकाहरू, उहाँ जीवित रहेर मानिसहरूको लागि उपयुक्त भाँडो बन्नुहुन्छ भनी सोच्न थाले, तर उहाँलाई सबै कुरा थाहा थियो, यो स्वस्थपन क्षणिकको लागि मात्र हो, र आफू मुटुमा गोली लागेको व्यक्ति जस्तो साँच्ची नै मरेको मान्छे हो भनी उहाँले भन्नुभयो।

उहाँले भास्टनलाई छोडेर जाने इच्छा गर्नुको मुख्य कारणचाहिँ आफूलाई त्यहाँका बासिन्दाहरूले धेरै विशेष व्यक्तिको रूपमा ठानी धेरै इज्जतसहित मृत्यु संस्कार गर्न तयार भइरहेको कुरा थाहा पाएकोले थियो। उहाँ सहर छोडेर जाने कुरा थाहा पाउँदा धेरै मानिसहरू इज्जत दिन बाटोमा पर्खिबस्न थाले, तर उहाँ यस्तो इज्जत पाउन साह्रै अप्ठ्यारो मान्नुहुन्थ्यो। उहाँले साथीहरूबाट प्रेमसहित अन्तिम बिदाइ लिएर नार्थह्यमेल्टनतिर यात्रा गर्नुभयो, जहाँ उहाँ ५ दिनको यात्रापछि पुग्नुभयो। उहाँ त्यसपछिको दिनमा २/३ माइलसम्म यात्रा गर्न सक्ने हुनुभएको थियो, र परिवारमा प्रार्थना गर्न सक्ने पनि हुनुभएको थियो। काममा प्रयोग नहुँदा खुसी हुन नसक्ने व्यक्ति जस्तै उहाँ देखिनुहुन्थ्यो। उहाँले प्रायः समयहरूलाई लेख्नु, शिक्षा दिनु र बातचितहरूमा बिताउनुभयो। यसरी नै उहाँले अगस्ट महिनासम्म समय बिताउनुभयो, जुन बेलापछि उहाँ मण्डली जान, घरबाट बाहिर यात्रा गर्न र घरेलु प्रार्थनामा सहभागी हुन

नसक्ने अवस्थामा पुग्नुभयो।

यसरी बिग्रिँदो अवस्थामा उहाँ सेप्टेम्बर महिनासम्म रहनुभयो, त्यति बेला भारतीहरूको पास्टर बन्नुभएको उहाँको भाइ उहाँलाई अन्तिम बिदा दिन भेट्न आउनुभयो, र उहाँसँगको भेटघाटले ब्राइनेर्डको मनमा फेरि दयनीय भारतीहरूको लागि अन्तिमपल्ट आफूले केही गर्ने प्रयास गर्नुपर्छ भन्ने सोच ल्यायो। उहाँले भास्टनमा भारतीहरूको लागि कुरा गरेको प्रमुख मानिसहरूलाई क्रसविक्सङमा भएको विद्यालयको बारेमा बताएर त्यहाँको शिक्षकको आवश्यकतालाई उहाँहरूलाई बताउनुभयो। उहाँहरूले खुसीसाथ तुरुन्तै २०० पाउण्ड(आजको ने.रु.मा. ४२ लाख ७५ हजार हुन्छ) दिनुभयो, साथै ब्राइनेर्डको सल्लाहअनुसार ब्राइनेर्डले काम गरेको क्षेत्रको अहिलेको कामको लागि ७५ पाउण्ड पनि दिनुभयो। उहाँले मिसन कामको लागि संस्थाको अनुरोधलाई स्वीकार गरी २ जना मिसनरीहरूलाई छानिदिनुभयो। यी सबै पत्रहरू आफ्नो हातले लेखेर सिद्ध्याउन सक्नुभएन, तर ती पत्रहरू तयार हुँदा उहाँको काम सिद्धिएको अनुभव गर्नुभयो।

यति बेलासम्म उहाँ बोल्दै हुनुहुन्थ्यो, परिवारको हरेक सदस्यसँग कुरा गरेर हुन गइरहेको घटनाको लागि तयार हुन अनुरोध गर्नुभयो। उहाँ नानीहरूसँग धेरै नजिक हुनुभयो, र उनीहरूलाई प्रभावमा पारेर हुन गइरहेको कुराको लागि तयार पार्नुभयो। उहाँले यसरी भन्नुभयो, “म मर्नेछु, र मलाई यहाँ गाडिन्छ; तिमीहरूले मेरो चिहानलाई देख्नेछौ, र मैले भनेको कुरालाई सम्झिनेछौ। म अनन्त वासस्थानमा जाँदै छु; त्यसको बारेमा सोच्नु मेरो लागि मिठो कुरा हो; त्यसको अनन्तताले त्यसलाई मिठो बनाउँदछ। तर हाय! म दुष्टहरूको अनन्तताको बारेमा के भनूँ ? म त्यसको बारेमा बोल्न सक्दिनँ, न त सोच्न सक्छु, त्यो सोच डरलाग्दो हुन्छ। मेरो चिहानलाई हेर्दा म जीवित रहँदा के भनेको थिएँ भन्ने कुरालाई सम्झिनु र यो चिहानमा सुतिरहेको मानिसले मलाई मृत्युको लागि तयार हुन के सल्लाह र चेतावनी दिएको थियो भन्ने कुरालाई सोच्नु।” उहाँले वरिपरि भएको सबैलाई भन्नुभयो, “यही नै हो मैले प्रचार गरेर तपाईंहरूले

सुन्ने अन्तिम प्रवचन।"

त्यसको थोरै समयपछि उहाँ अन्तिम समयमा हुनुहुन्छ भनी अरू सबैले सोचे, र उहाँलाई पनि त्यस्तै लागिरहेको थियो। उहाँको जीवनको अन्त नजिक भएको देखेर उहाँ खुसी भएको देखिन्थ्यो। उहाँले स्पष्ट बोल्न सक्नुभएन, तर उहाँको ओठ चलिरहेको थियो, र उहाँको नजिकै बसेको मान्छेले यो बोलेको कुरा सुन्न सक्यो, "आउनुहोस् प्रभु येशू! चाँडै आउनुहोस्। किन उहाँको रथ आउनको लागि ढिलो हुँदै छ?" तर कुनै समयपछि फेरि उहाँमा सुधार देखियो, र संसार छोड्न साह्रै इच्छुक भएको कुराको लागि उहाँ आफैले आफैलाई  दोष्याउनुभयो।

विश्राम दिनको बिहान एडवर्डकी छोरी कोठाभित्र आउनुभयो। ब्राइनेर्डले उहाँलाई हेरेर हाँस्नुभयो, र भन्नुभयो, "मबाट छुटिन तिमी तयार छौ ? तिमीलाई म अर्को संसारमा भेट्नेछु, र खुसीसाथ तिमीसँग समय बिताउनेछु भन्ने सोच ममा थिएन भने तिमीबाट छुटिन मलाई गाह्रो हुन्थ्यो, तर अहिले म तिमीबाट छुटिन सक्छु। म मेरा साथीहरू सबैलाई छोड्न तयार भइसकेँ; मेरो भाइलाई, अरू सबैलाई भन्दा बढी प्रेम गरे तापनि उसलाई पनि छोड्न तयार भइसकेँ; म मेरा सबै साथीहरू र भाइलाई परमेश्वरको हातमा समर्पण गरेको छु, र उहाँहरू सबैलाई परमेश्वरको हातमा छोड्न सक्छु।" ब्राइनेर्डले उहाँको हातमा बाइबल देखेर भन्नुभयो, "यो प्रिय किताब! यसमा भएका सबै रहस्यहरू र परमेश्वरको वास्ताका रहस्यहरू चाँडै नै खुलस्त हुन्छ।"

उहाँ पीडाकर दुखाइमा हुनुहुन्थ्यो, जुन दुखाइलाई योभन्दा बढी सहन नसक्ने अवस्थामा हुनुहुन्थ्यो। आफ्नो यो दुःखमा आफू अधैर्य नहुनको लागि प्रार्थना गर्न अनुरोध गर्नुभयो। उहाँको भाइसँग भारतीहरूसम्बन्धी धेरै कुरा गर्नुभयो, र मृत्युमा पनि तिनीहरूको भलाइ आफ्नो हृदयको मुख्य कुरा भएको कुरालाई बताउनुभयो। उहाँको पीडा बढ्दै गयो, र मरिरहेको मानिसको दुःखलाई कसैले पनि सोचेर बुझ्दैन भनी वरिपरि भएका सबैलाई भन्नुभयो। रातभरि दुःखमा बिताइसकेपछि बिहान पहिलो

सूर्यको किरण निस्कँदा उहाँले शान्तिसँग संसारबाट बिदाइ लिने अनुमति पाउनुभयो। बिहानको समय उहाँलाई सधैँ नै महत्त्वपूर्ण हुन्थ्यो, जुन समय उहाँ परमेश्‍वरसँग बिताउनुहुन्थ्यो, र यो समयमा उहाँ स्वर्गारोहण हुनु उचित थियो।

ब्राइनेर्ड सन् १७४७ अक्टोबर ९ तारिखमा आफ्नो ३० वर्षको उमेरमा बित्नुभयो। उहाँको जीवनको सम्झना चाँडै नै मेटिने कुरा हुँदैन नै थियो, जहाँ-जहाँ उहाँले प्रचार गर्नुभयो, आफ्नो अस्वस्थताको दयनीय अवस्थामा पनि गहिरो प्रभाव पार्नुहुन्थ्यो। उहाँ मुस्किलले उठ्न सक्ने अवस्थामा पनि, उहाँको आत्मामा बल्ने आगोले बोल्ने विषय दिन्थ्यो, र उहाँको शरीर बलियो हुन्थ्यो, र त्यो रापले उहाँको जिब्रोलाई प्रेरित पार्थ्यो, र सुन्नेहरूको हृदय उहाँको इच्छाअनुसार कब्जामा पर्थ्यो।

एउटा कमजोर र दुर्बल मानिसले आफूलाई प्रभाव पारेको कामको कर्तव्यद्वारा प्रेरित हुँदा परमेश्‍वरको लागि के गर्न सक्छ भन्ने कुरा थाहा पाउनको लागि यो एउटा महत्त्वपूर्ण अभिलेख हो। बलियो र शक्तिले भरिएको मानिसलाई पनि गाह्रो हुने यो कामलाई गर्न आशा गर्न नसक्नेहरूमध्ये उहाँ नै मुख्य व्यक्ति हुन सक्थ्यो। उहाँमा यो कामको लागि कुनै पनि शक्ति थिएन, जुन बेला यो काममा उहाँ लाग्नुभयो, त्यति बेलादेखि नै कामको थकाइ र त्यसले शरीरमा ल्याएको अत्यन्त कमजोरीपन र जाडो र गर्मीले पारेको असर यी सबै कुराहरूद्वारा उहाँ दिनैपिच्छे मर्न थाल्नुभएको थियो, र यी सबै कुराले उहाँलाई चिहानमा गाड्न थिचेको थियो। सफलताको बारेमा कुरा गर्नुपर्दा भारतीहरूको उद्धार मानिसले गर्न सक्ने कुनै पनि कामद्वारा हुन सक्दैन, तर परमेश्‍वरको दिव्य आशिष्‌मा नै निर्भर हुँदछ भनी महसुस गर्नुहुन्थ्यो, तर त्यो आशिष्‌लाई पाउने निश्‍चयतामा रहनको सट्टामा उहाँ धेरैपल्ट समय आएको छैन भनी विश्‍वास गर्ने परीक्षामा पर्नुभयो। तर सबै निराशपनहरू र विरोधीहरूलाई सामना गरी उहाँ निरन्तर काममा लागिरहनुभयो, र असल परिणाम देख्नुभयो। जुन कुरालाई आश्‍चर्यचकित नभईकन कसैले हेर्न सक्दैन। विरोधको पहाडहरूलाई हटाउन सक्ने विश्‍वास उहाँमा थियो।

यसरी विश्वासले थामेको अवस्थामा उहाँ विजय जुलुसमा प्रगति गर्नुभयो, र जीवित रहँदा संसारलाई जित्नुभयो, र मर्ने बेलामा चिहानलाई जित्नुभयो। सबैलाई, जसको हृदयको धड्कन यस्तो इच्छाले भरेको छ, ब्राइनेर्डको जीवनले सिकाउने कुरा यही नै हो, "परमेश्वर विश्वासयोग्य हुनुहुन्छ, र उहाँको वचन कहिल्यै टल्नेछैन"।